सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२१ मंसिर २०८०, बिहीबार (7 Dec 2023, Thursday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २२७ ■ पृष्ठ १२+४ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

■ फास्ट ट्रयाकमा २५ अर्बको ठेक्का प्रक्रिया

प्राविधिक मूल्यांकनमा फेल भएको कालिका कन्स्ट्रक्सनलाई पुनः मूल्यांकन गराएर सामेल



मिलन विश्वकर्मा/नयाँ पत्रिका

काठमाडौं-तराई मधेश द्रुतमार्ग (फास्ट ट्रयाक)को दुई खण्डको टेन्डरमा प्राविधिक मूल्यांकनमा फेल (अनुत्तीर्ण) भएको कालिका कन्स्ट्रक्सनलाई पुनः मूल्यांकनबाट पास गराएर ठेक्का प्रक्रियामा ल्याइएको छ। प्याकेज ९- बी र ८- ए टेन्डरमा प्राविधिक रूपमा फेल भएको कालिका-एसएक्सआरबी (चिनियाँ कम्पनी) जेभीलाई पुनः मूल्यांकन गराई उत्तीर्ण गराएर वित्तीय मूल्यांकनको चरणमा तानिएको हो।

राष्ट्रिय गौरवको आयोजनाको निर्माणसम्बन्धी काम नेपाली सेनाले गर्दै आएको छ। सेनाले यसअन्तर्गत विभिन्न ठाउँमा पुल तथा सडक निर्माणका लागि गत आवमा दुई टेन्डर आह्वान गरेको थियो। दुवैको गरी अनुमानित लागत झन्डै २५ अर्ब रुपैयाँ छ। पूर्वमन्त्रीसमेत रहेका वहालवाला सांसद विक्रम पाण्डेको कालिका कन्स्ट्रक्सनले दुवै प्याकेजमा चीनको एसएक्सआरबीसँगको संयुक्त उपकरण (जेभी) मा प्रस्ताव पेस गरेको थियो। तर, गत २२ भदौमा दुवै टेन्डरको प्राविधिक मूल्यांकन प्रक्रियामा कालिका फेल भएको थियो।

सेनाले आइतबार दुवै प्याकेजको टेन्डरमा कालिका कन्स्ट्रक्सनलाई प्राविधिक रूपमा पास भएर वित्तीय मूल्यांकनको चरणमा प्रवेश गराएको सूचना दिएको छ। सेनाका प्रवक्ता कृष्णप्रसाद भण्डारीले दुवै टेन्डरको पुनः मूल्यांकनको नतिजा आएको बताए। यसबारे थप जानकारी प्राप्त नभएको उनको भनाइ छ।

पहिलो प्राविधिक मूल्यांकनमा प्याकेज ९- बी मा तीन र ८- ए मा चार कम्पनी उत्तीर्ण भएका थिए। त्यतिबेला प्याकेज ९- बी मा कालिका- एसएक्सआरबी जेभीसहित आइआरसिओएन-एमसिएसपिएल-एसपिएससिपिएल जेभी, भिपिआरपिएल-बिजिसिसिपिएल जेभी र सान्सी सिआइजी-सिनोटेक-हिमडुङ एन्ड थोकर जेभी फेल भएका थिए। त्यस्तै, प्याकेज ८- एमा कालिकासहित आइआरसिओएन-आरसिपिएल-एसपिएससिपिएल जेभी, भिपिआरपिएल-बिजिसिसिपिएल जेभी, बिसी बियानी-लामा जेभी र एसपिजिइसी-केएसएनएस जेभी फेल भएका थिए। पुनः मूल्यांकनमा दुवै ठेक्कामा कालिकालाई मात्रै उत्तीर्ण गराएर वित्तीय मूल्यांकनको चरणमा ल्याइएको छ।

कालिका थपिएसँगै अहिले प्याकेज ९- बीमा चार र ८- एमा पाँच कम्पनी उत्तीर्ण भएका छन्। अब वित्तीय मूल्यांकनमा प्याकेज ९- बी मा कालिकासहित एक्ससिजिसी-हनुमान-बानियाँ जेभी, जेसिई-जिपिएनएस जेभी र अफ्कोन्स-३ एचसी जेभीबीच प्रतिस्पर्धा हुनेछ। त्यस्तै, ८- एमा कालिका जेभीसहित अफ्कोन्स-३ एचसी जेभी, लर्डजियन-भीमेश्वर जेभी, बिकेएचटिडिसिएल-एसपिएल जेभी र जिआंसी-हनुमान-दिवा जेभीबीच प्रतिस्पर्धा हुनेछ। उनीहरूको वित्तीय मूल्यांकन

» पृष्ठ १५ मा क्रमशः

कुनै कम्पनीलाई भित्र्याउन बोलपत्र फारामको मापदण्ड नै परिवर्तन गर्नु गलत हो

● देवेन्द्र कार्की, पूर्वसचिव



पहिलोपटक प्राविधिक रूपमा फेल भइसकेको कम्पनीलाई सेनाले फास्ट ट्रयाकको ठेक्का प्रक्रियामा पुनः भित्र्याएको भन्ने सम्बन्धमा म जानकार छैन। तर, सुरुमा बोलपत्र फाराममा तोकेको मापदण्ड नै परिवर्तन गरेर भित्र्याइएको हो भने गलत छ। बोलपत्र फाराममा तोकेको मापदण्ड गलत नै भए पनि परिवर्तन गर्न पाइँदैन।

सार्वजनिक खरिद पुनरावलोकन समिति र रक्षा मन्त्रालयको निर्णयअनुसार गरिएको हो

● कृष्णप्रसाद भण्डारी, प्रवक्ता, सेना



आयोजना (सेना)ले यसबारे रक्षा मन्त्रालयमा र सार्वजनिक खरिद पुनरावलोकन समिति (पिपिआरसी) मा लेखेर पठाएको थियो। त्यस क्रममा पिपिआरसीबाट गर्नु भनेर निर्णय आएपछि यस्तो निर्णय गरिएको हो। साथै, रक्षा मन्त्रालयले पनि पिपिआरसीकै निर्णयअनुसार गर्नु भनेको थियो। त्यसपछि आयोजनाले यो निर्णय गरेको हो।

» पृष्ठ १५ मा क्रमशः

एनसेलको सेयर खरिद-बिक्री प्रक्रिया रोक्न लेखा समितिको निर्देशन

मुना कुँवर, पवन तिमिल्सिना

संसद्को सार्वजनिक लेखा समितिले शंकास्पद देखिएको एनसेलको सेयर खरिद-बिक्री कारोबार रोक्न निर्देशन दिएको छ। समितिको बुधबारको बैठकले एनसेलको सेयर कारोबार वा हक हस्तान्तरणको विषयमा अनुसन्धान गरी निष्कर्षमा नपुगुन्जेलसम्म कारोबार यथास्थितिमै राख्न सरकारलाई निर्देशन दिएको हो।

समितिले ३० दिनभित्र कार्यसम्पादन गरिसक्ने गरी स्वतन्त्र अनुसन्धान गराउन पनि सरकारलाई निर्देशन दिएको छ। सरकारले आगामी मन्त्रिपरिषद् बैठकबाट विज्ञहरू सम्मिलित समिति गठन गरेर छानबिन गर्ने तयारी गरेको छ। मलेसियन कम्पनी आजियाटाले एनसेलमा रहेको आफ्नो ८० प्रतिशत सेयर अत्यन्त सस्तो मूल्यमा बिक्री गरेको थियो। तर, यस विषयमा नियामक निकायहरूलाई भने जानकारी नै दिएको थिएन।

बैठकमा दूरसञ्चार प्राधिकरण र कम्पनी रजिस्ट्रार कार्यालयलाई पनि डाकिएको थियो। छलफलपछि समिति संयोजक ऋषिकेश पोखरेलले प्राप्त जानकारी र सूचनाका आधारमा कम्पनीको हक हस्तान्तरणको सम्बन्धमा विस्तृत रूपमा अनुसन्धान गरी निष्कर्षमा पुग्नुपर्ने अवस्था देखिएको बताए। त्यस्तै, समितिले नेपालमा वैदेशिक लगानी जोखिमयुक्त रहेको भन्ने एनसेलको भनाइको सम्बन्धमा दुई दिनभित्र सरकारको धारणा सार्वजनिक गर्नसमेत निर्देशन दिएको छ।

समितिले एनसेलले सेयर कारोबारको विषयमा आधिकारिक रूपमा नेपाल

» पृष्ठ १५ मा क्रमशः



बुधबार बसेको सार्वजनिक लेखा समितिको बैठक। तस्बिर : अमुल थापा/नयाँ पत्रिका

■ खरिद-बिक्री रोकेर ३० कार्यदिनभित्र अनुसन्धान गरिसक्न सरकारलाई निर्देशन दिएका छौं



● ऋषिकेश पोखरेल, सभापति, सार्वजनिक लेखा समिति

एनसेलको सेयर खरिद-बिक्री शंकास्पद देखिएको सम्बन्धमा हामीले दूरसञ्चार प्राधिकरण र कम्पनी रजिस्ट्रार कार्यालयलाई पनि डाकेर छलफल गर्‍यौं। प्राप्त भएका जानकारी र सूचनाका आधारमा कम्पनीको हक हस्तान्तरणको सम्बन्धमा विस्तृत रूपमा अनुसन्धान गरी निष्कर्षमा पुग्नुपर्ने अवस्था देखियो। सेयर खरिद-बिक्री कार्य तत्काल यथास्थितिमा राखेर ३० कार्यदिनभित्र अनुसन्धान गरिसक्न सरकारलाई निर्देशन दिने निर्णय बैठकले गरेको छ। त्यस्तै, नेपालमा प्रत्यक्ष वैदेशिक लगानी जोखिमयुक्त रहेको भन्ने एनसेलको भनाइको सम्बन्धमा दुई दिनभित्र सरकारको धारणा सार्वजनिक गर्नसमेत भनिएको छ।

■ विस्तृत अध्ययनसहित जानकारी पेस गर्न सरकारलाई अर्थ समितिको पनि निर्देशन



● सन्तोष चालिसे, सभापति, अर्थ समिति

एनसेल खरिद-बिक्रीबारे समितिमा छलफल भएको छ। छलफलका क्रममा उठेका विषय र एनसेलको स्वामित्व खरिद-बिक्रीका सन्दर्भमा विस्तृत अध्ययनसहित जानकारी पेस गर्न सरकारलाई निर्देशन दिने निर्णय भएको छ।

■ एनसेलको कुल सम्पत्ति ८४ अर्ब २७ करोड, पछिल्ला वर्षको औसत नाफा पौने १० अर्ब

कृष्ण रिजाल/नयाँ पत्रिका

वार्षिक सरदर नौ अर्ब ७५ करोड रुपैयाँ नाफा आर्जन गरिरहेको मोबाइल सेवाप्रदायक कम्पनी एनसेलको ८० प्रतिशत सेयर ६ अर्ब ६६ करोड रुपैयाँमा मात्रै बिक्री गरेपछि कारोबार शंकास्पद देखिएको छ। जब कि कम्पनीको कुल सम्पत्ति नै सवा ८४ अर्ब रुपैयाँ रहेको छ।

एनसेलको माउ कम्पनी आजियाटाले आफ्नो वेबसाइटमा राखेको त्रैमासिक प्रतिवेदनअनुसार एनसेलको कुल सम्पत्ति ८४ अर्ब २६ करोड ८० लाख रुपैयाँबराबरको छ। जसमध्ये खुद सम्पत्ति ७० अर्ब ४३ करोड ७० लाख र नगदसहितको तरल सम्पत्ति १३ अर्ब ८३ करोड १० लाख रहेको छ। तर, कुल सम्पत्तिभन्दा ७८ अर्ब २६ करोड रुपैयाँ कममा सेयर बिक्री भएको देखिन्छ।

आजियाटाले एनसेलमा रहेको आफ्नो ८० प्रतिशत हिस्सा (सम्पूर्ण सेयर) बेलायतको कम्पनी स्पेक्ट्रलाइट युके लिमिटेडलाई बिक्री गर्ने गरी 'सेयर खरिद-बिक्री सम्झौता' गरिसकेको छ। सन् २०१६ मा करिब एक खर्ब ४३ अर्ब रुपैयाँ (एक अर्ब ३६ करोड ५१ लाख डलर)मा टेलियासोनेरासँग खरिद गरेको सेयर ६ अर्ब ६६ करोड रुपैयाँ (पाँच करोड अमेरिकी डलर)मा बिक्री गरेको आजियाटाले बताएको छ।

एनसेलको पछिल्लो तीन वर्षको औसत नाफा नौ अर्ब ७५ करोड रुपैयाँ रहेको देखिन्छ। सन् २०२१ मा १२ अर्ब २३ करोड र सन् २०२२ नौ अर्ब १५ करोड नाफा आर्जन गरेको थियो। चालू वर्ष सन् २०२३ को तेस्रो त्रैमासमा एनसेलले ६ अर्ब नौ करोड रुपैयाँ नाफा आर्जन गरिसकेको छ।

» पृष्ठ १५ मा क्रमशः

■ कुन वर्ष कति आम्दानी, कति नाफा ?

वर्ष (सन्)	आम्दानी	नाफा (कर तिर्नुअघि)
२०१५	५७.२६ अर्ब	२७.१९ अर्ब
२०१६	५८.६५ अर्ब	२७.८१ अर्ब
२०१७	५८.५ अर्ब	२६.७२ अर्ब
२०१८	५७.४६ अर्ब	२०.८२ अर्ब
२०१९	५४.१६ अर्ब	२०.२७ अर्ब
२०२०	४१.९२ अर्ब	७.८६ अर्ब
२०२१	४१.४५ अर्ब	१२.२३ अर्ब
२०२२	३९.८१ अर्ब	९.१५ अर्ब
२०२३ (तेस्रो त्रैमाससम्म)	२८.२७ अर्ब	६.९ अर्ब

स्रोत : आजियाटा

पर्फ्युमको बट्टाबाट सल्किएको आगोले लियो दुईजनाको ज्यान

चार घाइतेलाई थप उपचारका लागि काठमाडौं लगियो



झापा/ मोरङको विराटनगर महानगरपालिका- ७ सातघुम्तीस्थित कबाडी पसलमा आगलागी हुँदा दुईजनाको मृत्यु भएको छ। चारजना घाइते भएकामा सेनाको 'एयर एम्बुलेन्स'मार्फत काठमाडौंको कीर्तिपुरस्थित बर्न अस्पताल लगिएको छ। घटनामा कबाडी पसल सञ्चालक विराटनगर- ६ का दीपक मण्डल र अर्का एक पहिचान नखुलेकी महिलाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मोरङका प्रवक्ता डिएसपी रञ्जनकुमार दाहालले बताए।

त्यस्तै, विराटनगर- ६ की ६५ वर्षीया सुशीला पासवान, ६० वर्षीया रीता सरदार र ५८ वर्षीय किशोर पासवान तथा मोरङ कटहरी गाउँपालिका- ६ की ३० वर्षीया पिंकी कामत घाइते भएका छन्। घाइतेसँग लिएको प्रारम्भिक विवरणका आधारमा चुरोट सेवनका क्रममा पर्फ्युमको बट्टाबाट सल्किएको आगोले घटना भएको प्रहरी अनुमान छ। 'घाइतेसँग बुझ्दा कबाडीमा पर्फ्युमको बट्टा चलाइरहेको समयमा कसैले चुरोट खाँदा आगो लागेको जानकारी आएको छ,' डिएसपी दाहालले भने, 'पर्फ्युम निकै प्रज्ज्वलनशील हुने रहेछ।'

एनसेलको विज्ञप्ति

एनसेलको ८० प्रतिशत स्वामित्व नेपाली मुलका लगानीकर्ताले लिने सम्झौता भएसँगै अब एनसेलले आम नेपाली उपभोक्तालाई आधुनिक र उच्च गुणस्तरको सेवा प्रदान गर्दै नेपाल सरकारले अंगिकार गरेको डिजिटल नेपाल भिजनका लक्ष्यहरु हासिल गर्न सरकारलाई योगदान पुर्‍याउन प्रतिबद्ध रहेको छ ।

एनसेलको शेयरहोल्डिङ्गका बारेमा थप प्रकाश पार्न निम्न लिखित केही मुख्य तथ्यहरु प्रस्तुत गर्न चाहन्छौं:

स्पेक्ट्रलाइट युके लिमिटेडका नेपाली मुलका शेयरधनी सतिश लाल आचार्यले भने, "आजियाटाले रेनोल्ड्स होल्डिङ्स (सेन्ट किट्समा रहेको कम्पनी) मा रहेको आफ्नो शेयर बिक्रीको लागि प्रतिस्पर्धात्मक प्रक्रिया अपनाएको थियो र स्पेक्ट्रलाइट थ्रुप्रै प्रतिस्पर्धीहरु मध्येबाट पहिलो भई छानिएको हो । शेयर कारोबारको मूल्य र संरचना इच्छुक क्रेता र विक्रेता मार्फत निर्धारण गरिएको हो । सहमति भएको सम्झौता ढाँचा अनुसार, आजियाटाले बेस पेमेन्ट बाहेक पाँच वर्ष अर्थात सन् २०२९ सम्म थप लाभहरु नाफा बाँडफाँडको रुपमा प्राप्त गर्नेछ । यस शेयर कारोबारको इन्टरप्राइज भ्यालु लगभग ४० करोड अमेरिकी डलर रहेको छ, जुन कम्पनीको कार्यसम्पादनको आधारमा विक्रेता कम्पनीले निश्चित समयावधीभित्र प्राप्त गर्नेछ । यस बाहेक, यो परिवर्तनकारी सम्झौताले एनसेललाई नेपाली मूलको बृहत्तर स्वामित्व सहित कम्पनी र व्यवस्थापनतर्फ एनसेलको विकासलाई डोर्याउने छ ।

आजियाटाले पारदर्शिता सुनिश्चित गर्दै आफ्नो प्रेस विज्ञप्तिहरुमा कारोबारको विस्तृत विवरण प्रदान गरेको छ ।

एनसेलले आजको दिन सम्मको सबै कर दायित्वहरु सम्पूर्ण रुपमा पालना गरेको छ र यसको प्रमाणिकरण कर कार्यालयबाट भएको छ । साथै यो कारोबारलाई लिएर कुनै कर तिर्नुपर्ने भएमा नेपालको कानुन अनुसार यसको पालना गरिनेछ । यस प्रक्रियामा एनसेल कर कानुनको पालना गर्न प्रतिबद्ध रहेको छ र आफ्ना सम्पूर्ण सरोकारवालाहरुलाई एनसेल एक जिम्मेवार वित्तिय अभ्यास पालना गर्ने कम्पनी भएको सुनिश्चित गराउन चाहन्छौं ।

हामी आवश्यक सहमतिहरुका लागि नेपाल दूरसञ्चार प्राधिकरणसँग छलफल गरिरहेका छौं ।

एनसेलमा केही परिवर्तनहरु भईरहेको बेला हाम्रा ग्राहकलाई प्रदान गरिने सेवाको गुणस्तरमा कुनै किसिमको बाधा अवरोध नपर्ने सुनिश्चित गराउन चाहन्छौं। एक जिम्मेवार कम्पनीको रुपमा आफ्ना सबै ग्राहकलाई उच्च गुणस्तरको सेवा प्रदान गर्न हामी प्रतिबद्ध छौं ।

अन्त्यमा, लाखौं नेपालीहरुको जीवनलाई समृद्ध बनाउने उद्देश्य अनुरुप परिस्कृत डिजिटल सेवाहरुमार्फत दृढ इच्छा र क्षमताका साथ अझ सशक्त रुपमा अघि बढ्न एनसेल तयार छ । मोवाइल कनेक्टिभीटी सेवामा मात्र सिमित नभई विभिन्न सेवाहरु प्रदान गर्न हामी हाम्रो नेटवर्कको पुर्वाधार विकासलाई निरन्तरता दिने छौं र यससँगै देशमा प्रविधिले ल्याउने महत्वपूर्ण अवसरहरुको पनि सिर्जना हुनेछ । एनसेलको यस नयाँ यात्राको सुरुवात एक परिवर्तन मात्र नभई यसले डिजिटल नेपाल निर्माणको अवधारणालाई सक्रिय रुपमा योगदान पुर्‍याउनेछ ।

Ncell
आज, भोलि, सधैं सँगै।

खाणलाई थुन्ने वा रिहा गर्ने विषयमा २८ मंसिरमा निर्णय हुने

नयाँ पत्रिका

नक्कली शरणार्थी प्रकरणका प्रतिवादी तथा पूर्वगृहमन्त्री बालकृष्ण खाणको थुनछेकबारे अर्को बिहीबार निर्णय हुने भएको छ। गोलाप्रथाबाट छानिएका न्यायाधीशको इजलासले उनी थुनामै रहने कि धरौटी वा साधारण तारेखमा रिहा हुने विषयमा आदेश दिनेछ।

शुक्रबार उच्च अदालत पाटनको संयुक्त इजलासले यस प्रकरणमा थुनामा रहेकाहरू तथा सरकारले दर्ता गराएको निवेदनमाथि अन्तिम आदेश दिएको थियो। तर, खाणको हकमा न्यायाधीशहरू जनक पाण्डे र प्रकाश खरेलको फरक-फरक राय आएपछि तेस्रो न्यायाधीशको इजलासमा पेस हुने भएको हो।

२८ मंसिरमा गोलाप्रथाबाट दुवै न्यायाधीशको रायसहितको प्रतिवेदन एक न्यायाधीशको इजलासमा पेस हुने उच्चका उपरजिस्ट्रार तीर्थराज भट्टराईले बताए। गत शुक्रबार



उच्चले थुनामा रहेकामध्ये नौजनालाई थुनामै राख्ने, ६ जनालाई धरौटीमा रिहा गर्ने र चारजनालाई साधारण तारेखमा रिहा गर्ने फैसला सुनाएको थियो। पाटनका न्यायाधीश पाण्डेले खाणलाई ३० लाख धरौटीमा छाड्न सकिने राय व्यक्त गरेका थिए भने न्यायाधीश खरेलले थुनामै राख्नुपर्ने फैसला गरेका थिए। पीडितसँग खाणले रकम नलिएको, अनुसन्धान अधिकारी र अदालतमा पनि इन्कारी बयान गरेको, मुद्दाका सहप्रतिवादीबाट पोल नभएको र तत्कालीन गृहसचिव टेकनारायण पाण्डेले समेत शरणार्थीसम्बन्धी प्रतिवेदनमा खाणको चासो नरहेको भनी बयान दिएकाले खाणलाई धरौटी लिई छाड्ने निर्णय पाण्डेले गरेका थिए।

न्यायाधीश खरेलले भने जिल्लाकै आदेश सदर गर्नुपर्ने फैसला गरेका थिए। तत्कालीन गृहसचिव पाण्डे र केशव दुलालको मोबाइलको मेसेजका आधारमा खाणलाई तत्काल छाड्न नहुने उनको फैसलामा उल्लेख छ। दुई न्यायाधीशको एकमत हुन नसकेपछि फरक रायसहितको प्रतिवेदन तयार भएकोमा अब तेस्रो न्यायाधीशको इजलासमा त्यो पेस हुने भएको थियो। उच्च अदालत नियमावलीको नियम १२ अनुसार तेस्रो न्यायाधीश जसको रायमा सहमत हुन्छन्, त्यही उच्चको अन्तिम फैसला हुनेछ।

महानगरले माग्यो सरकारी अस्पतालले बेच्ने औषधिको सूची

काठमाडौं/ काठमाडौं महानगरपालिकाले महानगरभित्र रहेका ठूला सरकारी अस्पतालले बेच्दै आएको औषधिको सूची उपलब्ध गराउन माग गरेको छ। महानगरले सञ्चालन गर्न लागेको शुलभ फार्मेसीमा कस्ता औषधि राख्ने र कुन औषधि बढी बिक्री हुन्छ भन्ने थाहा पाउन उक्त सूची माग गरेको हो। महानगरले यसअघि नै पुस पहिलो सातादेखि काठमाडौंका विभिन्न स्थानमा शुलभ फार्मेसी सञ्चालन गर्ने घोषणा गरिसकेको छ।

महानगरपालिकाका स्वास्थ्य विभाग प्रमुख रामप्रसाद पौडेलले वीर अस्पतालले आफूकहाँ पाइने औषधिको विवरण पठाइसकेको बताए। हाल वीरले ११ सय प्रकारकाका औषधि बिक्री-वितरण गर्दै आइरहेको विवरणमा उल्लेख छ। यसबाहेक आर्मी अस्पताल, त्रिवि शिक्षण अस्पताल, प्रहरी अस्पताललगायतसँग पनि औषधिको सूची माग गरेको उनले बताए। ती औषधिको बजार मूल्य र माग बुझ्न विवरण मागेको उनको भनाइ छ। 'सुलभ फार्मेसी सञ्चालनको तयारी थालिसकेका छौं, बबरमहलमा स्टोर भवन बन्दै छ, अन्य ठाउँमा पनि फार्मेसी सञ्चालनका लागि ठाउँ तयार भइरहेको छ,' उनले भने, 'सुलभ फार्मेसी छिट्टै सञ्चालनमा आउँछ, यो सञ्चालनमा आएपछि धेरै फार्मेसीले औषधिको मूल्य स्वतः घटाउँछन्, किनकि हामीले निकै सस्तोमा औषधि बिक्री गर्दै छौं।' उनले सरकारी अस्पतालमा महँगो औषधि नपाइने, अझ बिमा तथा विपन्नलाई दिने सुविधाभित्र महँगो औषधि नदिने, भारतबाट भन्सार छलेर त्यस्ता औषधि ल्याउने गरेकोलगायत तथ्य पत्ता लगाएको बताए। महानगरले सञ्चालन गर्न लागेको फार्मेसीले सबैखाले उपचारमा प्रयोग हुने औषधि उपलब्ध गराउने भएकाले बिरामीलाई ठूलो राहत हुने उनको भनाइ छ। हाल महानगरभित्र सरकारी र निजी गरेर २७ सय फार्मेसी छन् भने उपत्यकाभर चार हजार सात सय फार्मेसी छन्। यी फार्मेसीले औषधिमा लुट मच्चाइरहेको ठहर गर्दै महानगरले आफ्नै फार्मेसी खोलेर सर्वसाधारणलाई सुविधा दिन खोजेको हो।

■ फार्मेसीलाई १० दिने अल्टिमेटम

महानगरभित्र रहेका अधिकांश फार्मेसी मापदण्डभित्र नरहेको पाइएको छ। ती औषधि पसलहरू नियमविपरीत सञ्चालन भइरहेको उल्लेख गर्दै काठमाडौं महानगरले एक सूचनामार्फत मापदण्डमा आउन १० दिने अल्टिमेटम दिएको छ।

मंगलबजारदेखि लगनखेलसम्म फुटपाथ पसल राख्न नपाइने

ललितपुर/ ओहोरदोहोरमा सास्ती भएको भन्दै ललितपुर महानगरपालिकाले मंगलबजारदेखि लगनखेलसम्म फुटपाथ व्यवसाय निषेध गर्ने भएको छ। २४ मंसिरदेखि लागू हुने गरी सो रुटमा फुटपाथ पसल हटाउन लागिएको हो।



यो सडक पाटन दरबार क्षेत्र ओहोरदोहोर गर्ने मुख्य बाटो पनि हो। फुटपाथ तथा अन्य व्यापार-व्यवसायका कारण ओहोरदोहोरमा सास्ती हुने गरेको छ। फुटपाथ पसलले सडक नै छेक्ने गरी अवरोध गरेका कारण निषेध गर्न लागिएको ललितपुर महानगरपालिकाका नगर प्रहरी प्रमुख सीताराम हाछ्रेथूले जानकारी दिए। 'यो क्षेत्रमा बदुवा, सवारीसाधनको भिडभाड हुन्छ, अझ त्यसमाथि फुटपाथ पसल थाप्दा अस्तव्यस्त देखिन्छ,' उनले भने, 'पाटन दरबार क्षेत्र प्रवेश गर्ने सडक व्यवस्थित बनाउन खोजेका हौं।' उनका अनुसार हाल सो क्षेत्रमा दुई सय ४० वटा फुटपाथ पसल छन्। कतिपयले सो क्षेत्रमा रहेको फुटपाथमा पसल थाप्न ठाउँ दिँदा पैसा पनि लिएको भेटिएको नगर प्रहरी प्रमुख हाछ्रेथुले बताए। सटरमा व्यापार गर्दै आएकाहरूले अगाडिको फुटपाथ भाडामा लगाएको समेत खुलेको छ। सोही कारण पनि फुटपाथ पसल तत्काल हटाउन लागिएको उनको भनाइ छ। तर, सो क्षेत्रमा बिहान ८ बजेसम्म फलफूल तथा तरकारी पसल थाप्न भने दिइनेछ।

संक्षेपमा उपत्यका

लाजिम्पाट : नेपाली नागरिकलाई भारतीय आधार कार्ड बनाई क्यासिनोमा प्रवेश गराउने तीन अभियुक्तलाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा दोलखा मेलुङ गापा- ३ का ४७ वर्षीय गोविन्द खड्का, ओखलढुंगा चिसंखुगढी गापा-८ का ३९ वर्षीय नवीन राई र रुपन्देही तिलोत्तमा नपा- २१ का २५ वर्षीय विनोद न्यौपाने रहेका छन्।

गौशाला : काठमाडौं मनपा- ९ गौशालास्थित बालकृष्ण श्रेष्ठको घरमा १३ लाख ५० हजार मूल्यबराबरको धनमाल चोरी गर्ने गिरोहलाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा भारत बिहार समस्तिपुरका २१ वर्षीय कृष्ण पोदार, भारत मोतिहारीका १९ वर्षीय फ्रुटी भनिने किसन गिरी र नागार्जुन नपा- ६ सीतापाइलाका ३० वर्षीय विक्रम गर्तौला रहेका छन्। उनीहरूले गत ५ कात्तिकमा श्रेष्ठको घरमा पसी सुनका गहना चोरी गरेका थिए।

शंखरापुर : बागमती प्रदेश-०१-०२६ च ६४०८ नम्बरको कारचालक शंखरापुर नपा- सुनटोलका ४५ वर्षीय जयनारायण श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ। उनी पैदलयात्रीलाई ठक्कर दिई फरार रहेका थिए। उनको कारले पैदलयात्री ओखलढुंगा चम्पादेवी गापा- ३ ताप्के डाँडाका ४५ वर्षीय रेतबहादुर तामाङलाई ठक्कर दिएको थियो। उनी त्यसयता फरार रहेका थिए। ठक्करबाट घाइते तामाङको उपचारका क्रममा मृत्यु भइसकेको छ।

जावलाखेल : वर्षा र सहकालका देवता रातो मच्छिन्द्रनाथको संग्रहालय ललितपुर महानगरपालिका- ४ जावलाखेलमा निर्माण सुरु भएको छ। ललितपुरको अन्य जात्रामध्येमा सबैभन्दा लामो जात्राका रूपमा चिनिने रातो मत्स्येन्द्रनाथको रथयात्रा, पात्रोअनुसार करिब दुई महिनासम्म सञ्चालन हुने गर्छ।

प्रभु बैंक लिमिटेड शाखा कार्यालय कमलादी, काठमाण्डौका तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाइ कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७(सात) दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०८/२१ गते विहिबार, नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंक (सावित सेज्चुरी कमर्सियल बैंक लि.) बाट तपसिलमा उल्लेखित ऋणीले लिएको ऋण कर्जाको किस्ता (सावाँ, ब्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०७९/११/२६ गते शुक्रबारको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनीक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएको र धितो बापतको सम्पत्ती लिलाम बिक्री हुन नसकेकोले मिति २०८०/०४/२५ गते विहिबारका दिन कारोबार राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाइ कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम समेत कर्जा चुक्ता नभएको तथा धितो बापतको सम्पत्ती लिलाम बिक्री हुन नसकेकोले मिति २०८०/०६/०९ गते मंगलबार, नागरिक राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाइ कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम समेत कर्जा असुलीको लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती मध्ये कुन सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरि लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको प्रधान कार्यालय, बबरमहलमा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात मिति २०८०/०८/२८ गते विहिबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको पहिलो दिन) बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौमा दिनको ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। पुनश्चः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त बाँकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्यौंट गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सका र गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ।

क. ऋणी, जमानतकर्ताहरु तथा धितोको विवरण : **तपसिल**

१. ऋणी : नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/०२/०३ मा **दर्ता नं.** १४९३९२/०७२/०७३ मा दर्ता भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजस्व विभाग, आन्तरिक राजश्व कार्यालय, बिराटनगर मोरङ्गबाट मिति २०७३/०२/०६ (मु.अ.क. दर्ता मिति २०७३/०२/०७) मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०४२६०४४८ को प्रमाणपत्र प्राप्त **भुमि इन्फ्रास्टक्चर प्रा.लि. । रजिष्टर्ड ठेगाना :** मोरङ्ग जिल्ला, बिराटनगर उप.म.न.पा. वडा नं. ३, (हाल बिराटनगर म.न.पा. वडा नं. २) मुनालपथ।

सञ्चालक तथा जमानतकर्ता : भावेश बोहरा (ना.प्र.नः ०५-०१-६९-००७८६ जारी मिति २०६९/०१/०७ जारी गर्ने कार्यालय जि.प्र.का. मोरङ्ग)। ठेगाना : मोरङ्ग जिल्ला,कटहरी,गा.वि.स.वडा नं.४ (हाल कटहरी गा.पा.वडा नं.३) बाबु : कृष्ण कुमार बोहोरा। बाजे : दिन दयाल बोहरा।	**जमानतकर्ता : कृष्ण कुमार बोहोरा** (ना.प्र.नं. ०५।१६९२० जारी मिति २०४७-०५-२८ जारी गर्ने कार्यालय जि.प्र.का. मोरङ्ग)। ठेगाना : मोरङ जिल्ला,कटहरी, वडा नं.४(हाल कटहरी गा.पा.वडा नं.३)। बाबु : दिन दयाल बोहरा। बाजेः मेहर चन्द बोहरा।

२. ऋणी : नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०४/२२ मा **दर्ता नं.** २६७०९६/०७८/०७९ मा दर्ता भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजस्व विभाग, आन्तरिक राजश्व कार्यालय, टंगाल, काठमाण्डौबाट मिति २०७८/०४/२५ (मु.अ.क. दर्ता मिति २०७८/०४/२५) मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६१००४७८११ को प्रमाणपत्र प्राप्त **भुमि बिजनेश लिङ्क प्रा.लि. । रजिष्टर्ड ठेगाना :** काठमाण्डौ जिल्ला, का.म.न.पा., वडा नं. ४, बालुवाटार।

सञ्चालक तथा जमानतकर्ता : भावेश बोहरा (ना.प्र.नः ०५-०१-६९-००७८६ जारी मिति २०६९/०१/०७ जारी गर्ने कार्यालय जि.प्र.का. मोरङ्ग)। ठेगाना : मोरङ्ग जिल्ला,कटहरी,गा.वि.स.वडा नं.४ (हाल कटहरी गा.पा.वडा नं.३) बाबु : कृष्ण कुमार बोहोरा। बाजे : दिन दयाल बोहरा।	**जमानतकर्ता : कृष्ण कुमार बोहोरा** (ना.प्र.नं. ०५।१६९२० जारी मिति २०४७-०५-२८ जारी गर्ने कार्यालय जि.प्र.का. मोरङ्ग)। ठेगाना : मोरङ जिल्ला,कटहरी, वडा नं.४ (हाल कटहरी गा.पा.वडा नं.३)। बाबु : दिन दयाल बोहरा। बाजेः मेहर चन्द बोहरा।

ख. लिलाम बिक्री हुने सम्पत्तिको विवरण :

१. धितोमा रहेको अचल सम्पत्ती घर जग्गाको विवरण :

क) भावेश बोहोराको नाममा मालपोत कार्यालय बिराटनगर मोरंगमा दर्ता श्रेस्ता कायम रहेको मोरङ्ग जिल्ला जतुवा कठकुप्पा, गा.वि.स./न.पा. वडा नं ३ नक्सा सिट नं.३/ड, स्थित कि. नं. ३७२ र ३७४ को क्षेत्रफल क्रमशः १६९३.१५ व.मी (०-५-०-०) र १३५४.५२ व.मी. (०-४-०-०) को जग्गा र उक्त जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत।

ख) भावेश बोहोराको नाममा दर्ता श्रेस्ता कायम रहेको मोरङ्ग जिल्ला, सोराभाग गा.वि.स./न.पा. वडा नं २, नक्सा सिट नं.१७८०७१३२, स्थित कि.नं. २४७, २५३, २५०, २८१, २९३, २५२, २४६, २४४, २९४, २४५, २१२, र २८९, को क्षेत्रफल क्रमशः २१४.००, ८७०.२५, २४.००, ५२७.३७, १५२.००, ७२६.००, ८१.००, ५९६.२६, ४६५.७०, ५३८.७४, २१.०० र ८८.८४ व.मि को जग्गा र उक्त जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत।

ग) भावेश बोहोराको नाममा मालपोत कार्यालय बिराटनगर मोरंगमा दर्ता श्रेस्ता कायम रहेको मोरङ्ग जिल्ला, कन्चनवारी गा.वि.स./न.पा. वडा नं ८, स्थित कि.नं. ३६६६ को क्षेत्रफल २५३.९५ व.मि.को घरजग्गा र उक्त घरजग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत।

घ) भावेश बोहोराको नाममा मालपोत कार्यालय बिराटनगर मोरंगमा दर्ता श्रेस्ता कायम रहेको मोरङ्ग जिल्ला बखरी गा.वि.स./न.पा. वडा नं ६ नक्सा सिट नं.६/ख, स्थित कि.नं.२८५७ को क्षेत्रफल ३३८.६३ व.मि.को घरजग्गा र उक्त घरजग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत।

ङ) भावेश बोहोराको नाममा मालपोत कार्यालय बिराटनगर मोरंगमा दर्ता श्रेस्ता कायम रहेको मोरङ्ग जिल्ला, जतुवा कठकुप्पा गा.वि.स. वडा नं १ नक्सा सिट नं.१/ख, स्थित कि.नं.१५७७ को क्षेत्रफल १६९.३० व.मिको घरजग्गा र उक्त घरजग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत।

च) भावेश बोहोराको नाममा मालपोत कार्यालय बिराटनगर मोरंगमा दर्ता श्रेस्ता कायम रहेको मोरङ्ग जिल्ला बिराटनगर उ.प.न.पा. वडा नं ६, स्थित कि.नं. ५२१७ र ५२१८ को क्षेत्रफल १६९.३० व.मि. र १६९.३० व.मि को जग्गा र उक्त जग्गाले चर्चेको चर्चेने सम्पूर्ण लिग लगापात समेत।

छ) भावेश बोहोराको नाममा मालपोत कार्यालय बिराटनगर मोरंगमा दर्ता श्रेस्ता कायम रहेको मोरङ्ग जिल्ला, जतुवा कठकुप्पा गा.वि.स. वडा नं १ नक्सा सिट नं.१/ग स्थित कि.न. क्रमशः २६१०, ४८०, २६०२, २५५७, र २५१६, को क्षेत्रफल क्रमशः २२८.५५, १२६.९७, ३८९.४२, १२.६९ र ३७६.७२ व.मि को जग्गा र उक्त जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत।

ज) ऋणी भुमि इन्फ्रास्टक्चर प्रा. लि. को नाममा मालपोत कार्यालय बिराटनगर मोरंगमा दर्ता श्रेस्ता कायम रहेको मोरङ्ग जिल्ला, भाथिगछ्ह गा.वि.स./न.पा. वडा नं ३ नक्सा सिट नं. १७८०८२७ स्थित कि.नं. ७७ को क्षेत्रफल ९३.०० व.मि. तथा ऐ.ऐ. नक्सा सिट नं. १७८०८२६ स्थित कि. नं. ५३० को क्षेत्रफल १४,८२१.८५ व.मि. जग्गा र उक्त जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत।

झ) ऋणी भुमि बिजनेश लिङ्ग प्रा.लि.को नाममा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला, का.म.न.पा., वडा नं. ४, नक्सा सिट नं. १०२१०२६२१, स्थित कि. नं. ९२ को क्षेत्रफल २६२.१६ वर्ग मिटरको घर जग्गा र उक्त घर जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत।

२. लिलाम बिक्री हुने धितो सुरक्षणमा रहेको सवारी साधन तथा Construction Equipment हरुको बिवरण :

सि.नं.	मोडल	इन्जिन नम्बर	च्यासिस नम्बर	सवारी दर्ता नं.
१	KOBELCO SK 220 HYDRAULIC EXCAVATOR	J05ETG44644	YN15505281	Pra 3- 01-003 KA-7406
२	KIA Sportage GT Line GSL	G4NAMH317148	KNAPR81AMM7988965	Bagmati Pradesh-01-026 CHA 4690
३	Ajax Transit Mixer with TATA Chasis	B5.91803212E63868650	MAT448072M3R12283	Bagmati Pradesh - 01-003 KA-8916
४	Ajax Transit Mixer with TATA Chasis	B5.91803212E63868496	MAT448072M3R12291	Bagmati Pradesh - 01-003 KA-8917
५	Ajax Transit Mixer with TATA Chasis	B5.91803212E63868524	MAT448072M3R12282	Bagmati Pradesh -01-003 KA-8918
६	HCV Tipper	12D63865541	MAT448137M3R09931	PRA-01-02-001-KA 4401
७	HCV Tipper	12D63865540	MAT448137M3R09986	PRA-01-02-001-KA 4400
८	HCV Tipper	12D63865368	MAT448137M3R09670	PRA-01-02-001-KA 4399
९	HCV Tipper	12D63865587	MAT448137M3R09925	PRA-01-02-001-KA 4398

३. ऋणी भुमि इन्फ्रास्टक्चर प्रा. लि....१ र भुमि बिजनेश लिङ्क प्रा.लि.....१ समेतको स्टक तथा चालु सम्पतिहरु उपर हाइपोथिकेसन सुरक्षण समेत।

नोट : धनी प्रभु बैंक लिमिटेड (सावित सेज्चुरी कमर्सियल बैंक लि.) र ऋणी भुमि इन्फ्रास्टक्चर प्रा.लि.भई धितो बापत यस बैंक (सावित सेज्चुरी कमर्सियल बैंक लि.) को नाममा दर्ता रहेका निम्नानुसारको सवारी साधन तथा Construction Equipment हरु बैंकलाई बुझाउनु हुन समेत ऋणी तथा जमानतकर्ताहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ।

सि.नं.	मोडल	इन्जिन नम्बर	च्यासिस नम्बर	सवारी दर्ता नं.
१	DYNAPAC SOIL COMPACTOR CA305D	4H3305/2020124	10300184ELE010177 *1020	Pra 3- 01-003 KA-7018
२	DYNAPAC SOIL COMPACTOR CA305D	4H3305/2020119	10300184CLE010172*1020	Pra 3- 01-003 KA-7017
३	Shantui Motors Grader SG14	82223222	CHAG14AALM1000414	Bagmati Pradesh - 01-003 KA-8496
४	Liugong Excavator CLG 922	90032978	LGC922DCZ01700243	BA 3 KA 282
५	Tata Pickup XENON_YODHA _4*4	4SPCR10BXX604611	MAT546174NSR03245	PRA-01 027 CHA 3957

पुनश्चः

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ** बाट प्राप्त गर्न सकिनेछ।

२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली बिभागमा** सम्पर्क राख्न सकिनेछ।

प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१५०००

PRIME COMMERCIAL BANK LTD. प्राइम कमर्सियल बैंक लिमिटेड को

तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/०८/२१ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणीहरु, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला। अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरुप बैंकलाई दिएको चल-अचल सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

शाखा कार्यालय: घरान, सुनसरी

१. ऋणीको विवरण

प्रदेश सरकार, प्रदेश नं. १, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, इटहरी, सुनसरीमा प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०७४ बमोजिम मिति २०७६/०९/१७ मा प्रा.फ.र.नं. ७२७४/०७६/०७७ स्थानीय व्यापार कायम भई दर्ता भएको सुनसरी जिल्ला, घरान उ.म.न.पा वडा नं.३ स्थित **श्री मनकामना सप्लायर्स एण्ड ट्रेडर्स** **प्रोप्राइटर : मन्जु पोखरेल**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. ललित बहादुर शाक्यको नाति, प्रेम शाक्यको छोरा, सुनसरी जिल्ला, घरान न.पा/उ.म.न.पा वडा नं. १२ स्थित स्थायी ठेगाना भएको **अनिष शाक्य (ना.प्र.प.नं. ११५२०/०५५/५६, सुनसरी)**

२. प्रेम शाक्यको बुहारी, अनिष शाक्यको पत्नी, सुनसरी जिल्ला, घरान न.पा/उ.म.न.पा वडा नं. ३ स्थित स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, घरान न.पा/उ.म.न.पा वडा नं. १२ बस्ने **मन्जु पोखरेल (ना.प्र.प.नं. ०६/४४६००/०६६/६७, सुनसरी)**

३. सिद्दिरत्न शाक्यको नाति, ललित बहादुर शाक्यको छोरा, सुनसरी जिल्ला, घरान न.पा/उ.म.न.पा वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **प्रेम शाक्य (ना.प्र.प.नं. १३७७ क/१४२०, सुनसरी)**

२. ऋणीको विवरण

गणेश बहादुर विश्वकर्माको नाति, राम बहादुर विश्वकर्माको छोरा, धनकुटा जिल्ला, धनकुटा गा.वि.स/न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा वडा नं. ७ बस्ने **कमल बहादुर बिश्वकर्मा (ना.प्र.प.नं. २९६०/५८६, धनकुटा)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. राम बहादुर विश्वकर्माको बुहारी, कमल बहादुर बिश्वकर्माको पत्नी, धनकुटा जिल्ला, धनकुटा गा.वि.स/न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा वडा नं. ७ बस्ने **रमा विश्वकर्मा (ना.प्र.प.नं. ०७३०२१/१२०८, धनकुटा)**

२. राम बहादुर विश्वकर्माको नाति, कमल बहादुर बिश्वकर्माको छोरा, सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **रेजन विश्वकर्मा (ना.प्र.प.नं.०६-०१-७३-०१६७३, सुनसरी)**

३. ऋणीको विवरण

राम प्रसाद नेपालको बुहारी, गंगा प्रशाद नेपालको पत्नी, धनकुटा जिल्ला, चुडमाङ गा.वि.स/न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा वडा नं. ४ बस्ने **विमला पोखरेल (ना.प्र.प.नं.६८३, धनकुटा)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. अनन्त नारायण नेपालको नाति, राम प्रसाद नेपालको छोरा, धनकुटा जिल्ला, लेगुवा गा.वि.स/न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा.वडा नं. ४ बस्ने **गंगा प्रशाद नेपाल (ना.प्र.प.नं. १७२२७, धनकुटा)**

२. राम प्रसाद नेपालको नाति, गंगा प्रशाद नेपालको छोरा, सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **नवराज नेपाल (ना.प्र.प.नं. ०६१००५/१५१८१४, सुनसरी)**

३. राम प्रसाद नेपालको नातिनी, गंगा प्रशाद नेपालको छोरी, सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **रोमिला नेपाल (ना.प्र.प.नं. ०६१००५/१४२१७८, सुनसरी)**

४. ऋणीको विवरण

प्रदेश सरकार, प्रदेश नं. १, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय इटहरी, सुनसरीमा निजी तथा साझेदारी फर्म दर्ता ऐन, २०७७ बमोजिम मिति २०७९/१२/१९ मा प्रा

रुसी सेनामा भर्ती गर्न नेपाली युवाको तस्करी

उजुरी दिन पीडितले चासो नदिँदा मुद्दा कमजोर, १२ जनाविरुद्ध अभद्र व्यवहार कसुरमा अनुसन्धान हुँदै



■ **एसएसपी भूपेन्द्र खत्री**, प्रमुख, प्रहरी परिसर काठमाडौं

रुसी सैनिकमा भर्ना गर्ने प्रलोभनमा नेपाली युवा तस्करी गर्ने घटनामा संलग्न १२ जना पक्राउ परेका छन् । उनीहरूबाट विभिन्न व्यक्तिको पासपोर्ट पनि बरामद भएको छ । तर, हालसम्म उनीहरूविरुद्ध किटानी जाहेरी परेको छैन । त्यसकारण अभद्र व्यवहार कसुरअन्तर्गत म्याद थप गरेर अनुसन्धान अघि बढेको छ ।

टेकराज थामी/नयाँ पत्रिका

युद्धग्रस्त रुसको सैनिकमा भर्ना गर्ने प्रलोभनमा नेपालबाट मानव तस्करी गर्ने अभियुक्तविरुद्धको मुद्दा कमजोर हुन देखिएको छ । उनीहरूविरुद्ध किटानी जाहेरी दिने कुनै पीडित सम्पर्कमा नआएपछि मुद्दा कमजोर हुने देखिएको प्रहरीले जनाएको छ ।

एक साताअघि जिल्ला प्रहरी परिसर काठमाडौंले रुसी सैनिकमा भर्ना गर्ने प्रलोभनमा नेपाली युवा तस्करीमा संलग्न १२ जनालाई पक्राउ गरेको थियो । किटानी जाहेरी दिन कुनै पीडित सम्पर्कमा नआएपछि उनीहरूविरुद्ध प्रहरीले अभद्र व्यवहार कसुरअन्तर्गत म्याद थप गरेर अनुसन्धान गरिरहेको छ । उनीहरूबाट प्रहरीले रुसी सैनिकमा भर्ना गर्न भन्दै संकलन गरिएका ४३ वटा पासपोर्ट बरामद गरेको छ ।

प्रहरीका अनुसार पक्राउ पर्नेमा हरिबहादुर विश्वकर्मा, सन्तोष रोका, मनीष न्यौपाने, रोजल महर्जन, क्षितिज गिरी, दिपेन परियार, सुवास लामा, गोकर्ण अर्याल, सन्तोष नेपाल, सुजाता दाहाल, ईश्वर अधिकारी र द्रोणा डाँगी छन् । जसमध्ये विश्वकर्मा, दाहाल र अधिकारी छुट्टाछुट्टै गिरोहका मुख्य नाइके हुन् । विश्वकर्माको काठमाडौंमा मेनपावर कम्पनी छ । पूर्वसैनिक विश्वकर्माले पछिल्लोपटक दुई समूह गरी १८ युवालाई रसिया पठाइसकेका छन् । दाहालको काठमाडौंमा कन्सल्टेन्सी छ । उनले विद्यार्थी तथा भिजिट भिसामा नेपाली युवा रसिया पठाउँदै आएकी थिइन् । प्रहरीले उनको कन्सल्टेन्सीबाट २७ थान राहदानी बरामद गरेको छ । प्रहरीका अनुसार उनीहरू रुसी सैनिकमा जान तयार भएका युवा हुन् । दाहालको साथबाट प्रहरीले १४ लाख १८ हजार पाँच सय रुपैयाँ पनि बरामद गरेको छ । अधिकारीका दाजु पनि काठमाडौंमा मेनपावर कम्पनी चलाउँछन् । उनले सोही मेनपावरबाट भिजिट भिसामा नेपाली युवा रसिया तस्कर गर्दै आएका थिए । उनको साथबाट प्रहरीले विभिन्न व्यक्तिको १६ थान राहदानी र १३ लाख ४२ हजार रुपैयाँ बरामद गरेको छ ।



रुसको सैनिकमा भर्ना गर्ने प्रलोभनमा मानव तस्करी गर्ने गिरोहबाट प्रहरीले बरामद गरेको नेपाली राहदानी ।

काठमाडौं परिसर प्रमुख एसएसपी भूपेन्द्र खत्रीले पक्राउ परेकाविरुद्ध हालसम्म किटानी जाहेरी दिन कोही सम्पर्कमा नआएको हुँदा अभद्र व्यवहार कसुरअन्तर्गत म्याद थप गरेर अनुसन्धान प्रक्रिया अघि बढेको जानकारी दिए । 'रुसी सैनिकमा भर्ना गर्ने प्रलोभनमा नेपाली युवा तस्करी गर्ने घटनामा संलग्न १२ जना पक्राउ परेका छन् । उनीहरूबाट विभिन्न व्यक्तिको पासपोर्ट पनि बरामद भएको छ । तर, हालसम्म उनीहरूविरुद्ध किटानी जाहेरी परेको छैन । त्यसकारण अभद्र व्यवहार कसुरअन्तर्गत म्याद थप गरेर अनुसन्धान अघि बढेको छ,' उनले भने । तस्कर समूहले प्रतिव्यक्ति सात लाखदेखि आठ लाख रुपैयाँ असुलेर नेपाली युवालाई रसिया तस्करी गर्दै आएका थिए । प्रहरीका अनुसार उनीहरूले हवाई र स्थल दुवै मार्ग प्रयोग गरी युवा रसिया पुऱ्याउँथे । उनीहरूले हवाई मार्गका लागि नेपाल, भारत र गल्फ मुलुक प्रयोग गर्थे । स्थल मार्गका लागि नेपाल र भारतको बाटो प्रयोग गर्थे । सैनिकमा भर्ती गर्न बन्धक बनाएर तालिम दिलाइन्थ्यो । त्यसपछि युद्धको अग्रमोर्चामा युवालाई खटाइन्थ्यो । यसबापत प्रतियुवा दुई लाख रुपैयाँ मासिक तलब हुने भनिएको थियो । 'यिनीहरूले प्रतिव्यक्ति सात लाखदेखि आठ लाख रुपैयाँ असुलेर भिजिट र स्टुडेन्ट भिसामा हवाई र स्थल मार्ग प्रयोग गरी युवालाई रसिया पठाउँदै आएका थिए । सैनिकमा भर्ती गर्नुअघि तालिम दिन्थे । र, युद्धको अग्रमोर्चामा उनीहरूलाई खटाउँथे । यसबापत प्रतियुवा दुई लाख रुपैयाँ तलब हुने भनिएको थियो,' काठमाडौं परिसरका डिएसपी अंगुर जिसीले भने ।

■ पीडित नै 'होस्टायल'

रुसी सैनिक भर्ती हुन गएका नेपाली युवाहरू रसियामा अलपत्र परेपछि मुस्किलले नेपाल फर्के । आफूहरू पीडामा परेको र घटनाको अनुसन्धान गर्न भन्दै उनीहरू जिल्ला प्रहरी परिसर काठमाडौं पुगे । प्रहरीले घटनाको अनुसन्धान अघि बढायो । घटनामा संलग्न १२ जना पक्राउ परे । खबरले तस्करहरूमा खैलाबैला मच्चायो । उनीहरूले पीडितलाई सम्पर्कमा बोलाए । रसिया पठाइदिने भनेर असुलेका सम्पूर्ण रकम हतारहतार फिर्ता गरे । र, प्रहरीमा जाहेरी नदिन भन्दै धम्की दिन थाले । तस्कर समूहले दिएको धम्कीबाट डराएका पीडित अहिले प्रहरीमा उनीहरूविरुद्ध जाहेरी दिन मानिरहेका छैनन् । 'रुसमा अलपत्र परेका पीडित हामीकहाँ आएका थिए । उनीहरूकै सूचनाका आधारमा हामीले अनुसन्धान अघि बढायौं । १२ जना पक्राउ पनि परे । त्यसवेलासम्म तस्करका गिरोहले पीडितलाई भेटेर 'होस्टायल' गरिसकेका रहेछन् । अहिले उनीहरू तस्करविरुद्ध जाहेरी दिनै मानिरहेका छैनन्,' डिएसपी जिसीले भने ।

रुसमा मारिएका नेपालीका परिवारजनलाई क्षतिपूर्तिको पहल

नयाँ पत्रिका

रुसी सेनामा कार्यरत अवस्थामा मृत्यु भएका ६ नेपाली नागरिकको परिवारलाई क्षतिपूर्तिका लागि नेपालले रुससँग कूटनीतिक पहल थालेको छ । परराष्ट्र मन्त्रालयले १८ मंसिरमा ६ नेपाली मारिएको पुष्टि गर्दै क्षतिपूर्तिका लागि विज्ञप्तिमार्फत आग्रह गरेको थियो । त्यसपछि नेपाली दूतावासले रुसको विदेश मन्त्रालयमा पहल थालेको छ ।

रुसी सेनामा कार्यरत गोरखाका सन्दीप थपलिया र राजकुमार रोका, कपिलवस्तुका रूपक कार्की, कास्कीका देवान राई, स्याङ्जाका प्रीतम कार्की र इलामका गंगाराज मोक्तानको मृत्यु भएको छ । रुसी सेनाले नेपाली दूतावासलाई मृतकहरूको मृत्यु प्रमाणपत्र पठाएको छ । रुसका लागि नेपाली राजदूत डा. मिलनराज तुलाधरले क्षतिपूर्तिका लागि पहल भएको जानकारी दिए । 'मृतकका परिवारजनलाई क्षतिपूर्तिका लागि पहल जारी राखेका छौं । यसबारे रुस सरकारबाट जानकारी आएपछि सार्वजनिक गर्नेछौं,' उनले टेलिफोनमा नयाँ पत्रिकासँग भने ।

नेपाल सरकारले उनीहरूको शव नेपाल पठाउन र परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन माग गरेको छ । 'रुसी सरकारलाई निजहरूको शव यथाशीघ्र नेपाल पठाउन तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन अनुरोध गरेको छ,' परराष्ट्रद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । यही आधारमा नेपाली दूतावासका तर्फबाट रुससँग क्षतिपूर्तिका लागि कूटनीतिक पहल थालिएको तुलाधरले बताए ।

सरकारले नेपाली नागरिकलाई रुसी सेनामा भर्ना नगर्न र भर्ना भएका नेपाली नागरिकलाई स्वदेश फर्काउन अनुरोध गरिसकेको छ । सरकारले सरकारी कामकाज, रुसी सरकारको छात्रवृत्ति तथा पेसा व्यवसायमा संलग्न भएकालाई बाहेक अन्यलाई रुस जाँदा 'नो अब्जेक्सन लेटर' अनिवार्य गरेको छ । उल्लेखित कामबाहेक रुस जानुपर्ने नेपालीले कन्सुलर सेवा विभाग त्रिपुरेश्वरबाट जारी गरिने नो अब्जेक्सन सर्टिफिकेट (एनओसी) लिनुपर्ने नियम परराष्ट्रले लागू गरेको छ । परराष्ट्रले गत १६ साउनमा विज्ञप्तिमार्फत विदेशी सेनामा नेपाली नागरिक भर्ना सम्बन्धमा भारत र बेलायतबाहेक अन्य विदेशी सेनामा नेपाली नागरिक भर्ना हुन अनुमति दिने नेपाल सरकारको नीति नरहेको जानकारी गराएको थियो । रुसी सेनामा नेपालीको भर्ती गर्ने नेपाल सरकारको नीति नभएको भन्दै सेनामा रहेका नेपालीको संख्याबारे नेपालले रुससँग जानकारी मागेको छ । यसबारेमा नेपाललाई रुसबाट जवाफ आएको छैन ।

युक्रेनमा थप बन्धकबारे जानकारी छैन : राजदूत तुलाधर



परराष्ट्रले रुसी सेनामा भर्ना भएका विवेक खत्री हाल युक्रेनमा बन्दी अवस्थामा रहेको १८ मंसिरमा पुष्टि गरिसकेको छ । तर, उनीबाहेक अन्य कोही नेपाली बन्धक रहेको विषयमा जानकारी नआएको राजदूत तुलाधरले जानकारी दिए । काभ्रेका सिद्धार्थ ढकाललाई पनि युक्रेनको सेनाले नियन्त्रणमा लिएको सामाजिक सञ्जालमा आएका बेला राजदूत तुलाधरले दूतावासले यसको पुष्टि गर्न नसकेको बताए ।

'अहिले रुस र युक्रेनबीच युद्ध भएको हुनाले विभिन्न प्रकारको प्रोपगान्डा चल्ने गरेको छ । हामीकहाँ औपचारिक रूपमा जानकारी नआएको हुनाले अहिले नै पुष्टि गर्न सक्ने अवस्था छैन,' उनले भने, 'हामीलाई परिवारजनले पनि भनेको छैन । यसबारे रुसले पनि जानकारी दिएको छैन ।' बर्दियाका खत्री रुसी सेनामा भर्ती भएपछि युक्रेनसँग युद्धका क्रममा असोज अन्तिम सातादेखि रुसी सेनाको नियन्त्रणमा छन् । उनलाई नेपाल फिर्ता गर्ने सम्बन्धमा समेत कूटनीतिक पहल भइरहेको परराष्ट्रले जनाएको छ ।

■ ऐतिहासिक फैसलाको स्वागतमा दीप प्रज्वलन



जिल्ला अदालत रुकुम पश्चिमले जाजरकोटका नवराज विकसहित ६ युवाको हत्या प्रकरणमा साढे तीन वर्षपछि २६ जनालाई सजाय सुनाएपछि बुधबार माइतीघर मण्डलामा जात व्यवस्था उन्मूलन मोर्चाले गरेको दीप प्रज्वलन । **तस्बिर : संजित परियार/नयाँ पत्रिका**

■ कालिका सहकारी ठगी प्रकरण

घिमिरेदम्पती दश दिनदेखि फरार

लमजुङमा **शान्ता कमली**

लमजुङ सदरमुकाम बेँसीसहरमा मुख्य कार्यालय रहेको कालिका बचत तथा ऋण सहकारी संस्थाको रकम अपचलनको मुद्दामा सातजना सञ्चालक पक्राउ परे पनि मुख्य दोषी भनिएका दुईजना १० दिनदेखि फरार छन् । बचतकर्ताको निक्षेप फिर्ता दिन नसकेपछि सहकारीका अध्यक्षसहित ६ जनालाई १० मंसिर र एकजनालाई १७ मंसिरमा प्रहरीले पक्राउ गरेको थियो । तर, मुख्य दोषी देखिएका तत्कालीन कालिका बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष मृगेन्द्र घिमिरे र सहकारीकी कोषाध्यक्षसमेत रहेकी उनकी श्रीमती विनिता घिमिरे फरार छन् ।

३५ भन्दा बढी निक्षेपकर्ताले बचत फिर्ता नपाएको निवेदन दिएपछि प्रहरीले ३ कात्तिकमा सूचना जारी गरी १० मंसिरभित्र बचतकर्तालाई उजुरी दिन आग्रह गरेको थियो । सूचनाको म्याद सकिएको दिन सहकारीका अध्यक्ष शिवराम सिलवाल, उपाध्यक्ष श्रीकृष्ण लामिछाने, सचिव कृष्ण केसी, सदस्य मिलन शर्मा दनाई, प्रमुख कार्यकारी अधिकृत वेदराज खनियाँ र लेखापरीक्षक महेन्द्र शर्मा पौडेल पक्राउ परेका थिए । कालिका बचत तथा ऋण सहकारी संस्थासम्बद्ध थप २६ जनालाई पक्राउ गरी अनुसन्धान गर्न जिल्ला अदालतले प्रहरीलाई शुक्रबार अनुमति दिएपछि सहकारीका सदस्य हरिबाबु थापा पक्राउ परेका छन् ।

सहकारी रजिस्ट्रार कार्यालयले गरेको कालिका बचत तथा ऋण सहकारी संस्थाको आर्थिक गतिविधि तथा वित्तीय विवरण सम्बन्धमा गरिएको छानबिनउपर रायसहितको प्रतिवेदनमा घिमिरेदम्पतीलाई मुख्य दोषी देखाएको थियो । मुख्य दोषीलाई पक्राउ नगरी आफूहरूलाई मात्रै पक्राउ गरी कारबाही प्रक्रिया अघि बढाएको भन्दै थुनामा रहेकाले असन्तुष्टि व्यक्त गरेका छन् । थुनामा रहेका मिलन शर्मा दनाई मुख्य दोषी समातिनुपर्ने र न्यायिक छानबिनको माग राख्दै अनशन बसेका छन् । जिल्ला प्रहरी कार्यालय लमजुङका प्रहरी निरीक्षक मेघनाथ चापागाईंले फरार रहेकाको खोजी तीव्र पारिएको बताए ।

बेँसीसहर नगरपालिका- ८ शेरामा कार्यालय रहेको कालिका सहकारीको मध्यनेपाल नगरपालिका- ७ मा रामबजार सेवा केन्द्र, सुन्दरबजार नगरपालिका- ८ मा सुन्दरबजार सेवा केन्द्र, दोर्दी गाउँपालिका- ४ मा दोर्दी सेवा केन्द्र छन् । सहकारीको चार हजार पाँच सय नौजना सेयर सदस्य रहेको र सेयर रकम दुई करोड ११ लाख नौ हजार सात सय रुपैयाँ रहेको सहकारी रजिस्ट्रार कार्यालयको प्रतिवेदनमा उल्लेख छ ।

बिल-बीजकविनाको सात किलो सुन बरामद

काठमाडौं/ प्रहरीले बिल-बीजकविना अवैध तवरले सुन बिक्री गरेको अभियोगमा कैलाली लम्कीचुहा नगरपालिका- ७ का ४१ वर्षीय पदमप्रसाद पाण्डेलाई पक्राउ गरेको छ । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले उनलाई पक्राउ गरेको हो ।

पाण्डेको न्युरोडमा ओम पर्ल गोल्ड र कैलाश ज्वेलर्स नामको दुईवटा सुनपसल छ । प्रहरीले उनको सुनपसलबाट बिल-बीजक नभएको ७.१८५ किलो सुन बरामद गरेको छ । पसलबाट ३९ लाख ५० हजार रुपैयाँ र चार हजार एक सय अमेरिकी डलर पनि बरामद गरेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार उनले हुन्डीमार्फत सुनको कारोबार गर्दै आएका थिए ।

अनुसन्धान कार्यालयका प्रवक्ता एसपी रवीन्द्र रेग्मीले पाण्डेको पसलबाट बिल-बीजकविनाको अवैध सुन बरामद भएको बताए । 'बिल-बीजकविना सुनका गरगहना बिक्री गरेको र हुन्डी कारोबारमा पनि संलग्न रहेको सूचनापछि प्रहरीले पदमप्रसाद पाण्डेको न्युरोडस्थित दुईवटा पसलमा छापा मारेको थियो । पसलबाट सात किलोभन्दा धेरै सुन बरामद भएको छ । अवैध तवरले राखिएको विदेशी तथा स्वदेशी रकम पनि बरामद भएको छ । घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको छ,' उनले भने ।



NIC ASIA
एन आई सी एशिया बैंक लि.


एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६७६७५

गैर बैकिङ्ग सम्पति विक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान


यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ । तसर्थ उक्त सम्पति खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

तपसिल


क्र.सं.	गैर बैकिङ्ग सम्पतिको विवरण
१.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, बगाही गा.वि.स. वडा नं. ७/क (हाल कटहरीया न.पा. वडा नं. ६) स्थित कित्ता नं. ३२३ र ७३१ को क्षेत्रफल क्रमश: ०-६-१०-० र ०-३-१-० (बिगाह) को जग्गा ।
२.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, बगाही गा.वि.स. वडा नं. ३ (हाल कटहरीया न.पा. वडा नं. ६) स्थित कित्ता नं. ८६३ को क्षेत्रफल ०-२-१०-० (बिगाह) को जग्गा ।
३.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय कलंकी, काठमाण्डौको लगतमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला, थानकोट गा.वि.स. वडा नं. ४ (हाल चन्द्रागिरी न.पा. वडा नं. ३) स्थित कित्ता नं. ३२५ को क्षेत्रफल ०-३-३-० (रोपनी) को घरजग्गा ।
४.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय कलंकी, काठमाण्डौको लगतमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला, मातातिर्थ गा.वि.स. वडा नं. ४ ख (हाल चन्द्रागिरी न.पा. वडा नं. ८) स्थित कित्ता नं. २६६ को क्षेत्रफल १५८.९५ (व.मि) को घरजग्गा ।
५.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय नेपालगञ्ज, बाँकेको लगतमा दर्ता कायम रहेको बाँके जिल्ला, नेपालगञ्ज न.पा. वडा नं. १३ (हाल नेपालगञ्ज उ.म.न.पा. वडा नं. १०) स्थित कित्ता नं. ४९ को क्षेत्रफल ४२३.२५ (व.मि) को घरजग्गा ।
६.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय बाँकेको लगतमा दर्ता कायम रहेको बाँके जिल्ला, ईद्रपुर गा.वि.स. वडा नं. ९ क स्थित कित्ता नं. १३६७ र १३८९ को क्षेत्रफल क्रमश: ०-०-१-० र ०-०-१९-० (बिगाह) को घरजग्गा ।
७.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय बाँकेको लगतमा दर्ता कायम रहेको बाँके जिल्ला, बाग्रेश्वरी गा.वि.स. वडा नं. २ (हाल खजुरा गा.पा. वडा नं. ३) स्थित कित्ता नं. ४७६ को क्षेत्रफल ३३८.६३ (व.मि) को जग्गा ।
८.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, अमाव गा.वि.स. वडा नं. ३ (हाल कोल्हवी न.पा. वडा नं. ११) स्थित कित्ता नं. ५७८ को क्षेत्रफल ०-४-०-० (बिगाह) को जग्गा ।
९.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ११ स्थित कित्ता नं. २४९८ को क्षेत्रफल ०-१-१०-० (बिगाह) को जग्गा ।
१०.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, विश्रामपुर गा.वि.स वडा नं.१ (हाल वृन्दावन न.पा. वडा नं. ३) स्थित कित्ता नं. ७१७, ७२५, ७३७ र ५६९ को क्षेत्रफल क्रमश: ०-२-१०-०, ०-५-३-०, ०-२-१०-० र ०-१-५-० (बिगाह) को जग्गा ।
११.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, विश्रामपुर गा.वि.स वडा नं.७ (हाल वृन्दावन न.पा. वडा नं. २) स्थित कित्ता नं. १०६४ को क्षेत्रफल ०-११-१०-० (बिगाह) को जग्गा ।
१२.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, विश्रामपुर गा.वि.स वडा नं.२ (हाल वृन्दावन न.पा. वडा नं. ३) स्थित कित्ता नं. ५८७ को क्षेत्रफल ०-८-०-० (बिगाह) को जग्गा ।
१३.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, केरवानी गा.वि.स वडा नं.१४ख (हाल देवदह न.पा. वडा नं. १) स्थित कित्ता नं. ५१७ को क्षेत्रफल १६९.२९ (व.मि) को घरजग्गा ।
१४.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, केरवानी गा.वि.स वडा नं.१क (हाल देवदह न.पा. वडा नं. १) स्थित कित्ता नं. १३२८ को क्षेत्रफल १६९.३२ (व.मि) को जग्गा ।
१५.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय भक्तपुरको लगतमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, भौसेल गा.वि.स वडा नं.४ख (हाल चौंगुनारायण न.पा. वडा नं. ३) स्थित कित्ता नं. ४६९, ४७२ र ४६५ को क्षेत्रफल क्रमश: ०-८-३-३, ०-२-०-३ र ०-०-३-३ (रोपनी) को जग्गा ।
१६.	यस बैंकको नाममा रहेको भूमिसुधार तथा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता कायम रहेको सुनसरी जिल्ला, मधेशा गा.वि.स वडा नं.९ क (हाल इनरुवा न.पा. वडा नं. ५) स्थित कित्ता नं. २७७६ को क्षेत्रफल ०-२-११-० (बिगाह) को जग्गा ।
१७.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय साँखु काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, नयाँपाटी गा.वि.स वडा नं.७ (हाल गोकर्णेश्वर न.पा. वडा नं. २) स्थित कित्ता नं. ४७६ र १३२६ को क्षेत्रफल क्रमश: ०-६-२-० र ०-३-०-२ (रोपनी) को घरजग्गा ।
१८.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय जलेश्वर, महोत्तरीको लगतमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, औरही गा.वि.स वडा नं.३/क (हाल औरही न.पा. वडा नं. १) स्थित कित्ता नं. १०४३, ९२८, ६११ र ९२९ को क्षेत्रफल क्रमश: ०-०-६.७५-०, ०-०-५-०, ०-०-७-० र ०-०-३-० (बिगाह) को घर/जग्गा ।
१९.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, वरेवा गा.वि.स वडा नं.२ (हाल कलैया उ.म.न.पा. वडा नं. ८) स्थित कित्ता नं. १४६९, १५१८ र १५२० को क्षेत्रफल क्रमश: ०-०-१४-७.५, ०-०-३-४.२५ र ०-०-२-१०.७५ (बिगाह) को जग्गा ।
२०.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, वरेवा गा.वि.स वडा नं.२/ग (हाल कलैया उ.म.न.पा. वडा नं. ८) स्थित कित्ता नं. ३९ र ४० को क्षेत्रफल क्रमश: ०-०-४-० र ०-०-६-० (बिगाह) को घरजग्गा ।
२१.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, आ.अमुवा गा.वि.स वडा नं.६ क (हाल शिचारी गा.पा. वडा नं. ७) स्थित कित्ता नं. ८६४ को क्षेत्रफल १०१.५९ (व.मि) को घरजग्गा ।
२२.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय भक्तपुरको लगतमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, ताथली गा.वि.स वडा नं.४ क (हाल चौंगुनारायण न.पा. वडा नं. ९) स्थित कित्ता नं. २२७ को क्षेत्रफल १-२-३-० (रोपनी) को जग्गा ।
२३.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय कास्कीको लगतमा दर्ता कायम रहेको कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. १३ स्थित कित्ता नं. २०१ को क्षेत्रफल ३४९.२० (व.मी) को घरजग्गा ।
२४.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय लहान, सिरहाको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, असनपुर गा.वि.स वडा नं. ९ (हाल गोलबजार न.पा. वडा नं. ४) स्थित कित्ता नं. ३३८४, ३३८९, ३३७९ र ३३९६ को क्षेत्रफल क्रमश: ०-५-१.५-०, ०-२-३.५-०, ०-०-१९.२५-० र ०-१-०-० (बिगाह) को जग्गा ।
२५.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय चाबहिल, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, जोरपाटी गा.वि.स वडा नं. १ (हाल गोकर्णेश्वर न.पा. वडा नं. ५) स्थित कित्ता नं. ३१४, ३१६ र ३१८ को क्षेत्रफल क्रमश: ११०.५०, १७.५० र ११.५० (व.मि) को घर/जग्गा ।
२६.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, बसामाडी गा.वि.स. वडा नं. ३ (हाल हेटौंडा उ.म.न.पा. वडा नं. ३) स्थित कित्ता नं. १९९८ को क्षेत्रफल ०-०-११-० (बिगाह) को जग्गा ।
२७.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता कायम रहेको, मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ९(हाल हेटौंडा उ.म.न.पा. वडा नं. ९) स्थित कित्ता नं. ६७२७ र ६७२६ को क्षेत्रफल क्रमश: ०-०-५-० र ०-०-५-० (बिगाह) को घरजग्गा ।
२८.	यस बैंकको नाममा मालपोत कार्यालय मौलापुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, सरमुजवा गा.वि.स. वडा नं. ९ (हाल बौधीमाई न.पा. वडा नं. ७) स्थित कित्ता नं. २३४ को क्षेत्रफल ०-४-०-० (बिगाह) को जग्गा ।
२९.	यस बैंकको नाममा मालपोत कार्यालय मौलापुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, सरमुजवा गा.वि.स. वडा नं. ९ (हाल बौधीमाई न.पा. वडा नं. ७) स्थित कित्ता नं. १७१७ को क्षेत्रफल ०-०-११-० (बिगाह) को जग्गा ।
३०.	यस बैंकको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, बरीयारपुर गा.वि.स. वडा नं. ६ ख (हाल गढीमाई न.पा. वडा नं. २) स्थित कित्ता नं. ५८८ को क्षेत्रफल ०-०-१८-४ (बिगाह) को घरजग्गा ।
३१.	यस बैंकको नाममा मालपोत कार्यालय काभ्रेपलाञ्चोकको लगतमा दर्ता कायम रहेको काभ्रेपलाञ्चोक जिल्ला, उग्रचण्डी नाला न.पा/गा.पा. वडा नं. ८ (हाल बनेपा न.पा. वडा नं. ३) स्थित कित्ता नं. १८६१ र २१९४ को क्षेत्रफल क्रमश : ६५२.७५ र ३८१.४८ (व.मि) को जग्गा ।
३२.	यस बैंकको नाममा मालपोत कार्यालय लगानखेल, ललितपुरको लगतमा दर्ता कायम रहेको ललितपुर जिल्ला, इमाडोल गा.वि.स. वडा नं. ८ (हाल महालक्ष्मी न.पा. वडा नं. ४) स्थित कित्ता नं. १२२ को क्षेत्रफल ७९.५० (व.मि) को घरजग्गा ।
३३.	यस बैंकको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा वडा नं. ७ स्थित कित्ता नं. १९ को क्षेत्रफल ३३४.३० (व.मि) को घरजग्गा ।
३४.	यस बैंकको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, मानपकडी गा.वि.स. वडा नं. ३ (हाल सद्धोधन गा.पा. वडा नं. ५) स्थित कित्ता नं. ७ को क्षेत्रफल १३७५ (व.मि) को जग्गा ।
३५.	यस बैंकको नाममा मालपोत कार्यालय सिन्धुपाल्चोकको लगतमा दर्ता कायम रहेको सिन्धुपाल्चोक जिल्ला, मेलम्ची गा.वि.स. वडा नं. ६ (हाल मेलम्ची न.पा. वडा नं. ११) स्थित कित्ता नं. १११६ र १११७ को क्षेत्रफल क्रमश ०-२-३-० र ०-२-३-० (रोपनी) को घरजग्गा ।
३६.	यस बैंकको नाममा मालपोत कार्यालय सिन्धुपाल्चोकको लगतमा दर्ता कायम रहेको सिन्धुपाल्चोक जिल्ला, ज्यामिरे गा.वि.स. वडा नं. २ (हाल मेलम्ची न.पा. वडा नं. १०) स्थित कित्ता नं. ५५४ को क्षेत्रफल ६-१४-१-० (रोपनी) को जग्गा ।
३७.	यस बैंकको नाममा मालपोत कार्यालय खैरहनी, चितवनको लगतमा दर्ता कायम रहेको चितवन जिल्ला, कठार गा.वि.स. वडा नं. ५ क (हाल खैरहनी न.पा. वडा नं. ११) स्थित कित्ता नं. ८६९ को क्षेत्रफल ७५२.७७ (व.मि) को जग्गा ।
३८.	यस बैंकको नाममा मालपोत कार्यालय लहान, सिरहाको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, सिंहग्राही मटिर्यावा गा.वि.स. वडा नं. ४/क (हाल लहान न.पा. वडा नं. १) स्थित कित्ता नं. ३१० को क्षेत्रफल ०-०-१२ -० (बिगाह) को जग्गा ।
३९.	यस बैंकको नाममा मालपोत कार्यालय लहान, सिराहको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, हनुमान नगर गा.वि.स. वडा नं. २ (हाल घनगढीमाई न.पा. वडा नं. १) स्थित कित्ता नं. ५१७ र ५४५ को क्षेत्रफल क्रमश : ०-२-०-० र ०-५-११-० (बिगाह) को जग्गा ।
४०.	यस बैंकको नाममा मालपोत कार्यालय लहान, सिराहको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, बस्तीपुर गा.वि.स. वडा नं. ४/क (हाल लहान न.पा. वडा नं. १३) स्थित कित्ता नं. ४८, ३२८, ३५४, ३६२, ३२९ र ११८ को क्षेत्रफल क्रमश : ०-२-७, ०-८-२, ०-६-५, ०-२-९, ०-८-२ र ०-७-९ (बिगाह) को जग्गा ।
४१.	यस बैंकको नाममा मालपोत कार्यालय भक्तपुरको लगतमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, सुडाल गा.वि.स. वडा नं. ५ख (हाल चौंगुनारायण न.पा. वडा नं. ८) स्थित कित्ता नं. ११८ को क्षेत्रफल क्रमश : १९०.७४ (व.मि) को घरजग्गा ।
४२.	यस बैंकको नाममा मालपोत कार्यालय उदयपुरको लगतमा दर्ता कायम रहेको उदयपुर जिल्ला, गाईघाट गा.वि.स. वडा नं. ३क स्थित कित्ता नं. २१०१ को क्षेत्रफल ३३८.५८ (व.मी) को घरजग्गा ।
४३.	यस बैंकको नाममा मालपोत कार्यालय उदयपुरको लगतमा दर्ता कायम रहेको उदयपुर जिल्ला, जोगीदह गा.वि.स./न.पा. वडा नं. १ स्थित कित्ता नं. ४३७ को क्षेत्रफल ३३२७.०१ (व.मी) को जग्गा ।
४४.	यस बैंकको नाममा मालपोत कार्यालय गौर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, बसन्तपट्टी गा.वि.स. वडा नं. ६ स्थित कित्ता नं. ६८७ र ५१६ को क्षेत्रफल क्रमश: १०१५.८९ र ३३८.६४ (व.मि.)को जग्गा ।
४५.	यस बैंकको नाममा मालपोत कार्यालय गौर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, बसन्तपट्टी गा.वि.स. वडा नं. ७ क स्थित कित्ता नं. ८७० को क्षेत्रफल १०१५.९२ (व.मि.)को जग्गा ।
४६.	यस बैंकको नाममा मालपोत कार्यालय बेलवारी, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, हरैचा गा.वि.स. वडा नं. ९/घ स्थित कित्ता नं. ३४०३ को क्षेत्रफल ०-०-१७-० (बिगाहा) को जग्गा ।
४७.	यस बैंकको नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता कायम रहेको तनहुँ जिल्ला, बन्दीपुर गा.वि.स. वडा नं.८ क स्थित कित्ता नं. ९६७ को क्षेत्रफल १-०-०-० (रोपनी) को जग्गा ।
४८.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय बाँकेको लगतमा दर्ता कायम रहेको बर्दिया जिल्ला, सानो श्री गा.वि.स. वडा नं. ३ क (हाल मधुवन न.पा. वडा नं. ८) स्थित कित्ता नं. २१९३ को क्षेत्रफल ०-४-० (बिगाह) को घर/जग्गा ।




तपसिल नं. १ मा उल्लेखित सम्पति




तपसिल नं. २ मा उल्लेखित सम्पति




तपसिल नं. ३ मा उल्लेखित सम्पति




तपसिल नं. ४ मा उल्लेखित सम्पति




तपसिल नं. ५ मा उल्लेखित सम्पति




तपसिल नं. ६ मा उल्लेखित सम्पति




तपसिल नं. ७ मा उल्लेखित सम्पति




तपसिल नं. ८ मा उल्लेखित सम्पति




तपसिल नं. ९ मा उल्लेखित सम्पति




तपसिल नं. १० मा उल्लेखित सम्पति




तपसिल नं. ११ मा उल्लेखित सम्पति




तपसिल नं. १२ मा उल्लेखित सम्पति




तपसिल नं. १३ मा उल्लेखित सम्पति




तपसिल नं. १४ मा उल्लेखित सम्पति




तपसिल नं. १५ मा उल्लेखित सम्पति



तपसिल नं. १६ मा उल्लेखित सम्पति



तपसिल नं. १७ मा उल्लेखित सम्पति



तपसिल नं. १८ मा उल्लेखित सम्पति

»पृष्ठ ५ मा क्रमश:

समृद्धिका लागि एमालेलाई बहुमत आवश्यक : ओली



'झुलाघाट-चिवाभञ्ज्याङ संकल्प यात्रा' अन्तर्गत बुधबार गुल्मीको वामीमा आयोजित सभा । तस्बिर : नयाँ पत्रिका

गुल्मीमा **टोपलाल अर्याल**, बाग्लुङमा **नारायण रिजाल**



जनभावना बुझ्न पदयात्रा गरिएको हो

एमाले अध्यक्ष केपी ओलीले समृद्ध नेपालका लागि एमालेको एकल बहुमत आवश्यक रहेको बताएका छन् । उनले एमालेबाहेकले देश बनाउन नसक्ने दाबीसमेत गरेका छन् । 'झुलाघाट-चिवाभञ्ज्याङ संकल्प यात्रा' को सन्दर्भमा गुल्मीको वामी आएका ओलीले एमालेको एकल बहुमतविना समृद्ध नेपाल निर्माण असम्भव भएकाले जनभावना बुझ्न पदयात्रा सुरु गरिएको बताए ।

यात्राका क्रममा एमालेप्रति जनताको ऊर्जा व्यापक देखिएकाले मिसन ०८४ का लागि योजनाबद्ध रूपमा काम गर्न एमाले नेता-कार्यकर्तालाई निर्देशन पनि दिए । देशका कुनाकाप्चाका जनताको समस्या, विकासको अवस्था र सरकारका कामबारे बुझ्ने मौका समृद्ध संकल्प यात्राले दिएको उनले बताए । भूकम्पपछिको राहत र पुनर्निर्माणमा सरकारको काम लज्जास्पद रहेको उनले आरोप लगाए । सामान्य पालमा सुत्केरी, शिशु र वृद्धवृद्धाको अवस्था कन्तविजोग रहेकाले सरकारले काममा तीव्रता दिनुपर्ने बताउँदै उनले भूकम्पमा अस्थायी आवास निर्माण र भग्नावशेष हटाउन खटिएका एमाले स्वयंसेवकले गरेको काम निकै उदाहरणीय रहेको भन्दै प्रसंशा गरे ।

'सरकारलाई खबरदारीसँगै रचनात्मक सहयोग गर्छौं'

एमाले अध्यक्ष ओलीले सरकारलाई खबरदारीसँगै रचनात्मक सहयोग गर्ने बताएका छन् । बुधबार बाग्लुङको बुर्तिबाङमा आयोजित कार्यक्रममा उनले सरकारले गरेका नराम्रा कामको एमालेले निरन्तर खबरदारी गर्ने र राम्रा काममा सहयोग गर्ने बताए । ओलीले अब राजनीतिक दलले पार्टीको मात्रै नभई विकास निर्माणको काम गर्नुपर्नेमा जोड दिए । उनले आफू मध्यपहाडी लोकमार्गको यात्रामा रहँदा केही क्षेत्र अहिलेसम्म विकासले नजोडिएका ठाउँमा तत्काल जोड्नतर्फ लाग्नुपर्ने भन्दै अब गाउँलाई प्रविधिसँग जोड्न जरुरी रहेको बताए । उनले लोकमार्गको विकासँगै विकटका ठाउँसम्म हरेक पूर्वाधार जोडिँदै गएको बताए ।

ओलीले एमालेले बाढीपहिरो होस् या भूकम्प हरेक विपत्का पीडितको पीडामा मलम लगाउने काम गरेको बताए । 'म जाजरकोट हुँदै आएको हुँ । भूकम्प प्रभावित क्षेत्रमा तत्काल राहत र उनीहरूको आवास निर्माणमा सरकारले ध्यान दिन जरुरी छ,' उनले भने, 'भूकम्पका कारण घरबारविहीन भएका जाजरकोट र रुकुम पश्चिममा एमालेले १ मंसिरदेखि ११ सय स्वयंसेवक परिचालन गरिरहेको छ । उनीहरूले निरन्तर काम गरेका छन् । हाल आठ सयभन्दा बढी अस्थायी घर निर्माण गरी हस्तान्तरण गरिसकेका छौं ।' एमालेले मध्यपहाडको अवस्था बुझेर यहाँको विकासका लागि खाका तयार गर्न झुलाघाट-चिवाभञ्ज्याङ समृद्धिका यात्रा थालेको उनले बताए ।

नयनपुर अस्पतालमा डिजिटल एक्स-रे



सिराहा/ धनगढीमाई नगरपालिकाले आफ्नै स्वामित्वमा चलाइरहेको नयनपुर नगर अस्पतालमा अत्याधुनिक डिजिटल एक्स-रे सेवा सञ्चालन भएको छ । २०औं महिला स्वास्थ्य स्वयंसेविका दिवसको सन्दर्भ पारेर नगरपालिकाले डिजिटल एक्स-रे सेवा सञ्चालन थालेको हो । नगरवासीको आधारभूत स्वास्थ्य सेवामा एक्स-रे सेवा सञ्चालनले महत्त्वपूर्ण भूमिका खेल्ने नगर प्रमुख शिवशंकर महतोले बताए । १९ असार ०७६ मा स्थापित यस अस्पतालमा इमर्जेन्सी, ओपिडी, ल्याब, एम्बुलेन्स, बर्थिङ र सुरक्षित गर्भपतनको सेवा सञ्चालन भइरहेको सामाजिक विकास समिति संयोजकसमेत रहेका धनगढीमाई- ९ का वडाध्यक्ष प्रकाश योञ्जनले जानकारी दिए ।

उनले नगर क्षेत्रका १४ वडाका जुनसुकै गाउँका गर्भवतीलाई अस्पतालसम्म आउन र ल्याब जाँच निःशुल्क गरिने बताए । अस्पतालले गर्भवती महिलालाई अस्पतालसम्म आउन र ल्याब जाँच निःशुल्कसहित एम्बुलेन्स सेवा सञ्चालन गरिरहेको छ ।

सिङ्गापुर गोर्खा पोलिक्लिनिक लिमिटेडको बार्षिक साधारणसभा सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८०/०८/२१

यस सिङ्गापुर गोर्खा पोलिक्लिनिक लिमिटेडको सञ्चालक समितिको २०८०/०७/२२ मा बसेको बैठकको निर्णयानुसार यस कम्पनीको बार्षिक साधारणसभा निम्न बिषयहरु उपर छलफल हुने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिको लागि सादर अनुरोध छ ।

सभा बस्ने मिति, समय र स्थान

मिति : २०८० साल पुष ७ गते शनिबार (तदअनुसार डिसेम्बर २३, २०२३)
समय: दिनको १०:०० बजे
स्थान: क्रिष्टल व्याङ्क्वेट मानभवन ललितपुर ।

प्रस्ताव तथा छलफलका बिषयहरु :

१. कम्पनीको आ.ब.२०७९/०८० को प्रगती विवरण प्रतिवेदन सम्बन्धमा ।
२. कम्पनीको आ.ब.२०७९/०८० को लेखापरिक्षक प्रतिवेदन सम्बन्धमा ।
३. आ.ब. २०८०/०८१ को कम्पनीको लेखापरिक्षकको नियूक्ति गर्ने सम्बन्धमा ।
४. सञ्चालक समितिको गठन सम्बन्धमा ।
५. विविध सम्बन्धमा ।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

दुई कदममा गौरव

उदय सुब्बा निर्देशित फिल्म 'दुई कदम'को ट्रेलर सार्वजनिक गरिएको छ। २ मिनेट ३ सेकेन्डको ट्रेलरमा एक जोडीको प्रेममा आउने उतारचढाव र लिम्बू संस्कारलाई प्रस्तुत गरिएको छ। फिल्ममा इओन लिम्बू, सिमोन गिरी, गौरव पहारी, विमला लिम्बू, सुनील थापा, कविता आले, सुरवीर पण्डित, प्रेम सुब्बा, बुद्धि तामाङलगायतको अभिनय छ।



खेलाडीको सम्मानमा हरिवंशले ल्याए गीत

हास्य कलाकार हरिवंश आचार्यले नेपाली खेलाडीको सम्मानमा खेल गीत ल्याएका छन्। खेलाडीप्रति समर्पित गर्दै हरिवंशले 'हामी नेपाली, हाम्रा खेलाडी' गाएका हुन्। स्विडेनमा रहेका गीतकार डा. दीपराज थापाको शब्द रहेको गीतको भिडियोमा विभिन्न खेलमा लागेका नयाँ-पुराना खेलाडीका यथार्थ श्रव्य-दृश्य समेटिएका छन्।



डिजिटल युगमा स्क्रिन एडिक्सनको चुनौती

नयाँ पत्रिका

'मेरो बच्चा मोबाइल नदेखाई खानै खान मान्दैन ? अत्यधिक गेम खेल्ने बानीले बच्चा समयमा सुत्नै मान्दैन ? पढाइभन्दा धेरै मोबाइलमा झुम्मिन्छ ?' यस्ता गुनासो धेरै अभिभावकले गर्ने गरेका छन्। बालबालिकामा मोबाइलको लतले विभिन्न समस्या देखिने गरेका छन्। यस्तो लतलाई समयमै नियन्त्रणमा राख्न नसक्दा उनीहरू मानसिक समस्याबाट ग्रसित हुने विभिन्न अध्ययनले औंल्याएका छन्। गत मार्चमा अमेरिकाको यले स्कुल अफ मेडिसिनअन्तर्गत साइक्याट्रिक डिपार्टमेन्टले कोलम्बिया स्कुल अफ नर्सिङसँग मिलेर नौदेखि १० वर्ष उमेरका पाँच हजार एक सय बालबालिकामा स्क्रिन एडिक्सनको लतका विषयमा अनुसन्धान गरेको थियो।

ग्याजेटको लतले बालबालिकाको मस्तिष्कमा नकारात्मक प्रभाव परिरहेको उक्त अनुसन्धानको ठहर थियो। डिजिटल प्रविधिमा धेरै समय बिताउनेमा दुई वर्षपछि डिप्रेसन, एन्जाइटी, सोसल एन्जाइटीलगायत विभिन्न मानसिक समस्या देखिने गरेको उक्त प्रतिवेदनमा उल्लेख थियो।

बालबालिका शारीरिक रूपमा आक्रामक हुने, चर्को स्वरमा बोल्ने, अरूले भनेको नटेर्नेलगायत समस्या देखिएको अनुसन्धानकर्ताहरूले औंल्याएका थिए। 'बालबालिकाका अभिभावकहरू यस्तो जटिल अवस्थालाई समाधान गर्ने कोसिसमा हुन्छन्। तर, जटिल अवस्थामा पुगिसकेपछि बालबालिकाहरूलाई सहयोग गर्न अभिभावकसमेत असमर्थ रहने गरेको देखिएको छ,' अध्ययन प्रतिवेदनका वरिष्ठ लेखक तथा यले स्कुल अफ मेडिसिनअन्तर्गत चाइल्ड स्टडी सेन्टरका प्रोफेसर मार्क पोटेन्जाले भने।

अन्य धेरै अध्ययनले पनि बालबालिकालाई सीमित समय मात्रै मोबाइल चलाउन दिनुपर्ने औंल्याएका छन्। अमेरिकाको मिचिगन विश्वविद्यालयकी बालविकासविज्ञ डा. जेनी राडेस्की भन्छिन्, 'अहिलेको दुनियाँमा बच्चाहरू स्क्रिनविना नै रमाउँछन् भनेर अभिभावकले अपेक्षा गरेर हुँदैन। तर, हामीले केही साना कदममार्फत प्रविधिको प्रयोग स्वस्थ्य रूपमा गर्न सक्छौं।' बच्चाहरूलाई मोबाइल, ट्यावलेट, टिभीलगायत उपकरण चलाउन दिनका लागि निश्चित समय निर्धारण गर्नुपर्नेमा उनी जोड दिन्छिन्। 'लगातार डिजिटल डिभाइसमा झुम्मिँदा विभिन्न शारीरिक समस्या देखिने भएकाले बच्चाहरूलाई सीमित समय मात्रै यसको प्रयोग गर्न दिनुपर्छ। उनीहरूलाई डिजिटल दुनियाँमा उपलब्ध सकारात्मक कन्टेन्टतर्फ आकर्षित गर्ने प्रयास गर्नुपर्छ। निश्चित समय चलाएपछि बन्द गर्नुपर्छ भन्ने सोच पनि उनीहरूमा विकास गर्नुपर्छ।'



डाक्टरको सल्लाह



डा. अनिलराज ओझा
बालविकास विशेषज्ञ
पाटन अस्पताल

बच्चालाई मोबाइल खेल्न दिनुको साटो विभिन्न आउटडोर र इन्डोर खेल खेलाउन सकिन्छ। उनीहरूसँगै खेल्ने, घुम्ने गर्न सकिन्छ। क्रिकेट, फुटबलजस्ता खेलले उनीहरूलाई शारीरिक रूपमा सक्रिय गराउँछ र मोबाइलजस्ता उपकरणको प्रयोगमा उनीहरूको ध्यान त्यति जान पाउँदैन। सामाजिक कार्यक्रममा बच्चालाई पनि लैजानुपर्छ। जसले मानसिक र शारीरिक विकासमा सहयोग पुग्छ।'

अभिभावक सँगै बसेर टेलिभिजनमा खेल हेर्ने, सामाजिक सञ्जालमा प्रेरक प्रसंग पढ्ने, बच्चालाई मैदानमै लगेर विभिन्न खेल खेलाउने, चित्रकला प्रदर्शनी, लाइब्रेरी, सिनेमा घर, पार्कलगायतमा घुमाउने कामसमेत गर्न सकिने राडेस्की बताउँछिन्।

अभिभावककै कतिपय गल्तीका कारण बालबालिकाहरूको स्क्रिन एडिक्सन बढ्ने भएकाले यस्ता गल्ती गर्न नहुने पाटन अस्पतालका बालविकास विशेषज्ञ डा. अनिलराज ओझा बताउँछन्। 'कतिपय अभिभावकले आफ्ना बच्चालाई पर्याप्त समय दिँदैनन्। जसकारण बच्चाहरू समय बिताउनका लागि मोबाइल खेल्न थाल्छन्। कतिपयले बच्चाहरू रिसाएका वा झर्किएका वेला उनीहलाई फकाएर शान्त बनाउन पनि मोबाइल दिन्छन्। खाना खान नमान्दा पनि मोबाइल दिने चलन छ। बिस्तारै यस्तो बानी बस्दै जान्छ र बच्चामा लतको विकास हुन्छ। कतिपय अभिभावक आफैं मोबाइल र टिभीमा घन्टौं बिताउँछन्। जसकारण, उनीहरूका बच्चाले पनि यस्तै गर्न सिक्छन्।'

के गर्ने ?

- दुई वर्षभन्दा मुनिका बच्चालाई झुक्किएर पनि मोबाइल नदिनुस्।
- दुई वर्षभन्दा माथिका बालकलाई केही समय मोबाइल चलाउन वा टिभी हेर्न दिँदा हुन्छ, तर अभिभावकसँगै राखेर छोटो समय मात्रै।
- ६ वर्षपछि उनीहरूसँगै बसेर मोबाइलमा कहिलेकाहीं गेम खेल्न सकिन्छ। तर, उनीहरूलाई इन्डोर र आउटडोर खेल पनि खेलाउनुपर्छ। जसकारण, शारीरिक रूपमा उनीहरू सक्रिय हुन्छन् र स्क्रिनमा ध्यान कम जान्छ।
- किशोर अवस्थामा पुगेपछि मोबाइल, ल्यापटप, टिभीमा बच्चाको रुचि बढ्नु स्वाभाविक हो। यतिवेला उनीहरूलाई थर्काएर हुँदैन, मोबाइलको प्रयोग सीमित मात्रामा गर्नुपर्छ भनेर राम्ररी सम्झाउनुपर्छ। टिभी हेर्दा पनि बैठक कोठामा बसेर परिवारसँगै हेर्ने बानी विकास गर्नुपर्छ। किताब पढ्ने, चेस खेल्नेलगायत बानी विकास गर्न सकिन्छ। यस्ता उपायले पनि इन्टरनेटको लतबाट छुट्कारा पाउन मद्दत मिलेन भने मनोचिकित्सकको सहायता लिन सकिन्छ।
- डिजिटल डिभाइसको लत बच्चामा मात्रै देखिन्छ भन्ने होइन। वयस्क व्यक्तिहरूमा पनि यस्तो समस्या देखिने गरेको छ। हप्तामा तपाईंले ३६ घन्टाभन्दा धेरै समय इन्टरनेटमा बिताउनुभयो भने यसलाई लत मानिन्छ। लतमा परिसकेपछि उम्कन सजिलो नहुने भएकाले पहिले यसलाई घटाएर १४ घन्टाभन्दा कम समयमा झार्नु राम्रो हुन्छ। त्यसपछि बिस्तारै अझै धेरै समय कटौती गर्न सकिन्छ। राम्रो महसुस गर्नका लागि मानिसहरूसँग भेटघाट गर्ने, खेल खेल्ने, परिवारसँग धेरै समय बिताउने, किताब पढ्ने, डायरी लेख्न थाल्नेलगायत काम गर्न सकिन्छ। जटिल समस्या देखिएमा मनोचिकित्सकको सहायता लिन सकिन्छ।

सानो स्पेसमा बिरुवा हुर्काउने उपाय



सहरका घरमा बगैंचा बनाउने पर्याप्त स्पेस हुँदैन। थोरै क्षेत्रफलमा बनेका घरमा करेसाबारी बनाउन पनि मुस्किल छ। त्यसैले फलफूलका बिरुवा लगाउन र हुर्काउन केही कुरामा ख्याल गर्नुपर्ने हुन्छ।



प्रदीप सिंखडा
सञ्चालक
एसएस एग्रिकल्चर फार्म

ठूला जातका बिरुवालाई सानो क्षेत्रफल वा गमलामा हुर्काउन सकिँदैन, तर हाइब्रिड जातका र कलमी गरिएका फलका बिरुवालाई सानो क्षेत्रफलमा सजिलै हुर्काउन सकिन्छ। कलमी गरेर सुन्तला, मुन्तला, कागती, भोगटे, चेरी, जुनार, मौसम, आँप, आरू, आरुबखडा, कागतीलगायत फलका बिरुवा गमलामै पनि रोप्न र फलाउन सकिन्छ। अर्थात्, कलमी गरेर एउटै रुखमा धेरै थरीका फल फलाउन मिल्छ।

चिसो मौसममा बिरुवाको हेरचाहमा पनि विशेष ध्यान दिनुपर्छ। जाडो मौसममा बिरुवाको इनर्जी कम हुन्छ। बिरुवामा विभिन्न प्रकारका भाइरसले संक्रमण गर्न सक्छ। माटोबाट विभिन्न प्रकारका भाइरस रुखमा सर्छ। जसले गर्दा हाँगा कमजोर हुन्छ। त्यसैले हाँगा बलियो बनाउने औषधिको प्रयोग गर्नुपर्छ।

बिरुवामा हड्डी धुलो, गाईवस्तुको मल, पिनाको धुलो मिसाएर हाल्नुपर्छ। जसले गर्दा बिरुवालाई स्वास्थ राख्न र फल फलाउन सहयोग पुग्छ। मंसिर र पुसमा बिरुवामा मल हालेपछि फागुन लाग्दा फल फल्छ।

तुसारोले नखाने तथा प्राकृतिक प्रकाश आउने ठाउँमा गमला राख्नुपर्छ। फल फल्ने बिरुवालाई घाम लाग्ने ठाउँमा राख्नुपर्छ। बिरुवा वरपर चारैतर्फ पर्याप्त खाली स्पेस राख्न सके बिरुवाको हेरचाह गर्न सजिलो हुन्छ। जाडोमा बिरुवालाई धेरै पानी दिनुहुँदैन। हप्तामा एकपटक मात्रै पानी हाल्नु राम्रो हुन्छ।

जाडोमा बाइकको सुरक्षा



- मोटरसाइकललाई रातको समय बाहिर त्यत्तिकै छाड्न हुँदैन। सकभर मोटरसाइकल राख्नका लागि कुनै छुट्टै टहरा वा स्पेसको व्यवस्था गर्नुस्, जहाँ शीत नलागोस्। बाहिरै राख्नुपर्ने अवस्था आएमा वाटरप्रुफ कभर प्रयोग गर्नु राम्रो हुन्छ।
- चेन, गियर र अन्य पार्टहरू (बोल्ट, नटलगायत) को सफाइ गर्नुस् र त्यसमा लुब्रिकेन्ट्स हाल्नुस्। नियमित रूपमा हावा चेक गर्नुस्।
- चिसोले बाइकको ब्याट्रीमा पनि असर गर्छ, त्यसैले ठिक्क तापक्रममा बाइक राख्न जरुरी छ। समय-समयमा वर्कसपमा लगेर बाइक चेक तथा सर्भिसिङ गराउनुस्।

काठमाडौं महानगरपालिका
२६ नं. वडा कार्यालय
लैनचौर, काठमाडौं, बागमति प्रदेश, नेपाल

कोठा खाली गर्ने सम्बन्धमा जारी भएको १५ (पन्ध्र) दिने सूचना

उपरोक्त सम्बन्धमा काठमाडौं जिल्ला अदालतको मिति २०७९/१०/०५ मा भएको फैसला र २०८०/०६/०४ मा भएको वण्डा मुचुल्का बमोजिम कि.नं. ८७९ मा बनेको घर जग्गा मध्ये राजेश श्रेष्ठको नाममा कायम रहेको तल्ला वाट २०८०/०६/०४ मा भएको वण्डा मुचुल्का बमोजिम उत्तर पूर्वी कुनाको कोठा संकेत नं. २ र ३ निवेदक शुभलक्ष्मी रन्जित र छोरा रिआन श्रेष्ठको नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाडौं वाट समेत कायम भईसकेको तर उक्त कोठा बिमला थापा (श्रेष्ठ), जेनी श्रेष्ठ र जेनीस श्रेष्ठले प्रयोग गरिरहेको हुँदा काठमाडौं जिल्ला अदालतको फैसला बमोजिम निज निवेदक र निजको छोरा रिआन श्रेष्ठको हकहिस्साको कोठा खालि गरिदिन अनुरोध गर्दा बिमला थापा श्रेष्ठहरुले प्रयोग गरिरहेका सबै कोठाहरु ताला बन्द गरि अन्यत्र गएको र उनीहरु सम्पर्क विहिन भएको हुँदा घर खालि गर्नका लागि वेवास्ता गरेको भनि शुभलक्ष्मी रन्जितले निवेदन दिनुभएको हुँदा काठमाडौं महानगरपालिका घर बहाल व्यवस्था निर्देशिका २०७९ को दफा २७ उपदफा ३ बमोजिम यस का.म.पा वडा-२६ को कार्यालयमा १५ दिन भित्र उपस्थित हुनु होला। यदि सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र उपस्थित नभएमा कोठा खालि गरिने व्यहोरा यसै सूचनामार्फत जानकारी गराईन्छ।

लाफिङ्ग बुद्ध पावर नेपाल लिमिटेड
काठमाडौं - ११
वार्षिक साधारण सभा सम्बन्धि सूचना


यस कम्पनीको मिति २०८०/०८/१९ मा बसेको संचालक समितिको निर्णय अनुसार कम्पनीको आ.व. (२०७९/२०८०) को वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरु माथि छलफल र निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनीहरुको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

वार्षिक साधारण सभा हुने मिति, समय र स्थान:
मिति : २०८०/०९/११ गते बुधबार
स्थान : De-valley Restaurent & Bar, Tripureswor
United World Trade Center, 5th floor
समय : दिनको १:३० बजे

छलफलका विषयहरु:
१) अध्यक्षज्यूबाट आ.व. २०७९/२०८० को कम्पनीको वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने र सो माथि छलफल तथा स्वीकृत गर्ने।
२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७९/२०८० को वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह लगायतका वित्तीय विवरणहरु माथि छलफल र स्वीकृत गर्ने।
३) कम्पनीको आ.व. २०८०/२०८१ को लागि लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने।
४) विविध।

कम्पनी सचिव
संचालक समितिको आज्ञाले
लाफिङ्ग बुद्ध पावर नेपाल लिमिटेड

पृष्ठ ४ बाट क्रमशः



लिलाम विक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।
२. प्राप्त बोलपत्रहरु बैंकले कुनै कारण नखुलाई अस्वीकार गर्न सक्ने छ ।
३. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४. माथि उल्लेखित लोकेशन म्याप केवल विक्री गरिने सम्पतिको स्थान पहिचानका लागि मात्र उल्लेख गरिएको हो । बिक्री गरिने सम्पतिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै चकिन गरी बोलपत्र पेश गर्नुपर्नेछ ।
५. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समय) यस बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने जानकारी गराईन्छ ।
६. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन् ।

नेपाली राजनीतिमा स्वार्थको द्वन्द्व

नेपाल बहुदलीय प्रणालीमा गएपछि राजनीतिक दललाई पैसा र बलले सहयोग गर्ने समूहहरूको दबदबा बढेको छ



● डा. कृष्णप्रसाद पौडेल

अग्रलेख

कमसल सिक्काले असल सिक्कालाई बजारबाट विस्थापित गराउँछ भन्ने ग्रेसमको नियमभैँ राजनीतिमा 'लाउके' र अवसरवादीहरूको हालिमुहाली भयो भने राजनीतिबाट असल व्यक्ति पलायन हुनेछन् । यसबाट राज्यको सबैभन्दा शक्तिशाली संस्था 'सरकार'मा असल र योग्य व्यक्तिहरूको सट्टा खराब र अयोग्य व्यक्तिहरूको हालिमुहाली हुनेछ ।

क्रिस्टिन ट्रोस्ट र एलिसन गासको पुस्तक 'स्वार्थको द्वन्द्व र सामाजिक जीवन'मा स्वार्थको द्वन्द्वलाई द्वैधताको रूपमा लिइएको छ । साथै, स्वार्थको द्वन्द्वका दुई पक्षलाई 'तल-माथि' आयाम र 'माथि-तल' आयामका रूपमा चित्रण गरिएको छ । तल-माथि आमाय निजी स्थिति जित्नका लागि प्रयोग हुन्छ भने माथिबाट तलको आयाम दिइएको अधिकारलाई आफ्नो व्यक्तिगत फाइदा र विशेषतः नातावाद, संरक्षण र घुसखोरीको लागि प्रयोग हुन्छ । योभन्दा माथि स्वार्थको द्वन्द्वले लोकतान्त्रिक प्रक्रियालाई प्रभावित र परिवर्तन गर्छ । यो मामिलामा स्वार्थको द्वन्द्वले मतदाताविरुद्ध हिंसा, भोट किन्ने, गेरीम्यानडरिङजस्ता अवस्था सिर्जना गर्दै अत्यधिक चुनावी खर्च, अवैध धन संकलन, मिडियाको चरम दुरुपयोग, संरक्षण र नातावादको आधारमा काम गर्ने परिपाटीसमेत सिर्जना गर्छ ।

स्वार्थको द्वन्द्व : स्वार्थको द्वन्द्वलाई 'कुनै स्वार्थ भएको अवस्था' भनेर परिभाषित गरिएको छ । स्वार्थको द्वन्द्व एउटा सामाजिक सिद्धान्त हो, जसले दुर्लभ स्रोतहरू नियन्त्रण गर्न समाजमा धनी र गरिबबीचको द्वन्द्वबारे छलफल गर्छ । यसले विभिन्न लिंग, मानव जाति, राजनीतिक समर्थक, धार्मिक अनुयायी र पेसाकर्मीबीच देखिएका शक्ति र वर्गसंघर्षको समेत व्याख्या गर्छ । स्वार्थको द्वन्द्व सिर्जना हुने अवस्थामा निष्पक्ष भएर निर्णय लिन कठिन हुन्छ । लोकतन्त्रमा निष्पक्ष नीति निर्माण भन्ने सिद्धान्तले नै स्वार्थको द्वन्द्व व्यवस्थापनको परिकल्पना गरेको हुन्छ ।


स्वार्थको द्वन्द्वको सिद्धान्तअनुरूप एक व्यक्ति वा संगठन बहुहितहरूमा संलग्न हुन्छ । तिनै व्यक्ति वा संस्थाले अरूको हितमा आफ्नो स्वार्थ वा विशेष समूहको हितलाई प्राथमिकता दिन सक्ने अवस्था सिर्जना गर्छन्, जसले गर्दा नैतिक प्रश्न सिर्जना हुन्छ । स्वार्थको द्वन्द्वले व्यापार, राजनीति, स्वास्थ्य सेवा, कानुनी अभ्यास साथै अन्य क्षेत्रमा असर पारेको देखिन्छ । यसको न्यूनीकरणका लागि आवश्यक नीति र नियम आवश्यक हुन्छन् ।

स्वार्थको द्वन्द्व व्यवस्थापन किन आवश्यक ? : आजका दिनमा स्वार्थको द्वन्द्वले आफ्नो दायरा सिंहदरबारबाट दूरदराजसम्म फैलाइसकेको छ । अर्को शब्दमा, स्वार्थको द्वन्द्वको सामाजिकीकरण भएको छ । तर, यो यथार्थले हाम्रा सरकार, नीति-निर्माता र राजनीतिक दलहरूलाई अहिलेसम्म छुन सकेको छैन । त्यसैले स्वार्थको द्वन्द्व व्यवस्थापनको विषय अहिले पनि नीति-निर्माणको तहमा प्राथमिकता बन्न सकेको छैन ।

स्वार्थको द्वन्द्वको व्यवस्थापन हाम्रो लोकतन्त्रको भविष्यसँग जोडिएको छ । किनकि स्वार्थको द्वन्द्वको व्यवस्थापनको अवधारणा प्रजातान्त्रिक मूल्य र मान्यताको एउटा महत्त्वपूर्ण पक्ष हो । त्यसैले उन्नत लोकतन्त्र भएका देशले सार्वजनिक पद धारण गरेका व्यक्तिहरू स्वार्थको द्वन्द्वमा संलग्न भएर अनुचित निर्णय नलिऊन् र सार्वजनिक हितविरुद्ध आफ्नो कार्यालय र पदको दुरुपयोग नगरून् भनेर स्वार्थको द्वन्द्वको प्रभावकारी व्यवस्थापन गर्न कानुनी र नीतिगत व्यवस्था गरेका छन् ।

राजनीति र स्वार्थको द्वन्द्वको सम्बन्ध : बिपीले पञ्चायतको कटाक्ष गर्दै भन्नुभएको थियो, 'पञ्चायती व्यवस्था एउटा त्यस्तो तत्त्वका निम्ति आयो, जसलाई हाम्रो देशसँग सम्बन्ध छैन । त्यो तत्त्व न पुँजीवादी वर्ग हो, न सामन्ती, यो त भुइँफुट्टा वर्ग वा लाउके हो ।' ०६२/०६३ को आन्दोलनपछि पनि नेपालमा यही परिदृश्य देखिन्छ ।

२०७४ सालको संविधानले नेपाललाई लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको रूपमा स्थापना गरेको छ । यो संविधानले नेपालमा लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको परिकल्पना गर्दै दिगो विकास, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने उद्देश्य राखेको छ । सामन्ती, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाले सिर्जना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्ने उद्घोष गरेको यो संविधानले यसको उद्देश्य पूरा गऱ्यो वा गरेन त्यसको समीक्षा गर्ने समय भयो वा भएन भन्ने विषयमा गहन छलफल आवश्यक छ ।



बिपीले भनेका लाउकेहरूको स्वरूप परिवर्तन हुँदै आइरहेको छ । राज्यको साधन-स्रोत उनीहरूकै हातमा छ भन्दा अत्युक्ति नहोला । अझ राज्य शक्ति नै उनीहरूको हातमा छ । युवा पुस्ता पनि लाउके प्रवृत्तिसँग नजिक हुन चाहिरहेको छ । लाउके प्रवृत्तिका कारण देशमा ठुल्ठूला राजनीतिक र सामाजिक परिवर्तन भए पनि आर्थिक परिवर्तन हुन सकिरहेको छैन । अतः २००७ सालदेखि ०६२/०६३ को परिवर्तनसम्मको समयलाई हेर्ने हो भने राज्यको साधन र स्रोतमा सीमित व्यक्तिको मात्र पहुँच पुगेको देखिन्छ । स्वार्थ समूह हाबी हुने मुख्य कारण आर्थिक पाटोसँग जोडिन्छ । नेपाल बहुदलीय प्रणालीमा गएपछि राजनीतिक दललाई पैसा र बलले सहयोग गर्ने समूहहरूको दबदबा बढेको छ ।

> स्वार्थको द्वन्द्वका कारण हाम्रो विधायिका स्वार्थी समूहको अखडाजस्तो भएको छ । वैदेशिक रोजगार व्यवसायी सांसद संसद्को श्रम समितिको सदस्य छ । उद्योगपति सांसद वाणिज्य समितिमा छ । स्कुल सञ्चालक सांसद शिक्षा समितिमा छन् ।

स्वार्थको द्वन्द्वको निराकरण : सत्ता प्राप्तिका लागि सबै सर्त स्वीकार गर्ने तर प्राप्त गरेपछि सत्तालाई व्यक्तिगत स्वार्थमा प्रयोग गर्ने व्यक्तिवादी प्रवृत्तिका कारण स्वार्थको द्वन्द्व सुरुवात भएको छ । स्वार्थको द्वन्द्वसम्बन्धी कानुनले स्वार्थको द्वन्द्वसँग सम्बन्धित नियम, नीतिहरू र प्रक्रियाहरूको रूपरेखा पस्किन्छ । यसलाई स्वार्थको द्वन्द्व के हो भनेर परिभाषित गर्न प्रयोग गरिन्छ, कसरी द्वन्द्वहरू पहिचान र व्यवस्थापन गर्नुपर्छ, र स्वार्थको द्वन्द्वले नियमहरूको उल्लंघनका परिणाम के हुन्छन् भनेर निर्क्योल गरिदिन्छ । यसको उद्देश्य व्यक्तिगत स्वार्थले जनताको विश्वासमा आँच आउन सक्ने अवस्थाबाट बच्न निर्णय प्रक्रियामा पारदर्शिता, जवाफदेहिता र निष्पक्षता सुनिश्चित गर्नु हो । यस्तो कानुन सरकारी अधिकारी, निश्चित कम्पनी वा संस्थाका कर्मचारीका लागि अनिवार्य हुन सक्छ ।

स्वार्थको द्वन्द्वले त्यस्तो अवस्थालाई बुझाउँछ, जहाँ एक व्यक्ति वा संस्थाको प्रतिस्पर्धात्मक चासो, बफादारी वा दायित्वहरूले उनीहरूका कर्तव्यको निष्पक्ष प्रदर्शनमा हस्तक्षेप गर्न सक्छ । यो सामान्यतया तब उत्पन्न हुन्छ, जब एक व्यक्तिको निजी वा व्यक्तिगत चासोले उसका पेसागत निर्णय वा कार्यलाई प्रभाव पार्छ । स्वार्थको द्वन्द्वको अवधारणा सरकार, व्यवसाय र स्वास्थ्य सेवासहित सबैजसो क्षेत्रका लागि महत्त्वपूर्ण छ । किनकि यसले व्यक्तिलाई व्यक्तिगत लाभका लागि उनीहरूको आस्था विश्वासगत स्थितिको दुरुपयोग हुनबाट रोक्न खोज्छ । स्वार्थको द्वन्द्वका प्रावधानहरू देश र संगठनबीच भिन्न हुन सक्छन् । तर, निर्णय प्रक्रियामा पारदर्शिता र अखण्डता कायम राख्नु यसको आधारभूत सिद्धान्त हो ।

स्वार्थको द्वन्द्वका कारण हाम्रो विधायिका स्वार्थी समूहको अखडाजस्तो भएको छ । वैदेशिक रोजगार व्यवसायी सांसद संसद्को श्रम समितिको सदस्य छ । उद्योगपति सांसद वाणिज्य समितिमा छ । स्कुल सञ्चालक सांसद शिक्षा समितिमा छन् । निर्माण कम्पनी सञ्चालक सांसद विकास र सार्वजनिक लेखा समितिमा छन् । बैंक सञ्चालक अर्थ समितिका सदस्य हुने चलन ०६५ सालपछाडि संसदीय अभ्यासको परम्पराकै रूपमा स्थापित भएको छ ।

विगतमा पहुँचका आधारमा ठेक्का, विभिन्न खालका अनुमतिपत्र, आयोजनाहरू हत्याउन दौडधुप गर्ने स्वार्थ समूहको उपस्थिति पछिल्लो समयमा निर्णय गर्ने तहमै पुग्न थालेको छ । स्वार्थ बाझिएका सांसदहरू संसदीय समितिमा बसेर आफूअनुकूल कानुन बनाउने अभ्यासको विरोध भएपछि प्रतिनिधिसभा नियमावली नै संशोधन गर्न दबाब बढ्यो । आफू व्यापक जनमतबाट सत्ताको नेतृत्वमा आएको गर्व गर्ने तर सीमित स्वार्थसमूहको हितका लागि राज्यका सबै संयन्त्र प्रयोग गर्न उद्यत हुने प्रवृत्तिबाट नेतृत्वले सत्ताको चरम दुरुपयोग गरेकाले यसको समाधान खोज्नु आवश्यक छ ।

नेतृत्वले सत्तास्वार्थका लागि संविधान र लोकतन्त्रका आधारभूत मान्यता तथा संसदीय परम्परालाई कुल्चिएर जनताले दिएको राजनीतिक स्थायित्व र विकासको अभिमतलाई अवमूल्यन गरेका थुप्रै उदाहरण छन् । आजको नेतृत्व सत्तामा पुगेपछि सीमित स्वार्थसमूहभित्र रमाउने, जनतामाझ एकाकार हुन नचाहने र त्यही स्वार्थसमूहको भलाइलाई मुलुकको प्रगति देख्ने वातावरण नै स्वार्थको द्वन्द्वको मूल कारक हो ।

अतः बिपीले भनेझैं नेपालमा भएका परिवर्तनको फाइदा भुइँफुट्टे वा लाउकेहरूलाई मात्र भएको छ । सुरुवाती समयमा लाउकेहरू व्यापार र व्यवसायमा मात्र थिए भने आज राजनीतिको मूल प्रवाहमा पुगेका छन् । राजनीतिमार्फत हुने सरुवाबढुवामा समेत यिनीहरूकै हालिमुहाली छ । जबसम्म राजनीतिलाई यी र यस्तै प्रवृत्तिका व्यक्तिबाट अलग्याउन सकिँदैन, जुनै तन्त्र भए पनि देशले सामाजिक, राजनीतिक र आर्थिक रूपमा फड्को मार्न सक्नेछैन ।

(पौडेल नलेज मेनेजमेन्ट इन्स्टिच्युटका सिइओ हुन्)

---

३ प्रश्न

बुद्धिजीवी एवं दलित अधिकारकर्मी **घम्बर नेपाली**लाई



जाजरकोटका नवराज विकसहित ६ युवाको हत्या प्रकरणमा आएको फैसलालाई कसरी लिनुभएको छ ?

दलितमाथि यस्ता थुप्रै घटना हुँदै आएका छन् । तर, रुकुम चौरजहारीको सोती हत्या-प्रकरण भने आम नरसंहारकै तहमा भयो । यसले सिंगो मुलुकलाई नै तरंगित बनायो । समाजमा जातीय विभेद घट्दै गएको भनिरहेको अवस्थामा यसले विभेदको जरा कुन हदसम्म जब्बर छ भन्ने कुरा उजागर गर्ने काम गऱ्यो । अन्तर्जातीय प्रेमविवाह गर्न खोजेको निहुँमा पूरै गाउँ नै उर्लिएर ६ युवाको बीभत्स ढंगबाट ज्यान लिने काम भयो । नेपालमा दलित न्यायको सन्दर्भमा अन्य पीडितका हकमा बिरलै न्याय भएको अवस्था थियो । अजित मिजारलगायत प्रकरणमा न्याय नभइरहेको अवस्थामा त्यहाँको जिल्ला अदालतले तत्कालीन वडाध्यक्षसहित २४ जनालाई जन्मकैद गर्नुलाई पनि माइलस्टोनका रूपमा नै लिनुपर्छ ।

यो फैसलाले दलित पीडित रहेका अन्य मुद्दाको न्याय निरुपणमा सकारात्मक असर पर्ला ?

यो फैसलाका पछाडि अधिकारकर्मी, पत्रकारलगायतको निरन्तरको खबरदारी रहेको कुरालाई बिर्सनुहुँदैन । यसले, अन्य मुद्दामा पनि निरन्तर खबरदारी हुन सके दलित एवं सीमान्तकृतले न्याय पाउन सक्छन् भन्ने कुरालाई भने स्थापित गरेको छ । यो फैसलाबाट कुनै नजिर स्थापित भएको पनि होइन ।

यसले जातीय विभेद कम गर्न पनि योगदान गर्ला ?

यो फैसलाले जातीय विभेद एवं दमनका गतिविधिलाई निरुत्साहित गर्न सकारात्मक प्रभाव पार्छ भन्ने लाग्छ । पीडित परिवारले समेत यो फैसलालाई स्वागत गरेको छ । यसले एउटा पृष्ठभूमि वा भाष्य स्थापित गरी न्यायकर्मीलाई पनि यस्ता मुद्दामा अलि सतर्क भएर समयमै न्याय निरुपण गर्नुपर्छ भन्ने मनोभावनाको विकास गर्न प्रेरणाको काम गर्न सक्छ । अन्य घटनामा यो स्तरको खबरदारीको अभाव छ । त्यसैले न्याय हुन सकिरहेको छैन ।

प्रेरक प्रसंग

दृढ निश्चयको शक्ति

ग्लेन कनिंघम र फ्लोयड दाजुभाइ थिए । कुरा सन् १९७१ को हो । सो समय ग्लेन सात र फ्लोयड १३ वर्षका थिए । उनीहरू अमेरिकाको एट्लान्टास्थित क्यान्सनको रोलर सन फ्लावर कन्ट्री स्कुलमा बस्थे । त्यहाँ उनीहरूले जाडोको समयमा विद्यार्थी आउनुअघि कोइला बालेर कक्षालाई तातो बनाउने काम पाएका थिए । उनीहरू मट्टीतेलले पहिले दाउरा सल्काउँथे र त्यसबाट कोइला बाल्थे । एकदिन भूलवश उनीहरूले मट्टीतेलको डब्बामा पेट्रोल भर्न पुगे । जब फ्लोयडले दाउरामा पेट्रोल खन्याएर सलाई कोरे आगोको लप्काले तुरुन्तै उनीहरूलाई पनि टिप्यो । गम्भीर रूपमा जलेका फ्लोयडको उपचारका क्रममा मृत्यु भयो । ग्लेन भने बाँचे । तर, नराम्रोसँग जलेका कारण डाक्टरले ग्लेनको खुट्टा काट्नुपर्ने कुरा उसकी आमालाई बताए । आमा ग्लेनको खुट्टा काट्न राजी भइनन् । उनले ग्लेनलाई घर ल्याएर आफैंले मलमपट्टी लगाउन थालिन् । केही समयपछि खुट्टाको मालिस सुरु गरिन् । यो काम उनले दुई वर्ष गरिन् ।



दुई वर्षपछि ग्लेन बिस्तारै हिँड्न सक्ने भए । एकदिन उनी खुट्टा घिसार्दै स्कुलसम्म पुगे । स्कुल जाने-आउने गर्न थालेपछि उनको चाल दौडमा बदलिन लाग्यो । दौडमा तीव्रता आउन थालेपछि उनी स्कुलका श्रेष्ठ धावक बने । पछि सहरको उत्कृष्ट धावक हुँदै ओलम्पिकमा कास्यपदक विजेता नै बने । शारीरिक शिक्षामा पिएचडी गरेर उनी शिक्षक बने । स्कुल खोलेर निराश बालबालिकामा उत्साह भर्न लागे । उनको दृढता, लगन र आत्मबललाई देखेर क्यान्ससमा ग्लेन कनिंघमलाई लौहपुरुष भनिन थाल्यो ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

नेताहरू पदको चिन्ता गर्दै छन् !

पाँचदलीय गठबन्धनले सरकार चलाएको एक वर्ष भयो । यो अवधिमा अर्थतन्त्रमा खासै सुधार आएको छैन । अर्थतन्त्रमा सुधार किन आएन भनेर संसद्मा छलफलसमेत गरेको पाइँदैन । सांसद-मन्त्रीले आफ्नो कर्तव्य के हो भनेर नबुझ्दा समस्या आएको छ । उनीहरूको राजनीति पद, प्रतिष्ठा सत्ता र भत्तामै सीमित देखिन्छ । अहिले पनि उनीहरू रत्तिभर परिवर्तन हुन चाहिरहेका छैनन् । देशको अर्थतन्त्र कमजोर हुँदै गएर हरेक व्यवसाय चौपट हुने अवस्था सिर्जना भएको छ । साना व्यवसायीलाई सटर भाडासमेत तिर्न कठिन हुँदै गएको छ । कहिलेसम्म देशलाई रेमिट्यान्सकै भरमा चलाउने ? नागरिक आर्थिक संकटले मर्ने अवस्थामा पुग्दै छन्, तर नेताहरू अहिलेदेखि ८४ को निर्वाचनमा सिट कसरी बढी ल्याउन सकिन्छ भनेर देश दौडाहामा लागेका छन् । उनीहरूलाई देशको होइन, पदको मात्रै चिन्ता देखिन्छ ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं

ढिला आएको सही निर्णय

अन्तर्जातीय प्रेमविवाह गर्न खोजेका जाजरकोटका नवराज विकसहित ६ जनाको अत्यन्त क्रूरतापूर्वक हत्यामा संलग्न २४ जनालाई अदालतले जन्मकैदको फैसला सुनाउँदा धेरैले खुसी प्रकट गरेका छन् । अदालतले गर्नैपर्ने काम ढिलै गर्दासमेत नागरिक खुसी हुनुपर्ने विडम्बनालाई कहिलेसम्म कायम राख्ने ? तर, यो फैसलाले सत्ता र शक्तिको आडमा खुलेआम अपराधलाई समेत दुर्घटना करार गर्न खोज्नेहरूलाई भने बलियो झापड दिएको छ ।

● **शिवराम विक**
जाजरकोट

त्रिविमा फेरि भागबन्डा !

त्रिभुवन विश्वविद्यालयमा पुनः भागबन्डा गरिएको समाचारले निराश बनायो । राज्यका महत्त्वपूर्ण संस्था र अंगलाई राजनीतिक कार्यकर्ता भर्तीको अखडा बनाउँदा नै देशको हालत अहिलेको अवस्थामा पुगेको हो । त्रिविको उपकुलपतिलगायत पदाधिकारीमा राजनीतिक भागबन्डाको संस्कृतिलाई निरन्तरता दिएर राजनीतिक दलले आफूहरू नसुध्रिने सन्देश दिएका छन् । जनताले हिसाब राखून् ।

● **अनिता लामा**
कपन, काठमाडौं

एनसेल सेयर प्रकरण : देशमाथिको लुट

एनसेलको सेयर खरिद-बिक्रीबारे सरकारले छानबिन गर्ने भनेछ । छानबिनको बहानाबाजी होइन, कारबाही गर । नेपाल सरकारको सम्पत्ति 'फ्रिक्वेन्सी' प्रयोग गरेर व्यवसाय गरेको २५ वर्षपछि सो व्यवसायमा रहेको विदेशी लगानीकर्ताको हिस्सेदारी सरकारको स्वामित्वमा आउने बाध्यकारी कानुनी प्रावधानलाई छल्न र देशलाई ठग्न यो प्रपञ्च रचना भएको छर्लंगै छ । नेपाल राष्ट्रमाथिको यो 'ठगीधन्दा'मा यहाँका उच्चपदस्थको समेत संलग्नता हुनुपर्छ । केहीपहिले मात्रै करछलीको प्रयास गरेका एनसेलका लगानीकर्ताले यहाँका पहुँचवालाको सहयोग र समर्थनविना फेरि अर्को ठगीको तानाबाना बुनेको विश्वास गर्न सकिँदैन । यो प्रकरणमा बीसौं अर्बमा करछली गर्न खोजिएको छ भने नेपाल सरकारको स्वामित्वमा आउने थप बीसौं अर्बको सम्पत्ति पनि अपचलन गरेर आफ्नो बनाउने धन्दा भएको छ ।

यो प्रकरणका मूल पात्रका रूपमा देखिएका सतीशलाल आचार्यमाथि तत्काल सम्पत्ति शुद्धीकरण, करछलीलगायत आकर्षित हुन सक्ने सबै कानुनअन्तर्गत सूक्ष्म ढंगले पारदर्शी रूपमा छानबिन थालियोस् । यो जघन्य ठगीमा को-को मतियार छन् भन्ने कुरा समयक्रमसँगै खुल्दै जानेछ । जनताले निरन्तर सचेत खबरदारी नगरे मिलीभगतको यो लुटको षड्यन्त्र सफल हुनेछ । नेपाललाई लुटेराहरूको स्वर्गभूमि बन्न नदिन सरकार गम्भीर होस् । नेपालले कानुनअनुसार पाउनुपर्ने कर लिँदासमेत एफडिआई हतोत्साही हुने खालका टिप्पणीसमेत हुने गरेका छन् । नेपालको प्राकृतिक सम्पदा उपयोग गरेर खर्बौंमा कमाउने, तर कर तिर्नुपर्ला भनेर अनेक छिद्र खोज्ने इमानदार र योग्य लगानीकर्ता हुन सक्दैनन् । नेपाल सरकार पनि यो कुरामा प्रस्ट हुनु आवश्यक छ ।

● **सुवास खड्का**, बालकोट, भक्तपुर

देश / विदेश

साझेदारी नै चीन-युरोपियन युनियन सम्बन्धको आधार

चीन 'साझेदार, प्रतिस्पर्धी र संरचनागत प्रतिद्वन्द्वी' हो भन्ने युरोपियन युनियनको तीनमुखे अडानलाई एकैठाउँमा ल्याउन खोज्दा विरोधाभाष र द्वन्द्व अवश्यंभावी हुनेछ

चीन र युरोपियन युनियनबीच भएको सहमतिअनुसार २४औं चीन-युरोपियन युनियन शिखर सम्मेलन ७ डिसेम्बरका दिन बेइजिङमा हुन गइरहेको छ । राष्ट्रपति सी जिनपिङले युरोपेली परिषद्का अध्यक्ष चार्ल्स मिसेल र युरोपेली आयोगका अध्यक्ष उर्सुला भोन डेर लेयनसँग भेटवार्ता गर्नेछन् । प्रधानमन्त्री ली छ्याङ, परिषद्का अध्यक्ष चार्ल्स मिसेल र आयोगका अध्यक्ष उर्सुला भोन डेर लेयनले संयुक्त रूपमा शिखर सम्मेलनको अध्यक्षता गर्नेछन् । चार वर्षपछि हुन गइरहेको चीन-युरोपियन युनियन शिखर सम्मेलनप्रति युरोपेली समाजका विभिन्न वर्ग, विशेषतः व्यापारिक समुदायले उत्सुकता राखेको छ । यो शिखर सम्मेलनबाट सकारात्मक नतिजा हासिल हुनेछ भन्ने अपेक्षा गरिएको छ । यी अपेक्षाले चीन र युरोपियन युनियनबीचको संवादलाई पुनर्जागृत गरेको छ । सम्मेलनअघि चिनियाँ पक्षले चीन र युरोपियन युनियन प्रतिद्वन्द्वी होइनन्, दुवैबीचको भिन्न मतभन्दा साझा हित बढी रहेको भन्नेमा जोड दिएको थियो । यही कुरालाई यसअघिका करिब सबै महत्त्वपूर्ण चीन-युरोपियन युनियन सम्मेलन वा कार्यक्रममा चिनियाँ पक्षले जोड दिँदै आएको छ । चीनले युरोपियन युनियन प्रतिद्वन्द्वी होइन, हाम्रा साझा स्वार्थ छन् त्यसै भनिरहेको छैन । यो प्रत्याभूति युरोपमा चीनप्रतिको गलत बुझाइ चिर्न र चीन युरोपियन सम्बन्धमा चीन प्रतिबद्ध रहेको देखाउन व्यक्त गरिएको हो । शिखर सम्मेलनले चीन-युरोपियन युनियन सम्बन्धको निरन्तर र बलियो विकासका लागि रणनीतिक दिशा प्रदान गर्नुपर्छ । युरोपेली पक्षले यस आधारभूत विषयमा थप स्पष्ट प्रतिक्रिया दिनु आवश्यक छ । युरोपेली परिषद्ले यही वर्षको ३० जुनमा जारी गरेको दस्तावेजमा चीन अझै पनि 'साझेदार, प्रतिस्पर्धी र संरचनागत प्रतिद्वन्द्वी'का रूपमा रहेको जनाएको थियो । चीनप्रतिको यो तीनमुखे अडान त्रुटिग्रस्त मात्र नभई हानिकारक पनि छ । यी अडानका आधारमा युरोपले बनाएको चीनप्रतिको नीति विशृंखल, अस्पष्ट र अत्यधिक अस्थिर छ । युरोपभित्रका भिन्न अवधारणा मिलाउन प्रयास गर्ने यो तेहरो दृष्टिकोणले धेरै युरोपेलीमाझ भ्रम पैदा गरेको छ र चीनबारे तिनको बुझाइलाई दिशाविहीन बनाइदिएको छ ।

'साझेदार', 'प्रतिस्पर्धी' र 'संरचनागत प्रतिद्वन्द्वी' तीन पृथक् अडान हुन्, एकै होइनन् । यिनलाई एकै ठाउँमा ल्याउन खोज्दा विरोधाभाष र द्वन्द्व अवश्यंभावी हुनेछ । व्यवहारतः चीनप्रति युरोपको अडान क्रमशः 'प्रतिस्पर्धी' वा 'प्रतिद्वन्द्वी'को दिशातर्फ अघि बढिरहेको छ । यो परिवर्तन युरोपियन युनियनको चीनप्रतिको 'जोखिममुक्त' रणनीतिको समर्थन, राजनीतिक र सुरक्षा विचारमा बढेको चासो र चीनलाई लिएर अमेरिकाको नियन्त्रण नीतिसँगको समर्थनले स्पष्ट पारेको छ । यी सबै कारकले चीन-युरोपियन युनियन सम्बन्धमा अनावश्यक व्यवधान र अप्ठ्यारा निम्त्याउनेछ । यदि युरोपियन युनियन आफ्नो अवधारणालाई जारी नै राख्छ भने चीन र युरोप साँच्चैमा 'साझेदार'बाट 'प्रतिद्वन्द्वी'बन्ने सम्भावना रहन्छ । यो अवस्था दुवै पक्षका लागि अनिच्छित अवस्था हो । युरोपले यो महत्त्वपूर्ण मुद्दालाई सम्बोधन गर्नुपर्छ र एक बृहत् रणनीतिक साझेदारी नै चीन र युरोपबीचको एक मात्र सही र उचित अडान हो भन्ने तथ्य स्वीकार गर्नुपर्छ । वास्तवमा साझेदारीलाई एक वस्तुगत तथ्यका रूपमा लिइनुपर्थ्यो, तर केही युरोपेलीले विभिन्न किसिमका दोषी चस्मा पहिरेका छन् र यो वस्तुगत तथ्यलाई देख्न सकिरहेका छैनन् । चीन र युरोपबीचको स्पष्ट भिन्नताको समयमा पनि बहुपक्षीयतालाई कायम राख्ने, विश्वव्यापी शासनलाई सुदृढ पार्ने र व्यापार संरक्षणवाद एवं एकपक्षीयताको विरोध गर्नेजस्ता आधारभूत मुद्दामा हाम्रो अडान निरन्तर रूपमा एक ठाउँमा थिए । जलवायु परिवर्तनजस्ता विश्वव्यापी समस्यालाई सम्बोधन गर्न र क्षेत्रीय शान्ति एवं स्थायित्वलाई प्रवर्द्धन गर्न समन्वय र पारस्परिक सहयोग सहज रहँदै आएको छ । यसबाहेक चीन र युरोपबीचको व्यापारको एक ठूलो हिस्साले धेरै



तस्बिर : भिसिजी

पारस्परिक लाभकारी साझेदारयुक्त परियोजनालाई समर्थन गर्दै आएको छ । चीन र युरोपबीच कुनै ठूलो द्वन्द्व छैन । वास्तवमा सहयोगले नै हाम्रो सम्बन्धलाई व्यापक रूपमा परिभाषित गर्छ । यदि यो साझेदारी होइन भने यो सम्बन्धलाई के भन्ने ?

जबसम्म हामी हाम्रो दृष्टिकोण फराकिलो बनाउँछौं र हाम्रो विवेकलाई उदार बनाउँछौं, तबसम्म भिन्नतालाई पनि प्रभावकारी रूपमा व्यवस्थापन गर्न सकिन्छ ।

उदाहरणका लागि, युरोपियन युनियनको ग्लोबल गेटवे रणनीति र बेल्ट एन्ड रोड इनिसिएटिभ एक-अर्काको विरोधी नभई पारस्परिक सहयोगी रहेको दाबी गर्दै विदेश मामिला र सुरक्षा नीतिका लागि युरोपियन युनियनका उच्च प्रतिनिधि जोसेप बोरेल फन्टेलले जनाएका छन् । उनले यी दुवै पहलले विश्वव्यापी विकासलाई प्रोत्साहन गर्ने साझा लक्ष्य प्रस्तुत गरेकोमा जोड दिएका थिए । वैश्विक पूर्वाधारको अन्तर खर्बौं डलरमा छ र कुनै एक मुलुक वा आर्थिक संस्थाले यो वैश्विक बजारमा एकाधिकार जमाउन सक्दैन । त्यसैगरी केही स्थानीय द्वन्द्व र जल्दाबल्दा मुद्दामा युरोप र चीनले युद्धविराम र शान्तिवार्तामा सक्रिय संलग्नता प्रदर्शन गरेर रणनीतिक सहमतिमा एक ठाउँमा आउने गरेका छन् । असहमतिका सन्दर्भमा टकरावलाई प्रोत्साहन गर्नुको सट्टा संवाद र सञ्चारको माध्यमबाट असहमतिको सम्बोधन गर्न सकिन्छ ।

यसपटकको चीन-युरोपियन युनियन शिखर सम्मेलन बृहत् रणनीतिक साझेदारी स्थापनाको २०औं वार्षिकोत्सवको साथै चीन-युरोपियन युनियन शिखर सम्मेलन संयन्त्रको २५औं वार्षिकोत्सवका दिन परेको छ । यो शिखर सम्मेलनले विगतका उपलब्धिलाई अगाडि बढाउने र भविष्यका विकासका लागि मञ्च तयार गर्नमा महत्त्वपूर्ण भूमिका खेल्नेमा चीन विश्वस्त छ । नेताबीचको भौतिकस्तरमा हुने संवादले आपसी समझदारी र विश्वासलाई बढाउनेछ । दुवै पक्षले नवप्रवर्तनको खोजी गरेर, संवाद र परामर्शको माध्यमबाट तमाम समस्याको सम्बोधन गर्दै सहकार्यमार्फत वैश्विक चुनौतीको सामनामार्फत व्यावहारिक सहयोगलाई सुदृढ बनाउन सक्छन् । यसले नै 'व्यापक रणनीतिक साझेदारी'को मर्मलाई सार्थक बनाउनेछ ।

- ग्लोबल टाइम्सको सम्पादकीय

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

निराश युवाले उग्र नेतालाई चुन्छन् भन्ने उदाहरण हुन् अर्जेन्टिनी राष्ट्रपति

मिलेईको जितलाई अमेरिकी महादेश तथा विश्वभर उग्र-दक्षिणपन्थीको उदयको अर्को संकेतको रूपमा हेरिएको छ



● लोराटो ग्रिनस्प्यान

अर्जेन्टिनाको आर्थिक स्थिति निकै भयावह छ। सेप्टेम्बरमा वार्षिक मुद्रास्फीति १३८ प्रतिशतसम्म पुग्यो, जुन विश्वकै सबैभन्दा उच्चदर हो। उच्च मुद्रास्फीतिको कारण गरिबी बढिरहेको छ। हाल ४० प्रतिशतभन्दा बढी अर्जेन्टिनी नागरिक गरिबीको रेखामुनि पुगेका छन्, जुन सन् २०१७ मा २५ प्रतिशत थियो। देशमा आर्थिक संकटबाट प्रभावित नहुने कोही छैन, तर युवाहरू उच्च बेरोजगारीका कारण थप बढी पीडा भोग्न विवश छन्।

गत अगस्टमा अर्जेन्टिनामा सम्पन्न पहिलो चरणको राष्ट्रपतीय निर्वाचनमा पहिलोपटक चुनाव लडेका हाभियर मिलेईले देशका दुई प्रमुख दलका उम्मेदवारभन्दा बढी मत ल्याएर सबैलाई स्तब्ध बनाइदिए। हालै सम्पन्न अन्तिम चरणको निर्वाचनमा उनले संस्थापन पक्षधर वामपन्थी नेता सर्गियो मासालाई हराएर देशका राष्ट्रपति चुनिएका छन्। उनले कुल खसेको मतमध्ये ५५ प्रतिशत मत पाए। उनको समर्थनको प्रमुख आधार आश्चर्यजनक रूपमा युवा मतदाता, अझ स्पष्ट रूपमा युवा पुरुष देखिएका छन्।

अक्टोबरमा भएको अघिल्लो चरणको निर्वाचनअघि मतसर्वेक्षणले २९ वर्ष र सोभन्दा कम उमेरका झन्डै ५० प्रतिशत मतदाताको समर्थन मिलेईलाई रहेको देखाएको थियो। सबै जिङ्गिङ्ग कपालमा देखिने मिलेई आफूलाई 'अराजक-पुँजीवादी' बताउँछन्। उनले चुनावमा आफूलाई परम्परागत राजनीतिज्ञको विरोधी उम्मेदवारका रूपमा प्रचार गरेका थिए र 'ती सबैलाई पाखा लगाऔं' भन्ने नारा लगाएका थिए। मिलेईको जितलाई अमेरिकी महादेश तथा विश्वभर उग्र-दक्षिणपन्थीको उदयको अर्को संकेतको रूपमा हेरिएको छ।

तर, मिलेई र अन्य क्षेत्रका उग्र दक्षिणपन्थी नेताबाट भिन्न देखाउने एक पक्ष छ, त्यो हो उनीप्रतिको व्यापक युवा समर्थन। मिलेईलाई तुलना गरेर हेरिने अमेरिकाका ट्रम्प र ब्राजिलका बोल्सोनारो युवामाझ अलोकप्रिय छन्, उनीहरूको मुख्य मतआधार तिनका देशका धार्मिक रूपमा कठोर वयस्क र वयोवृद्ध जनसंख्या हुन्। तर, शतप्रतिशतभन्दा उच्च दरको महँगीबाट पीडित अर्जेन्टिनीहरूलाई राहत दिने वाचाका साथ मिलेईले युवाहरूको साथ पाए। उनले यो वाचा पूरा गर्न आवश्यक परे, देशको केन्द्रीय बैंक खारेज गर्ने बताइएछन्।

मिलेईले कतिपय दक्षिणपन्थी मुद्दाहरूलाई पनि समर्थन गरेका छन्, जसमा बन्दुक राख्न पाउने खुकुलो व्यवस्था गर्नेदेखि व्यक्तिलाई तिनको अंगदान गर्ने स्वतन्त्रता दिनेसम्म व्यवस्था छन्। उनी जलवायु परिवर्तन मानवसिर्जित भएको मान्न अस्वीकार गर्छन्। गर्भपतन खुला गर्न नहुने बताउँछन्। कतिपय चुनावी चालीमा उनी चेनस बोकेर आएको देखिन्थ्यो, जसलाई उनी देशको सार्वजनिक खर्च कटौती तथा उदार समाजिक खर्च फिर्तीको प्रतीक बताउने गर्थे। मिलेईको विचारमा राज्य मुख्यतः आन्तरिक सुरक्षामा सीमित हुनुपर्छ।



उनले आफू राष्ट्रपति भएपछि शिक्षा मन्त्रालय, वातावरण मन्त्रालय, महिला तथा लैंगिक समानता मन्त्रालयजस्ता 'अनावश्यक' निकाय खारेज गर्ने वाचा गर्ने बताएका थिए।

मिलेईले लिएका मुद्दाका कारण उनका चुनावी चालीमा उग्र-दक्षिणपन्थीहरूको उपस्थित अनौठो थिएन। अनौठो थियो त युवाहरूको उनीप्रतिको आकर्षण। अर्जेन्टिनाको इतिहासमा युवाहरू सामान्यतया दक्षिणपन्थी शक्तिसँग तानिएको पाइँदैन। २१औं शताब्दीको अधिकांश समय, युवाहरूको समर्थन देशको वामपन्थी 'पेरोनवादी' गठबन्धनमा रहँदै आएको थियो। सन् २०१९ सम्म पनि युवा मतदाताले वामपन्थी उम्मेदवारको पक्षमा थिए। तिनकै समर्थनमा सो वर्षको राष्ट्रपति निर्वाचनमा वामपन्थी उम्मेदवार विजयी भए।

विद्यार्थी र युवाहरू सन् १९७० र ८० को दशकमा देशको सैन्य शासन प्रमुख प्रतिरोधी शक्ति थिए। (तर मिलेई र उनले चुनेको उपराष्ट्रपतिले भने सो अवधिमा भएको मानव अधिकार हननका घटनालाई न्यूनीकरण गर्दै आएका छन्।) यस ऐतिहासिक परिप्रेक्ष्यमा मिलेईप्रतिको युवा मतदाताको समर्थन 'प्याराडाइम सिफ्ट (आमूल परिवर्तन)'का रूपमा हेरिएको छ। विज्ञहरू युवाहरूको बदलिएको समर्थनपछाडि धेरै कारण रहेको बताउँछन्, जसमा मुख्य कारण देशको बिग्रिँदो आर्थिक संकट र त्यसले निम्त्याएको लामो पीडा हो।

शतप्रतिशत मुद्रास्फीतिको राजनीति

अहिले अर्जेन्टिनाको अर्थतन्त्रको जुनसुकै परिसूचक हेरियो भने पनि एउटै निष्कर्ष निस्किन्छ, देशको आर्थिक स्थिति निकै भयावह छ। सेप्टेम्बरमा वार्षिक मुद्रास्फिर्ती १३८ प्रतिशतसम्म पुग्यो, जुन विश्वकै सबैभन्दा उच्चदर हो। उच्च मुद्रास्फीतिको कारण गरिबी बढिरहेको छ। हाल ४० प्रतिशतभन्दा बढी अर्जेन्टिनी नागरिक गरिबीको रेखामुनि पुगेका छन्, जुन सन् २०१७ मा २५ प्रतिशत थियो। देशमा आर्थिक संकटबाट प्रभावित नहुने कोही छैन, तर युवाहरू उच्च बेरोजगारीका कारण थप बढी पीडा भोग्न विवश छन्। केन्द्रीय बैंकको मुद्रा सञ्चिति झन्डै रित्तिँदै छ, जसले मुद्रा अवमूल्यन र अर्को टाट पल्टिने अवस्थाको घोषणा हुने अवस्थामा पुगेको छ।

'आज बजारमा गएर सामान किन्नुस् एउटा मूल्य हुन्छ। केही दिनपछि जाँदा त्यो सामानको भाउ अर्कै भइसकेको हुन्छ। हरेक दिन स्थिति खराब हुँदै गएको छ। महँगी यति अनियन्त्रित अवस्थामा छ कि मानिसहरूले अघिल्लोपटक किन्दाको सामानको भाउ ख्याल गर्नुको कुनै मतलब हुन छाडेको छ,' १९ वर्षीय कलेजकी विद्यार्थी क्यारोलिना रामोसले भनिन्। रामोसको पुस्ताका अर्जेन्टिनीहरूले तिनको जीवनको अधिकांश समय आर्थिक संकटबाहेक अरू अवस्था देख्न पाएका छैनन्। सन् २०१२ देखि अर्जेन्टिनाको अर्थतन्त्र मन्दीमा छ। अन्तर्राष्ट्रिय मुद्राकोषले यो वर्ष अर्को आर्थिक संकुचनको पूर्वानुमान गरेको छ।

'मलाई त देश दिनदिनै बर्बाद हुँदै गएकोबाहेक अरू सम्झना छैन। यस्तोमा यस स्थितिको लागि यस अवधिमा सत्तामा रहेका सबै राजनीतिक दललाई दोषी देख्नु स्वाभाविक हो। र आतुरताका साथ विकल्प खोज्नु पनि त्यत्तिकै स्वाभाविक हो,' देशको राजधानी ब्युनस आयर्स निवासी १९ वर्षीय एड्रियल सेगुराले आक्रो भने। महिला राजनीतिशास्त्रीहरूको समूह 'रेड डे पोलिटोलोगस'की सदस्य भ्यालेरिया ब्रुस्कोका अनुसार यस निर्वाचनमा मध्य-वामपन्थी तथा मध्य-दक्षिणपन्थी दलका उम्मेदवारहरू देशको आर्थिक कुव्यवस्थानका कारकका रूपमा बदनाम थिए। यसले सत्तामा नपुगेका र सबै नेताहरूलाई गाली गर्ने शाह्य उम्मेदवार मिलेईको आकर्षण बढायो।

'मतदाताहरूमा वर्तमान अवस्थाप्रति जति बढी आक्रोश देखिन्थ्यो, उसले मिलेईलाई मतदान गर्ने सम्भावना त्यति बढी देखिन्थ्यो,' युनिभर्सिटी अफ ब्युनोस आयर्सका इतिहासकार तथा समाजशास्त्री पाब्लो भोम्मारोले चुनावअघि भनेका थिए।

लकडाउनको विरोधबाट उदय

पेसाले अर्थशास्त्री मिलेईले महामारीको समयबाट उनको सार्वजनिक व्यक्तित्व निर्माण गरेका थिए। त्यही समय युवाहरूले आयोजना गरेको लकडाउन विरोध प्रदर्शनमा सहभागी हुन थालेका थिए। लकडाउनको विरोधमा टेलिभिजन बहसमा सहभागी हुन्थे। ती बहसमा उनले 'सरकारले लागू गरेका नियन्त्रणात्मक कदमले कोभिडले भन्दा बढी मानिसको ज्यान लिने' तर्क गर्थे।

अर्जेन्टिनाको अनौपचारिक क्षेत्रका झन्डै ४५ प्रतिशत श्रमिकहरू १८ देखि २९ वर्ष उमेर समूहका छन्। तिनका लागि लकडाउनको समयमा घरमा बसेर गरिने 'रिमोट वर्क' व्यावहारिक थिएन। तिनका लागि लकडाउन भनेको बेरोजगारीसरह थियो। त्यसकारण अर्जेन्टिनी युवाहरूमाझ लकडाउन निकै अलोकप्रिय बनेको थियो। र, लकडाउनको विरोध गर्ने युवाहरूले मिलेईलाई तिनको पक्षमा बोलिदिने नेताका रूपमा पाएका थिए।

लकडाउनकै समयमा युवाहरूमाझ टिकटक र युट्युबको प्रयोग व्यापक थियो। मिलेईले टिभीमा बोलेका क्लिपहरू ती प्ल्याटफर्ममार्फत थप धेरैको पहुँचमा पुग्न थाले। त्यो वेला तयार भएको मिलेईको सामाजिक सञ्जाल आधार यस निर्वाचनमा निकै प्रभावकारी बन्न पुग्यो। मिलेईको आधिकारिक टिकटक एकाउन्टको फलोअर्सको संख्या मध्य-वामपन्थी र मध्य-दक्षिणपन्थी उम्मेदवारको फलोअर्स जोडेरभन्दा चार गुणा बढी थियो। 'सामाजिक सञ्जाललाई मिलेईले राम्ररी उपभोग गर्न सके। मैले कुराकानी गरेका धेरै युवाहरूले लकडाउनको समयमा मिलेईको भिडियो हेर्न सुरु गरेको बताउँछन्,' युनिभर्सिडाड नेसिओनल डे सान मार्टिनका समाजशास्त्री इजेकुयल सफेरस्टिनले भने।

आगामी जटिलता

राष्ट्रपतिका रूपमा मिलेईलाई शासन गर्न सजिलो हुनेछैन। विशेषतः उनका मुद्दा कानुन बन्न संसद्बाट पास हुनुपर्छ। तर, संसद्मा उनको पक्षमा थोरै मात्र विधायक छन्। देशका कुनै पनि प्रान्तीय गभर्नर वा प्रमुख सहरका मेयरले उनलाई समर्थन गरेका छैनन्। यस्तोमा मुद्दा परित गराउन कठिन र लामो छलफल र लेनदेनको बानी पार्नुपर्ने हुन्छ। तर, नयाँ भएकाले मिलेईका लागि यो कार्य निकै थकाउने र चिड्याउने हुनेछ। यस्तोमा संसद्मा कमजोर उपस्थिति भएको एकल राष्ट्रपतिले कसरी स्थितिलाई चुनावी वाचाअनुरूप उलटपुलट पार्नेछन् भन्ने हेर्न बाँकी छ।

कसैगरी उनले आफ्ना मुद्दा लागू गरे भने नै भने पनि अर्थतन्त्र थप खराब हुँदै जान सक्ने विज्ञहरूको आकलन छ। मिलेईले मुद्रास्फिर्ती कटौती गर्न डलर अवलम्बन गर्ने प्रस्ताव गरेका छन्, जुन प्रभावकारी हुनेमा विज्ञहरूले आशंका व्यक्त गरेका छन्। विशेषतः देशको केन्द्रीय बैंकको सञ्चितिमा डलर अत्यन्त न्यून रहेकाले 'पेसो' थप अवमूल्यन हुने तिनको चिन्ता छ। यसले थप खराब स्थिति निम्त्याउन सक्छ। सन् १९९० को दशकमा पनि आर्थिक संकट समाधान गर्न भन्दै डलर-पेसो पेगको चर्चा लोकप्रिय थियो। तर, कार्यान्वयनमा जाँदा यसले पेसोको भारी अवमूल्यन गरायो। फलस्वरूप गरिबी दर आकासियो। देशभर हिंसात्मक दंगाहरू भड्किएका थिए।

'युवाहरूले हाल सामना गरिरहेका समस्या थप भयावह हुनेछ र त्यसले आक्रोश निम्त्याउने निश्चित छ,' समाजशास्त्री भोम्मारोले भने। उनका अनुसार युवाहरू मिलेईले अर्जेन्टिनाका समस्या ठीक गर्न सक्छन् भन्ने भ्रममा छन्। केही मतदाता भने वर्तमान पीडालाई लम्बाइरहनुभन्दा सबै कुरा बिथोलेर थप भयावह हुनुलाई स्विकार्न सकिने धारणा राख्ने गरेको पाइएको छ। जे होस, वर्तमान आर्थिक संकटको बाबजुद अर्जेन्टिना पछिल्लो समय स्थिर देखिन्थ्यो। मिलेईको शासनमा स्थिति थप खराब भएर हिंसात्मक आन्दोलन भड्किनेप्रति केहीले चिन्ता व्यक्त गरेका छन्।

- भिओएक्सबाट

कोप २८ ले सम्बोधन गर्नुपर्ने मुद्दा



आठ वर्षअघि पेरिसमा विश्वले एउटा महत्वाकांक्षी लक्ष्यमा सहमति जनायो- जलवायु परिवर्तनको थप खतरनाक स्तरलाई सीमित गर्न तापक्रमलाई १.५ डिग्री सेल्सियसमा सीमित राख्ने। सो सहमति भएदेखि हरितगृह ग्यास उत्सर्जन रोकिनुको साटो निरन्तर बढ्दै गएको छ। डढेलोदेखि अभूतपूर्व बाढीजस्ता जलवायु प्रकोप विभिन्न सञ्चारमाध्यमका प्रथम पृष्ठका समाचार बनेका छन्। सन् २०२३ मा विश्वको औसत तापक्रम पूर्व-औद्योगिक कालको स्तरभन्दा १.२ डिग्री सेल्सियस बढिसकेको छ। यसले ताप लहरको तीव्रता बर्सेनि बढाइरहेको छ। अब हामीसँग पेरिसमा सम्झौता गरिएअनुसारको १.५ डिग्री सेल्सियसको वृद्धिमा पुग्न १० वर्षभन्दा कम समय छ।

जलवायु वैज्ञानिक र विश्व नेताहरूको निरन्तरको कडा चेतावनीहरूको पृष्ठभूमिमा यो साता कोप-२८ जलवायु वार्ता सुरु भएको छ। संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले अब पनि हरितगृह ग्यास उत्सर्जन कम गर्न र जलवायु-प्रेरित प्रभावका लागि लचिलोपन र अनुकूलन क्षमतालाई बलियो नबनाउने हो भने हामीले 'नरकका ढोकाहरू खोलेसरह हुने' चेतावनी दिएका छन्। दुबईमा राष्ट्रसंघको जलवायु ढाँचामा १९८ देश कोप-२८ का लागि भेला भइरहेका छन्। त्यहाँ के वास्तविक प्रगति वा आंशिक उपाय हासिल होला ? यहाँ सहभागी देशले सामना गरिरहेका तीन प्रमुख विषय उल्लेख छ :

जलवायु कदमको प्रगतिमाथि समग्र मूल्यांकन

यस वर्ष एक महत्त्वपूर्ण मुद्दा विश्वव्यापीस्तरमा जलवायु संरक्षण कदमका भएको प्रगतिको मूल्यांकन हुनेछ। यो सन् २०१५ को पेरिस सम्झौताअन्तर्गत जलवायु महत्त्वाकांक्षालाई वृद्धि गर्न निर्माण गरिएको मुख्य संयन्त्र हो। प्रत्येक राष्ट्रको उत्सर्जन कटौती लक्ष्यहरू र जलवायु अनुकूलन अथवा आर्थिक विस्तार योजनाहरूबाट लाभहरू पहिलोपटक मूल्यांकन हुँदै छ। हामी कुन मार्गमा छौं भन्ने प्रगति मूल्यांकनले बताउँछ। के सबै देशबाट संयुक्त उत्सर्जन कटौतीको वाचाको मतलव हामीले तापक्रमलाई १.५ डिग्री सेल्सियसमा सीमित गर्न सक्छौं ? होइन भने 'उत्सर्जन अन्तर' के हो र राष्ट्रको उत्सर्जन कटौती कति धेरै महत्त्वाकांक्षी हुनुपर्छ ?

यसमा प्रगति भएको छ, तर पर्याप्त भएको देखिँदैन। सबै राष्ट्रिय उत्सर्जन प्रतिबद्धता वास्तविकतामा परिणत भए २.१ देखि २.८ डिग्री सेल्सियसको बीचमा हुने वैश्विक उष्णता उच्चतम हुनेछ। यसले सन् २०३० सम्मको अवधिमा लगभग २२.९ गिगाटन कार्बन-डाइअक्साइडबराबर उत्सर्जन अन्तर छोड्छ। यो एक हिसाबले राम्रो हो। किनकि सबैभन्दा खराब अवस्थाहरू, अनियन्त्रित उष्णता र सन् २१०० सम्म चार डिग्रीभन्दा बढी विश्वव्यापी ताप अब असम्भव देखिन्छ। तर, दुई डिग्री सेल्सियसको संसारले अस्वीकार्य हानि र अपरिवर्तनीय क्षति ल्याउनेछ।

यदि हामीले विश्वव्यापी रूपमा सन् ०५० सम्ममा नेट जिरो कार्बनको लक्ष्य हासिल गर्ने हो भने सन् ०१९ को स्तरको तुलनामा सन् ०३० सम्ममा विश्वव्यापी हरितगृह ग्यास उत्सर्जन ४३ प्रतिशत र ०३५ सम्ममा ६० प्रतिशतले घटाउनुपर्छ। यसका लागि धेरै महत्त्वाकांक्षी लक्ष्य र प्रतिबद्धता चाहिन्छ। कोप-२८ को सफलताको मापन प्रमुख उत्सर्जन राष्ट्रहरूले कत्तिको महत्त्वाकांक्षी उत्सर्जन कटौती लक्ष्यमा सहमत जनाउँछन् भन्नेमा निर्भर हुनेछ।

जलवायु परिवर्तनले निम्त्याएको क्षतिको भर्पाई कसले गर्छ ?

दशकौंदेखि राष्ट्रहरू जलवायु परिवर्तनबाट हुने नोक्सान र त्यसको क्षतिपूर्ति कसले भुक्तानी गर्ने भन्ने जटिल प्रश्नमा कुस्ती खेलिरहेका छन्। अब हामी नयाँ नोक्सान तथा नोक्सान कोषको प्रबन्धलाई अन्तिम रूप दिने तयारी नजिक छौं। यो कोप-२८ मा वार्ताकारहरूका लागि दोस्रो प्रमुख मुद्दा हुनेछ। हालसम्म सरकारले नयाँ कोषको खाका तयार गरिसकेको छ। कोषको व्यवस्थापन कसले गर्ने भन्ने बहसको अपेक्षा गर्नुहोस्, विश्व बैंक, राष्ट्रसंघीय निकाय र चीनजस्ता उदीयमान अर्थतन्त्रहरूले कोष उपलब्ध गराउँछन् वा गराउँदैनन् भन्ने हो। आजको मितिसम्म कोषमा कति रकम छ र यसले कति वितरण गर्छ भन्ने कुनै लक्ष्य छैन। यो काम सुरु गर्नुअघि यो खाका औपचारिक रूपमा कोप-२८ मा अपनाइनुपर्छ।

नयाँ कोष किन ?अन्य जलवायु वित्त प्रतिबद्धताहरू उत्सर्जन कटौती गर्ने वा समाजलाई जलवायु प्रभावसँग अनुकूलन गर्न मद्दत गर्ने उद्देश्यका छन्। यो कोष विशेषगरी जलवायु परिवर्तनका अपरिहार्य प्रभावहरू, जस्तै- समुद्री सतह बढ्दै जाने, लामो समयसम्म तातो लहर, मरुभूमीकरण, समुद्रको अम्लीकरण, चरम मौसम र बाली असफलताबाट हुने हानि र नोक्सानसँग सम्बन्धित छ। उदाहरणका लागि पाकिस्तानमा अभूतपूर्व बाढीबाट भएको क्षतिबारे सोच्नुहोस्।

कहाँ छ जलवायु वित्त ?

जलवायु वार्तामा एउटा प्रमुख मुद्दा भनेको देशहरूले कसरी आफ्नो अर्थतन्त्रलाई परिवर्तन गर्न सक्छन्, ताकि कम उत्सर्जन र बढ्दो लचिलोपनका साथ तिनीहरू 'क्लाइमेट रेडी' (खडेरी, अधिकवर्ष, बाढीजस्ता जलवायुमा भएको ठूलो परिवर्तनमा प्रतिक्रिया नदिने, बरु प्रभावकारी प्रबन्धका लागि योजना बनाउने) बनून्। यसका लागि विकासोन्मुख देशका लागि ठूलो स्तरको लगानी र नयाँ प्रविधि आवश्यक पर्छ, जसले उनीहरूलाई जीवाश्म इन्धनमाथिको निर्भरताबाट अगाडि बढ्न अनुमति दिनेछ। यो एक महत्त्वपूर्ण गतिहीनता हुने सम्भवना छ। हालसम्म जलवायु वित्त धेरै सुस्त गतिमा प्रवाह भएको छ। पेरिस सम्झौताअन्तर्गत धनी देशले प्रत्येक वर्ष १५० अर्ब डलरको कोष उपलब्ध गराउने वाचा गरेका थिए। यो जम्मा हुन ढिला भएको छ, यद्यपि सन् २०२१ मा १३० अर्ब डलर प्रवाह भएको थियो।

नोक्सान र क्षति कोषलाई वास्तविकता बनाउने र विद्यमान प्रतिबद्धता पूरा गर्नेलगायत जलवायु वित्तमा महत्त्वपूर्ण प्रगति नदेखेसम्म हामी मूल्यांकन संयन्त्रअन्तर्गत उत्सर्जन कटौती गर्ने, जीवाश्म इन्धनलाई फेज आउट गर्ने र जैविक विविधता संरक्षणजस्ता अन्य प्रमुख मुद्दामा प्रगति देख्ने सम्भावना छैन।

आमसहमति कसरी बन्छ ?

जलवायु वार्ता सुस्त गतिमा अगाडि बढ्नुको एउटा कारण आमसहमतिको आवश्यकता हो। वार्तामा सबै १९८ सरकार प्रत्येक निर्णयमा सहमत हुनुपर्छ। कुनै एक राष्ट्र वा देशको समूहले प्रस्ताव रोक्न वा अनुमोदनका लागि शब्दहरू परिवर्तन गर्न बाध्य पार्न सक्छ। साना टापु राष्ट्रहरू र कम विकसित देशको भोटले जी-२० राष्ट्रहरूको जत्तिकै महत्त्व राख्छ। - जी-२० ले विश्वव्यापी जिडिपीको लगभग ८५ प्रतिशत ओगटेको छ)। यसले विगतमा ग्लोबल वार्मिङ लक्ष्य १.५ डिग्री सेल्सियसमा जोड दिएसँगै जलवायु कार्यको स्तर बढाउने काम गरेको छ। कोप-२८ का अध्यक्ष सुल्तान अहमद अल-जाबेर हुन्, जो अबुधाबी राष्ट्रिय आयल कम्पनीको प्रमुखको कारणले विवादमा तानिएका छन्। वार्ताका क्रममा वाक्यांशमा पर्याप्त बहस हुने पनि अनुमान गर्न सकिन्छ। के सरकारहरू 'जीवाश्म इन्धनलाई निरन्तर कटौती' वा 'अनियन्त्रित जीवाश्म इन्धनको कटौतीमा' सहमत हुनेछन् ?

ब्रेन्डन म्याकेले द कन्भर्सेसनका लागि लेखेको आलेख

विश्व संक्षेप

गायिका स्विफ्ट बनिन् 'टाइम वर्ष व्यक्ति'

वासिंटन डिसी/ टाइम म्यागजिनले बुधबार अमेरिकी पपस्टार टेलर स्विफ्टलाई 'वर्ष व्यक्ति' घोषणा गरेको छ। 'पृथ्वीका आठ अर्ब मानिसलाई प्रतिनिधित्व गर्ने गरी एकजना व्यक्ति छान्नु पक्कै पनि सजिलो छैन। यसपटक हामीले खुसी जनाउने विकल्प चुनेका छौं, जसले विश्वभर प्रकाश ल्याइरहेको छ। स्विफ्ट मौसमजस्तै रहिन्, अर्थात् सबैतिर छाइन्,' टाइम म्यागजिनका प्रधानसम्पादक स्याम ज्याकोबले भने। ३३ वर्षीया स्विफ्टले आठ फाइनलिस्टलाई हराएर सो उपाधि हासिल गरेकी हुन्। टाइमले बर्सेनि 'पछिल्लो १२ महिना विश्वभर सबैभन्दा बढी प्रभाव पारेका व्यक्ति, समूह वा अवधारणा'का आधारमा वर्ष व्यक्तिको उपाधि दिने गर्छ। सन् १९२० को दशकमा व्यापारिक रणनीतिको रूपमा घोषणा गर्न थालिएको यो उपाधि अहिले साप्ताहिक म्यागजिनको युग समाप्त हुन लागेको भनिएको समयसम्म निरन्तर अभ्यासमा छ। गत वर्ष रुसले युक्रेनमाथि आक्रमण गरेपछि युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीलाई वर्ष व्यक्ति उपाधि प्रदान गरिएको थियो।

बिआरआईबाट बाहिरियो इटली

रोम/ इटली चीनको 'बेल्ट एन्ड रोड परियोजना'बाट औपचारिक रूपमा पछि हटेको छ। इटालीयन पत्रिका 'कोरिएरे डेला सेरा'का अनुसार इटलीको सरकाले 'बेल्ट एन्ड रोड पूर्वाधार परियोजना'बाट बाहिरिएको निर्णयबारे तीन दिनअघि बेइजिङलाई जानकारी गराएको थियो। इटालीयन सरकारी स्रोतले चीनसँग 'राजनीतिक संवादका च्यानल खुला राख्ने गरी बिआरआईबाट बाहिरिएको जानकारी गराएको छ। यसबाहेक अन्य विस्तृत विवरण भने दिइएको छैन। प्रधानमन्त्री जर्जिया मेलोनीले गत वर्ष सत्तामा आउनुअघि अघिल्लो सरकारले सन् २०१९ मा परियोजनामा सामेल भएर 'गम्भीर गल्ती' गरेको बताएकी थिइन्। इटली बिआरआईमा सहभागी हुने एक मात्र जी-७ सदस्य राष्ट्र थियो। पश्चिमी आलोचक बिआरआईमार्फत चीनले राजनीतिक प्रभाव किन्ने उद्देश्य राखेको आरोप लगाउने गर्छन्। इटलीका विदेशमन्त्री एन्टोनियो ताजानीले गत सेप्टेम्बरमा बिआरआईमा सहभागी भएर देशले अपेक्षाअनुरूपको परिणाम नपाएको बताएका थिए।

अरब मुलुकका भ्रमणमा निस्किए पुटिन

अबुधाबी/ रुसी राष्ट्रपति भ्लादिमिर पुटिन पूर्वसोभियत संघबाहिरको दुर्लभ भ्रमणका लागि बुधबार संयुक्त अरब इमिरेट्स (युएई) पुगेका छन्। युक्रेन युद्धलाई लिएर पश्चिमा देशबाट तिरस्कृत पुटिनले मध्यपूर्वका मित्रराष्ट्रसँगको सहकार्यलाई वृद्धि गर्ने उद्देश्यले यो भ्रमण गरेका हुन्। अरब मुलुकको भ्रमणका क्रममा उनले तेल, व्यापार र इजरायल-हमास द्वन्द्वबारे छलफल गर्नेछन्। युएईको विमानस्थलमा त्यहाँका विदेशमन्त्री अब्दुल्लाह बिन जायद अल नाह्यान र अन्य अधिकारीले पुटिनलाई स्वागत गरेको तस्बिर तथा भिडियो रुसी सरकारी टिभीले देखाएको छ। अरब मुलुकमा पुटिनले व्यापार र तेल इन्धन आपूर्तिसम्बन्धी विषयमा छलफल गर्ने भ्रमणअघि रुसी राष्ट्रपति कार्यालय क्रेमलिनद्वारा जारी एक विज्ञप्तिमा उल्लेख छ। पुटिनले साउदी अरबमा राजकुमार मोहम्मद बिन सलमानसँग भेटवार्ता गर्ने अपेक्षा गरिएको छ। युक्रेनमा आक्रमण गरेपछि इरान र चीनको भ्रमणका अलावा पूर्वसोभियत संघबाहिर रुसी नेताको यो तेस्रो भ्रमण हो।

इतिहासमा आज

डिसेम्बर ७



सन् १९४१ : जापानी नौसेनाले ३५३ जहाजमार्फत पल हार्वरमा तैनाथ अमेरिकी फौजमाथि व्यापक बमबारी गऱ्यो, जसमा दुई हजार ४०३ को मृत्यु भयो। यस आक्रमणपछि अमेरिका दोस्रो विश्वयुद्धमा प्रवेश गरेको थियो।

सन् १७८७ : डेलावर अमेरिकाको संविधानलाई अनुमोदन गर्ने पहिलो अमेरिकी राज्य बन्यो।

सन् १८०४ : प्राकृतिविद् एलेक्जेन्डर भोन हमबोल्ड्टले पृथ्वीको चुम्बकीय क्षेत्र ध्रुवबाट भूमध्यसागरतर्फ जाँदा घट्दै जाने कुरा पत्ता लगाए।

सन् १८०८ : जेम्स म्याडिसन अमेरिकाको चौथो राष्ट्रपतिका रूपमा निर्वाचित भए।

सन् १९०९ : आविष्कारक लियो बेकेल्याडले पहिलो थर्मो-सेटिङ प्लास्टिक 'बेकेलाइट'को प्याटेन्ट लिए। सो आविष्कारले प्लास्टिक उद्योगको जग बसाएको थियो।

सन् १९४९ : चिनियाँ कम्युनिस्ट र राष्ट्रवादी शक्तिबीचको गृहयुद्धमा हारेका राष्ट्रवादी नेता चियाङ काई-सेक ताइवान भागे।

सन् १९७२ : मानिसलाई चन्द्रमा ओरलेको अन्तिम चन्द्र अभियान 'अपोलो १७' आजकै दिन प्रक्षेपण भएको थियो। यसमा सवार अन्तरिक्षयात्रुले खिचेको पृथ्वीको निलो तस्बिर 'ब्लु मार्बल' निकै चर्चित भएको थियो।

सन् १९७५ : इन्डोनेसियाको सेनाले पूर्वी टिमोरलाई कब्जामा लियो।

सन् १९८१ : स्पेन नेटोको सदस्य बन्यो।

सन् १९८८ : संयुक्त राष्ट्रसंघको सम्बोधनका क्रममा सोभियत नेता मिखाइल गोर्बाचेभले उनको देशको सैनिक १० प्रतिशत घटाउने घोषणा गरे। सोही दिन उनले न्युयोर्कस्थित अमेरिकाको वित्त केन्द्र वाल स्ट्रिटको भ्रमण गरेका थिए।

सन् २०१५ : तत्कालीन अमेरिकी राष्ट्रपतीय उम्मेदवार डोनाल्ड ट्रम्पले सबै मुस्लिमलाई अमेरिका प्रवेशमा रोक लगाउनुपर्ने प्रस्ताव गरे।

सन् २०१७ : अमेरिकाको महिला जिम्यानिस्टिक खेलाडीका खेल चिकित्सक ल्यारी नासरलाई बालबालिकामाथि यौनशोषणको आरोपमा ६० वर्षको जेल सजाय सुनाइयो।

सन् २०२२ : पेरुका राष्ट्रपति पेड्रो क्यास्टिलोले आफूविरुद्ध भ्रष्टाचारको मुद्दामा महाभियोग लगाउने लागिरहेको संसद् भंग गर्ने प्रयास गरेपछि सो पदबाट हटाइए। उपराष्ट्रपति डिना बोलुर्ट देशकी प्रथम महिला राष्ट्रपति बनिन्।

सन् २०२२ : जर्मनीमा बलपूर्वक राजतन्त्र पुनर्स्थापनाको प्रयासमा गरेको आशंकामा २५ दक्षिणपन्थी उग्रवादी पक्राउ परे, जसमा पूर्वराजकुमार हेनरिक तेह्रौं र केही सैनिक अधिकारी पनि थिए।

कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखिनेबारे कृषि विकास बैक लि. प्रदेश कार्यालय, भैरहवाको ३५ दिने सूचना

यस बैंकको शाखा कार्यालय **बर्दघाट नवलपरासी**को तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउने बारेको २१ (एक्काईस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज लगायतका रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५(पैतीस) दिनभित्र बुझाउन यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंकबाट जारी कालोसूची सम्बन्धी निर्देशन र कृषि विकास बैंक लि.को प्रचलित कर्जा असुली कार्यविधि बमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सोको प्रोप्राईटर/साझेदार/सञ्चालकहरू तथा बैंकबाट कर्जा लिन धितो मञ्जूरीनामा/व्यक्तिगत जमानतदिनेहरू समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरी अन्य आवश्यक कानूनी कारबाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ।

तपसिल

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नागरिकता नं.,जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रू.	मिति २०८०/०७/३० सम्मको भाका नाघेको साँवा	मिति २०८०/०७/३० सम्मको व्याज	जम्मा तिर्नुपर्ने रकम
१	श्री मगंल चमार	नर्सही ८	१८४८०/नवलपरासी/२०३५-१२-१२	मुनेसर	वरन	गै.कृषि कर्जा	२०००००	२०००००	२८२१४	२२८२१४
२	मोतीरानी कहार	बडहरादुवोलीया ९, नवलपरासी	३३५०/नवलपरासी/२०६०-११-२९	बिसुन कहार	दुलारे कहार	सरल कृषि कर्जा	५०००००	५०००००	६७९९०	५६७९९०
३	गोमा कुमारी पौडेल	जमुनिया १, नवलपरासी	३५६२/नवलपरासी/२०४३-१०-०४	बिष्णु प्रसाद दाहाल/केशब पौडेल		सरल कृषि कर्जा	३०००००	३०००००	४१९,३५७.००	७१९,३५७.००
४	शोभा देवी भर	गुठी सेर्यपुरा ४, नवलपरासी	४४६९२/नवलपरासी/२०५४-१२-११	ठगइ भर	सुर्जु भर	घरायसी कर्जा	८०००००	८०००००	१३६७१८	९३६७१८
५	दुलारे कमकर	सोमनी ८ नन्दपुर, नवलपरासी	४६४/नवलपरासी/२०४५-०२-१७	मल्लु कमकर		सरल कृषि कर्जा	३५००००	३५००००	५२९८४	४०२९८४
६	चित्रबहादुर कार्की	दाउन्नेदेवी ५, नवलपरासी	९०८४/नवलपरासी/२०४३-०९-२९	शेर बहादुर कार्की	ज्ञान बहादुर कार्की	सरल कृषि कर्जा	१००१५००	१००१५००	२७६६५७	१२७८१५७
७	बैजनाथ कुर्मी	सुस्ता गाउपालिका ३, नवलपरासी	६३५४२/नवलपरासी/२०५९-०१-३१	कनही कुर्मी	राजमन कुर्मी	सरल कृषि कर्जा	१००००००	१००००००	१७९६९०	११७९६९०
८	राम अधारे अहिर	रामपुर खर्डाना-५, पुषौली	१८५/०४४-११-१६	मेघा अहिर	रामेश्वर	कृषि उत्पादन कर्जा	६००००	६००००	६९१६	६६९१६
९	थापा फर्निचर उद्योग प्रो. शिव कुमार थापा	बर्दघाट ४ नवलपरासी		रेक बहादुर मगर	तिर बहादुर मगर	उद्योग कर्जा	९९९९३१८.५१	९९९९३१९	५४१११४	१०५४०४३३

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	उद्देश्य	साँवा रकम रू.	मिति २०८०।०७।३० सम्मको व्याज	जम्मा तिर्नुपर्ने रकम
१०	त्रिवेणी रिसोर्ट एण्ड फन पार्क प्रा.लि.	बर्दघाट १, मोतीबस्ती नवलपरासी	सेवा कर्जा	३३७८०६५४.२७	६४३९४२०	४०२२००७४.२७

फर्मको दर्ता नं.	२०६८९०/०७५/०७६	दर्ता भएको कार्यालय	कम्पनी रजिष्टारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं
दर्ता मितिः	पान नं.	६०६५७८७४९	

प्रोपाइटर/साझेदार/मंजुरीनामावाला/संचालकहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु/पतिको नाम	बाजेको नाम
१. शिव कुमार थापा मगर	बर्दघाट १ मोतीबस्ती, नवलपरासी	३०३८५	नवलपरासी/२०५२-०६-०१	रेख बहादुर थापा	बीर बहादुर थापा मगर
२ लक्ष्मी थापा मगर	माकर १, नवलपरासी	७३८०३	नवलपरासी /२०६१-०४-०७	टेक बहादुर थापा मगर	बीर बहादुर थापा मगर

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	उद्देश्य	साँवा रकम रू.	मिति २०८०।०७।३० सम्मको व्याज	जम्मा तिर्नुपर्ने रकम
११	शुभ हेमा सुनचाँदी पसल	बर्दघाट १६, सिद्धनगर, नवलपरासी	व्यापार कर्जा	२०५००००	३६६९३९	२४१६९३९

फर्मको दर्ता नं.	२०७४/९४७०	दर्ता भएको कार्यालय	घरेलु तथा साना उद्योग कार्यालय
दर्ता मितिः	२०७३-११-२०	पान नं.	६०७०१८४२४

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबुको नाम	बाजेको नाम
१. शैलेन्द्रसिंह सदाशंकर	दाउन्ने देवी ६, नवलपरासी	३६-०१-७२-०२१२३	नवलपरासी/२०७२-०३-२५	गणेश बिश्वकर्मा	नेत्र बहादुर विश्वकर्मा
२. गणेश विश्वकर्मा	दाउन्ने देवी ६, नवलपरासी	१७३	चितवन/२०४४।११।१८	नेत्र बहादुर बिश्वकर्मा	कृष्ण बहादुर

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	उद्देश्य	साँवा रकम रू.	मिति २०८०।०७।३० सम्मको व्याज	जम्मा तिर्नुपर्ने रकम
१२	मनोज गल्ला भण्डार	बर्दघाट १६ , सिद्धनगर, नवलपरासी	ब्यापार कर्जा	१४५००००	२४६२०८	१६९६२०८

फर्मको दर्ता नं.	२०९/१०३१५	दर्ता भएको कार्यालय	घरेलु तथा साना उद्योग कार्यालय
दर्ता मितिः	२०७४-०५-०१	पान नं.	६०६४४९७७९

प्रोपाइटर/साझेदार/मंजुरीनामावाला/संचालकहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबुको नाम	बाजेको नाम
१. गिता देवी भर	सोमनी ७, नवलपरासी	३६३०५२/१५८	नवलपरासी/२०६३-१०-२३	शंकर भर	काशी भर

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	उद्देश्य	साँवा रकम रू.	मिति २०८०।०७।३० सम्मको व्याज	जम्मा तिर्नुपर्ने रकम
१३	युनिक कृषि फर्म	बर्दघाट १४ धर्मवस्ती, नवलपरासी	व्यवसाय कृषि कर्जा	७१६१६९.९९	३४८६४	७५१०३४

फर्मको दर्ता नं.	६८७/१४८८	दर्ता भएको कार्यालय	घरेलु तथा साना उद्योग कार्यालय
दर्ता मितिः	२०७५-११-१०	पान नं.	६०९२८०७५१

प्रोपाइटर/साझेदार/मंजुरीनामावाला/संचालकहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु/पतिको नाम	बाजे/ससुराको नाम
१. नेत्रलाल दिशा	बर्दघाट १४, नवलपरासी	३९-०१-६९-०६९०२	पाल्पा, २०६९-११-२४	नर सिं दिशा मगर	मनबिर दिशा
२. नरिमा दिशा	बर्दघाट १४, नवलपरासी	६२	पाल्पा २०४५-०२-१४	नर सिं दिशा मगर	मनबिर दिशा

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	ना. प्र.नं./जारी जिल्ला/ जारी मिति	बाबु/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति २०८०।०७।३० सम्मको व्याज	जम्मा तिर्नुपर्ने रकम
१४	रिंकल किराना पसल	बर्दघाट १४ धर्मवस्ती नवलपरासी				महिला उधमशीलता कर्जा	६३८९८३.८	१०३२५८	७४२२४१.८

फर्मको दर्ता नं.	३३१/१३१३०/०७६	दर्ता भएको कार्यालय	घरेलु तथा साना उद्योग कार्यालय
दर्ता मितिः	२०७६-०५-११	पान नं.	६१३८५८३७३

प्रोपाइटर/साझेदार/मंजुरीनामावाला/संचालकहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु/पतिको नाम	बाजे/ससुराको नाम
१. पार्वती बि.क.	बर्दघाट १४, नवलपरासी	३६१०५६/१७०३	नवलपरासी, २०६८-०९-१२	रामु बि.क.	ज्ञान बहादुर बि.क.

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	उद्देश्य	साँवा रकम रू.	मिति २०८०।०७।३० सम्मको व्याज	जम्मा तिर्नुपर्ने रकम
१५	स्वदेशी कृषि तथा हाते औजार उधोग	बर्दघाट ४, नवलपरासी	महिला उधमशिलता कर्जा	९४०७८३.७५	१८३९८	९५९१८१.८

फर्मको दर्ता नं.	२१५/०७८/०७९	दर्ता भएको कार्यालय	बर्दघाट नगरपालिकाको कार्यालय
दर्ता मितिः	२०७८-०५-१	पान नं.	६१६४१७४९४

प्रोपाइटर/साझेदार/मंजुरीनामावाला/संचालकहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु/पतिको नाम	बाजे/ससुराको नाम
१. बेलबहादुर विश्वकर्मा	बर्दघाट १४, नवलपरासी	५२६	बाग्लुङ /२०५०-०१-०१	लाले विश्वकर्मा	भबिराम

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	उद्देश्य	साँवा रकम रू.	मिति २०८०।०७।३० सम्मको व्याज	जम्मा तिर्नुपर्ने रकम
१६.	पुजा कृषि फर्म	बर्दघाट १५, नवलपरासी	व्यावसायिक कृषि	९१५९००.६९	११७४९५	१०३३३९६

फर्मको दर्ता नं.	९४३/२४८६/०७६	दर्ता भएको कार्यालय	घरेलु तथा साना उद्योग कार्यालय
दर्ता मितिः	२०७६-१०-२७	पान नं.	६१३०२४४८४

प्रोपाइटर/साझेदार/मंजुरीनामावाला/संचालकहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु/पतिको नाम	बाजे/ससुराको नाम
१. राममाया तामाङ	बर्दघाट १५, नवलपरासी	८७९०४	नवलपरासी, २०६३-०३-१२	सेर बहादुर तामाङ	तुलबहादुर तामाङ
२. सोमाया तामाङ्गी	बर्दघाट १५, नवलपरासी	८७२६०	नवलपरासी, २०४६-०३-१२	तुल बहादुर तामाङ	मन बहादुर

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	उद्देश्य	साँवा रकम रू.	मिति २०८०।०७।३० सम्मको व्याज	जम्मा तिर्नुपर्ने रकम
१७	मल्लिका बुंगुर फर्म	बर्दघाट १४, नवलपरासी	व्यवसायीक कृषि	७६२००६.९	८४३१६	८४६३२२.९

फर्मको दर्ता नं.	२३७/१८५७/०७६	दर्ता भएको कार्यालय	घरेलु तथा साना उधोग कार्यालय
दर्ता मितिः	२०७६-०५-२२	पान नं.	६०३०५१०९२

प्रोपाइटर/साझेदार/मंजुरीनामावाला/संचालकहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु/पतिको नाम	बाजे/ससुराको नाम
१. सुश्री शारदा सुनार	बर्दघाट १४, नवलपरासी	१२००	रुपन्देही, २०४३-०५-१	भुपे सुनार	बाले सुनार

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	उद्देश्य	साँवा रकम रु.	मिति २०८०।०७।३० सम्मको व्याज	जम्मा तिर्नुपर्ने रकम
१८.	लाल जिव पशुपालन फर्म	प्रतापपुर ३ नवलपरासी	ब्यवसायीक कृषि	९३७५१६	६३१४९	१०००६६५

फर्मको दर्ता नं.	३८८/०७७/०७८	दर्ता भएको कार्यालय	घरेलु तथा साना उधोग कार्यालय
दर्ता मिति	२०७७-०७-०२	पान नं.	६१४०९८५९६

प्रोपाइटर/साझेदार/मंजुरीनामावाला/संचालकहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु/पतिको नाम	बाजे/ससुराको नाम
१.जगदिश वरई	प्रतापपुर ३ , नवलपरासी	२६९	नवलपरासी, २०४४-१२-०४	लालजिव वरई	छबिराज वरई
२. लालजिव वरई	प्रतापपुर ३, नवलपरासी	२२५९९	नवलपरासी, २०३६-०६-०७	छबिराज वरई	राम टहल वरई

» पृष्ठ ९ मा क्रमशः

अमेरिकी सुरक्षा परिषद्का वरिष्ठ निर्देशक काठमाडौंमा

नयाँ पत्रिका

अमेरिकी राष्ट्रपति जो बाइडेन नेतृत्वको राष्ट्रिय सुरक्षा परिषद्की वरिष्ठ निर्देशक एलिन लाउबाचर दुईदिने भ्रमणका क्रममा काठमाडौं आएकी छिन्। उनले बुधबार परराष्ट्रमन्त्री एनपी साउद र प्रधानसेनापति प्रभुराम शर्मासँग भेटवार्ता गरेकी छिन्।

लाउबाचरको नियमित प्रकारको भ्रमण भएको र खास विशेष एजेन्डा नरहेको कूटनीतिक स्रोतले जानकारी दिएको छ। परराष्ट्रमन्त्री साउद अघिल्लो महिना अमेरिकाको औपचारिक भ्रमणमा गएपछि नेपाल आउने उनी उच्च अमेरिकी अधिकारी हुन्। लाउबाचरले १६ कात्तिकमा अमेरिकामा परराष्ट्रमन्त्री साउदसँग शिष्टाचार भेट गरेकी थिइन्।

परराष्ट्रमन्त्री साउदसँगको भेटमा दुई देशबीचको कूटनीतिक सम्बन्धबारे छलफल भएको छ। दुई देशको सुरक्षा सम्बन्ध, मानव अधिकार, शरणार्थी, लोकतन्त्रको सुदृढीकरण, रक्षा सहायता, विकास सहायता, प्रहरीबीचको सहकार्य, साइबर सुरक्षालगायत विषयमा सहकार्यबारे छलफल भएको कूटनीतिक स्रोतले जनाएको छ। 'दुई देशको मित्रताका विभिन्न आयामका विषयमा विचार आदानप्रदान भयो,' परराष्ट्र मन्त्रालयले भनेको छ।

प्रधानसेनापति शर्मासँगको भेटमा नेपाली सेनालाई अमेरिकाले गर्ने सम्भावित सहयोगबारे छलफल भएको छ। अमेरिकाले नेपाली सेनाका लागि दुईवटा स्काई ट्रक दिने विगतको सहमति कार्यान्वयनबारे छलफल भएको छ। नेपालले तीन वर्षअघि नै खरिद गरेको १० हजार थान एम १६ राइफलको आपूर्ति अझै हुन सकेको छैन। नेपालले अमेरिकी स्टेट पार्टनरसिप प्रोग्राम (एसपिपी) सहकार्य अस्वीकार गरे पनि अमेरिकाले गर्दै आएको सहयोग निरन्तर रहने बताउँदै आएको छ।

निर्देशक लाउबाचरले बिहीबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग भेटवार्ता गर्ने कार्यक्रम छ। उनी बिहीबारै स्वदेश फर्किनेछिन्। हालै अमेरिकी अन्तर्राष्ट्रिय सहायता एजेन्सी युएसएआइडीको एसिया ब्युरो हेर्ने सहायक प्रशासक माइकल सिफर काठमाडौं आएका थिए। उनको भ्रमणका बेला कृषि र स्वास्थ्य क्षेत्रमा तीन अर्ब ८९ करोड रुपैयाँका परियोजना सञ्चालन शुभारम्भ भएको थियो। गत साता अमेरिकाको मिलिनियम च्यालेन्स कर्पोरेसन (एमसिसी)का अधिकारी पनि काठमाडौं आएका थिए।

सर्वोच्चमा प्रस्तावित न्यायाधीशविरुद्ध १० उजुरी

काठमाडौं/ सर्वोच्च अदालतको न्यायाधीशमा सिफारिस तीनजनाविरुद्ध १० वटा उजुरी परेको छ। न्यायपरिषद्बाट सर्वोच्चमा सिफारिस ६ न्यायाधीशमध्ये तीनजनाविरुद्ध उजुरी आएको संसदीय सुनुवाइ समितिले जनाएको छ। समिति सचिव पद्मप्रसाद पाण्डेयका अनुसार तीनजना न्यायाधीशविरुद्ध १० र पोर्चुगलका लागि प्रस्तावित राजदूत सनिल नेपालविरुद्ध एउटा उजुरी परेको छ।

५ मंसिरमा न्यायपरिषद्ले सारंगा सुवेदी, अब्दुल अजिज मुसलमान, महेश शर्मा पौडेल, टेकप्रसाद ढुंगाना, सुनीलकुमार पोखरेल र बालकृष्ण ढकाललाई सर्वोच्चको न्यायाधीश पदमा सिफारिस गरेको थियो। सुवेदी, मुसलमान, पौडेल र ढुंगाना उच्च अदालतका न्यायाधीश हुन् भने पोखरेल र ढकाल वरिष्ठ अधिवक्ता हुन्। यसैगरी, २३ कात्तिकमा मन्त्रिपरिषद्ले पोर्चुगलका नेपाली राजदूतमा सनिल नेपाललाई सिफारिस गरेको थियो। सातैजनाको सुनुवाइ प्रक्रिया अगाडि बढाउँदै समितिले ८ मंसिरमा उजुरी आह्वान गरेको थियो। समितिका अनुसार न्यायाधीशमा सिफारिस सुवेदीविरुद्ध ६, ढुंगानाविरुद्ध तीन र मुसलमानविरुद्ध एउटा उजुरी परेको छ। अधिकांश कार्यक्षमता र आचरणसम्बन्धी रहेको समितिका एक सदस्यले बताए।

प्रस्तावित व्यक्तिहरूविरुद्ध परेको उजुरी खोल्न बिहीबार बिहान ११ बजे समितिको बैठक बोलाइएको छ। प्रस्तावित राजदूत तथा सर्वोच्च अदालतका न्यायाधीशका नियुक्तिको प्रक्रियामा परेको उजुरी खोली सांसदहरूलाई वितरण गर्न बैठक आह्वान गरिएको समिति सचिव पाण्डेयले जानकारी दिए। उजुरीमाथि अध्ययन पनि प्रस्तावित व्यक्तिहरूको सुनुवाइ हुनेछ।

रोल्पामा बालविवाह नघटेकोमा चिन्ता



रोल्पामा **नवीन लोचनमगर**

रोल्पामा बालविवाह बढेको भन्दै सरोकारवालाले चिन्ता व्यक्त गरेका छन्। बालविवाह अन्त्यका लागि स्थानीय तहले गरेका प्रयास उपलब्धिमूलक भए पनि उल्लेख्य परिणाम भने आउने नसकेको उनीहरूको भनाइ छ।

रोल्पा नगरपालिकाका प्रमुख सुरेन्द्र थापाले बालविवाह अन्त्यका लागि नगरपालिकाले पञ्चवर्षीय रणनीतिक योजना निर्माण गरेर काम गरिरहे पनि अन्त्य गर्न भने नसकिएको बताए। 'बालविवाह कानुन र सामाजिक संरचनाबीचको अन्तर्विरोधका कारण पनि न्यूनीकरण हुन कठिनाइ भएको छ,' नगर प्रमुख घर्तीले भने, 'बालविवाह न्यूनीकरणमा देखिएका समस्यालाई मसिनो गरी अध्ययन गरेर कानुनी प्रावधान र सामाजिक संरचनाको समायोजन गरेर मात्र सम्भव छ।' लुंग्री गाउँपालिका अध्यक्ष भरतकुमार थापाले कतिपय ठाउँमा बालविवाह रोक्न खोज्दा केटाकेटीले नै आत्महत्या प्रयास गरेको बताउँदै अभिभावकलाई भन्दा पनि बालबालिकालाई नै यसबारे प्रशिक्षित गर्नुपर्ने बताए।

माडी गाउँपालिका अध्यक्ष अमरसिंह घर्तीमगरले टोल विकास समिति र विद्यालयमा प्राथमिकता दिएर कार्यक्रम सञ्चालन गरिएको र त्यसले उल्लेख्य रूपमा नभए पनि केही उपलब्धि देखिएको बताए। सुनछहरी गाउँपालिका अध्यक्ष धनबहादुर पुनले अभिभावक सचेत हुँदाहुँदै पनि बालबालिकाको अटेरीका कारण बालविवाह चुनौतीपूर्ण बनेको बताए। सुनील स्मृति गाउँपालिका अध्यक्ष मणिराम बुढाथोकीले बालविवाह हुन नदिन सामाजिक सचेतनाको विकल्प नरहेको र त्यसका लागि विद्यालयलाई मुख्य प्राथमिकता दिनुपर्ने बताए। कानुनी प्रक्रियाले मात्र समाज सचेत नहुने भन्दै जिल्ला समन्वय समिति रोल्पाका प्रमुख सीता आचार्यले सम्बन्धित बालबालिकालाई नै बालविवाहका बहुआयामिक असरबारे स्पष्ट पार्नुपर्ने बताइन्।

■ गंगादेव गाउँपालिकामा सबैभन्दा धेरै बालविवाह

रोल्पाका दश स्थानीय तहमध्ये १८ देखि २० वर्षसम्मको तथ्यांकलाई हेर्दा सबैभन्दा धेरै बालविवाह गंगादेव गाउँपालिकामा देखिएको छ। राष्ट्रिय जनगणना, २०७८ को तथ्यांकलाई आधार बनाउने हो भने ५२.४ प्रतिशत बालबालिकाले उमेर नपुग्दै विवाह गरेको देखिन्छ। २१ हजार ५०३ जनसंख्या रहेको गंगादेवमा २० वर्षमुनिको जम्मा बालविवाहको तथ्यांक भन्न् धेरै हुन सक्ने जिल्ला समन्वय समिति रोल्पाका अधिकृत तुलप्रसाद कवरले बताए। दशवटै स्थानीय तहको तथ्यांक प्रस्तुत गर्दै कवरले सबैभन्दा कम त्रिवेणी गाउँपालिकामा ३९.६ प्रतिशतले बालविवाह गरेको बताए।

तथ्यांकअनुसार परिवर्तन गाउँपालिकामा ४२.९ प्रतिशत, लुंग्रीमा ४४ प्रतिशत, माडीमा ४४ प्रतिशत, रुन्टीगढीमा ४१ प्रतिशत, सुनछहरीमा ४१.५ प्रतिशत, सुनील स्मृतिमा ४६.६ प्रतिशत र थबाङ गाउँपालिकामा ४०.७ प्रतिशतले १८ देखि २० वर्षको बीचमा बालविवाह गरेको देखिएको छ। रोल्पा नगरपालिकामा भने ४२.३ प्रतिशतले बालविवाह गरेका छन्। यसरी समग्र रोल्पाको अवस्थालाई विश्लेषण गर्दा ४२.२ प्रतिशतले बालविवाह गरेको देखिन्छ। दुई लाख ३४ हजार ७९३ जनसंख्या रहेको रोल्पामा ५६ हजार ७३९ जना किशोरकिशोरी छन्।

जनतालाई भरोसा दिने सूत्रको खोजीमा छु : प्रधानमन्त्री

काठमाडौं/ प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले जनतालाई भरोसा दिने सूत्रको खोजीमा रहेको बताएका छन्। वर्तमान सरकारले एक वर्षको अवधिमा जनतामा आशा जगाउन सफल भएको बताएका प्रधानमन्त्रीले अर्को वर्ष नयाँ सुरुवात गर्नुपर्ने भएकाले जनतालाई नयाँ भरोसा दिने सूत्रको खोजीमा आफू रहेको बताए।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले बुधबार ललितपुरको जावलाखेलस्थित नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा आयोजना गरेको 'नेपालको अर्थतन्त्र र शासकीय सुधार'सम्बन्धी अन्तर्क्रियामा उनले अब सेवा प्रवाह, विकास निर्माण तथा नीति तर्जुमाका क्षेत्रमा नयाँ सुरुवात गरिने धारणा राखे। 'मैले राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा राष्ट्रको प्रतिष्ठा बढाउने जमर्को गरिरहेको छु। वर्तमान सरकार गठन भएको एक वर्ष पूरा हुँदै छ। अर्को वर्ष नयाँ सुरुवात गर्नुपर्नेछ। जसले जनतालाई नयाँ भरोसा दिन सकोस्, म त्यसको खोजीमा छु,' प्रधानमन्त्रीले भने।



कर्मचारीतन्त्रमा रहेका सम्पूर्ण व्यक्ति ज्ञान, अनुभव र क्षमताको दृष्टिकोणले सक्षम रहे पनि त्यसको सदुपयोग हुन नसकेको उनको भनाइ थियो। प्रधानमन्त्रीले भने, 'कर्मचारीको क्षमताको जसरी जति उपयोग हुनुपर्ने थियो, त्यसबाट सेवा र विकासलाई उपलब्धिमूलक बनाउन सकिएको छैन। यसमा कुनै न कुनै 'ग्याप' छ, त्यसलाई कसरी हल गर्ने भन्नेमा आवश्यक छलफल गर्नुपर्छ।' नेपालको कर्मचारीतन्त्र संसारकै अब्बल, व्यावसायिक, दक्ष र अनुभवी रहेको जनाउँदै उनले परिणाम दिने सन्दर्भमा राजनीतिक नेतृत्व र कर्मचारीबीचमा कहीं न कहीं तादात्म्यता नमिलेको बताए।

सरकारी सेवा प्रवाहमा सुधारको महसुस नभएसम्म जनता सन्तुष्ट नहुने उल्लेख गर्दै उनले सेवा र विकासको आधारमा जनताले सरकारप्रति सन्तुष्टि वा असन्तुष्टि जाहेर गर्ने भएकाले यसमा राजनीतिक चलखेल हुन नहुने धारणा राखे। सरकारले सुशासन, सामाजिक न्याय र समृद्धिका लागि प्रयास जारी राखेको प्रधानमन्त्री प्रचण्डले बताए।

संघीय गणतन्त्रको पक्षमा आएको संकल्प प्रस्ताव सर्वसम्मतले पारित



जनकपुरधाममा **हदिश खुद्दार**

मधेश प्रदेश सभामा प्रस्तुत संघीय लोकतान्त्रिक गणतन्त्र पक्षको संकल्प प्रस्ताव सर्वसम्मत रूपमा पारित भएको छ। पछिल्ला केही समयदेखि वर्तमान व्यवस्थाविरुद्ध क्रियाशील समूहरूले गतिविधि बढाएका वेला मधेश प्रदेश सभाले सर्वसम्मत रूपमा संघीय लोकतान्त्रिक गणतन्त्रको पक्षमा संकल्प प्रस्ताव पारित गरेको हो।

एमाले सचेतक हरिनारायण महतोले बुधबार बसेको प्रदेश सभा बैठकमा संघीय लोकतान्त्रिक गणतन्त्र व्यवस्थाको पक्षमा संकल्प प्रस्ताव पेस गरेका थिए। संघीयतासहितको गणतन्त्र बलियो बनाउने विषयको प्रस्ताव गरिएको संकल्प प्रस्तावमा प्रदेश सभामा रहेका सबै दलका सांसदको पूर्ण समर्थनमा पारित भएको उपसभामुख बबिता राउत ईश्वरले घोषणा गरिन्।

उपसभामुख ईश्वरले उक्त संकल्प प्रस्तावमाथि ध्वनिमतका आधारमा मतविभाजन गराएकी थिइन्। बैठकमा मुख्यमन्त्री सरोजकुमार यादवले संघीय सरकारले पूर्ण संघीयता कार्यान्वयनमा ढिलाइ गर्दा संघीयताविरुद्धको आवाज उठाउनेको साहस बढेको बताए। प्रदेश सरकारसँग प्रहरी तथा निजामती कर्मचारी नभएका कारण कतिपय कामकाज गर्नमा ढिलाइ भइरहेको बताउँदै उनले प्रदेश सरकारलाई तीन हजार दुई सय कर्मचारी आवश्यक भए पनि अहिले एक हजार ६ सय पनि नरहेको उनले गुनासो गरे।

मुलुकमा संघीय व्यवस्था आएको आठ वर्ष पुगेको र प्रदेश सरकार गठन भएको ६ वर्ष भइसक्दा पनि जनअपेक्षाअनुसार कार्य नहुँदा जनतामा निराशा बढेको र त्यसको फाइदा संघीयताविरोधी शक्तिले उठाइरहेको मुख्यमन्त्री यादवले दाबी गरे। 'प्रदेश सरकारले धेरै काम गर्न चाहेको छ,' मुख्यमन्त्री यादवले भने, 'तर, आफ्नो जग्गा, प्रशासन तथा प्रहरी छैन। यी आवश्यक निकाय नहुँदा काम गर्न कठिनाइ भइरहेको छ।'

एमालेका सचेतक महतोले पेस गरेको प्रस्तावमा कांग्रेसका कुमारकान्त झा, जसपाका रामआशिष यादव, जनमतका सञ्जयकुमार यादव, लोसपाकी रानी शर्मा तिवारी, एकीकृत समाजवादीका रत्नेश्वर गोइत, एमालेका राजकुमार लेखी, कांग्रेसका जीवछीकुमारी यादव, जसपाका सरोजकुमार सिंह, स्वतन्त्र सांसद अविरुद्धप्रसाद सिंहसहितले समर्थन जनाएका थिए। प्रदेश सभाको बैठक अर्को सूचना नहुन्जेलसम्मको लागि स्थगित गरिएको छ।

संक्षेप

श्रीमतीको हत्या

सल्यान/ सल्यानमा बुधबार धारिलो हतियार प्रहार गरी एक महिलाको हत्या भएको छ। प्रहरीका अनुसार सिद्धकुमाख गाउँपालिका- ३ उचाल्नेका ४५ वर्षीय डम्मर सार्कीले अन्दाजी ४० वर्षीया श्रीमती शितली सार्कीको बन्चरो प्रहार गरी हत्या गरेका हुने। जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी भवानीप्रसाद धमलाले सार्कीलाई ढोरचौर बजारनजिकैबाट पक्राउ गरिएको जानकरी दिए। उनले हत्याको कारण खुल्न बाँकी रहेको बताए।

१४ वर्षपछि पक्राउ

बाँके/ कर्तव्य ज्यान मुद्दामा १४ वर्षदेखि फरार रहेका एकजनालाई बाँके प्रहरीले पक्राउ गरेको छ। कर्तव्य ज्यान मुद्दामा बाँके जिल्ला अदालतले १८ वर्ष कैद सजाय हुने फैसला गरेलगत्तै फरार रहेका नेपालगन्ज उपमहानगरपालिका- २२ का ५५ वर्षीय मोहम्मद हाफिज खाँलाई बाँके प्रहरीले बुधबार पक्राउ गरेको हो। बाँके जिल्ला अदालतले खाँलाई २२ असार ०६६ मा १८ वर्ष कैद हुने फैसला गरेको थियो। पक्राउ परेका खाँलाई बाँके जिल्ला अदालतमा बुझाइएको बाँके प्रहरी प्रवक्ता डिएसपी नारायण डाँगीले जानकारी दिए।

अटो दुर्घटनामा पाँच घाइते

मकवानपुर/ बकैयामा अटो दुर्घटना हुँदा पाँचजना घाइते भएका छन्। घाइतेमध्ये एकजनाको अवस्था गम्भीर छ। मकवानपुर प्रहरीका अनुसार बुधबार दिउँसो धरान-चतरा सडकखण्डअन्तर्गत बकैया गाउँपालिका- ४ पाङ्दुरेमा हात्तीसुँडेबाट जुरेलीतर्फ आउँदै गरेको बागमती प्रेदश ०३/००१ ह ३३९ नम्बरको अटो अनियन्त्रित भई दुर्घटना भएको हो। दुर्घटनामा परी घाइते हुनेमा बकैया- ३ जितदमार बस्ने ३४ वर्षका देवलाल जिम्बा, निजको श्रीमती ३१ वर्षकी ठूलीमाया जिम्बा, छोरा १२ वर्षका सृजल जिम्बा, सोही स्थानका २६ वर्षकी सुनीमाया भ्लोन र १२ वर्षका युदिर बोगटी छन्। घाइते सबैको हेटौंडा अस्पताल उपचार भइरहेको छ।

राप्रपा नेपालमा राष्ट्रिय जनता दल समाहित

काठमाडौं/ राप्रपा नेपालमा राष्ट्रिय जनता दल नेपाल समाहित हुने सहमति भएको छ। राष्ट्रिय जनता दल र राप्रपा नेपालबीच बुधबार सहमतिपत्रमा हस्ताक्षर भएको हो। पाँचबुँदे सहमतिपत्रमा राप्रपा नेपालका अध्यक्ष कमल थापा र राष्ट्रिय जनता दलका अध्यक्ष आनन्द शर्माले हस्ताक्षर गरेका छन्। सहमतिपत्रमा राष्ट्रियताको संरक्षण, प्रजातन्त्रको सुदृढीकरण, संवैधानिक राजसंस्थासहितको प्रजातन्त्र तथा सर्वधर्म समभाव र पूर्ण धार्मिक स्वतन्त्रतासहितको सनातन हिन्दूराष्ट्रको स्थापनाको निम्ति आगामी दिनमा सशक्त रूपमा क्रियाशील रहने प्रतिबद्धता व्यक्त गरिएको छ। मुलुकको सर्वांगिण आर्थिक विकास र समृद्धि साझा लक्ष्य हुने तथा सामाजिक न्याय, समानता, समावेशिता एवं मधेश, पहाड र हिमालको समानुपातिक विकास प्राथमिकता रहने जनाइएको छ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय चनौली, चितवनको धितोमा रहेको सम्पत्ति पुन:लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०८/२१ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय चनौली, चितवनबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्नु बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० मंसिर २८ गते बिहीबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय चनौली, चितवनमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीहरुको विवरण:

१. नेपाल सरकार, वाणिज्य विभाग, भरतपुर चितवनमा प्रा.फ.न. दर्ता ऐन २०१४ अन्तर्गत मिति २०७४/०४/२६ मा प्रा.फा.द.नं. २३४/०७४/०७५ मा दर्ता भई करदाता सेवा कार्यालय भरतपुर चितवनबाट मिति २०७४/०४/२७ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०६३८८७६२ को प्रमाणपत्र प्राप्त चितवन जिल्ला, माडी गा.पा./न.पा. वडा नं.०१, स्थित रजिष्टर्ड कार्यालय रहेको **एस.के. मोटर्स** (प्रोप्राईटर हिरामणी महतो/सोहरी महतो को नाति कमलु महतो/इन्द्र कुमारी महतोको छोरा करुणा रिजालको पति चितवन जिल्ला, गर्दि गा.पा वडा नं. ८ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, माडी न.पा. वडा नं.०१, बस्ने **सन्जय महतो**, ना.प्र.नं. ९१६/०४४ मिति २०५८/११/२७ जिल्ला प्रशासन कार्यालय, चितवन)।

२. हिरामणी महतो/सोहरी महतोको नाति, कमलु महतो/इन्द्र कुमारी महतोको छोरा, करुणा रिजालको पति चितवन जिल्ला, गर्दि गा.पा. वडा नं.०८ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, माडि न.पा. वडा नं.०१, बस्ने **सन्जय महतो** (ना.प्र.नं.९१६/०४४ मिति २०५८/११/२७ जिल्ला प्रशासन कार्यालय, चितवन)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. हिरामणी महतो/सोहरी महतोको नाति कमलु महतो/इन्द्र कुमारी महतोको छोरा करुणा रिजालको पति चितवन जिल्ला, गर्दि गा.पा. वडा नं.०८ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, माडि न.पा. वडा नं.०१, बस्ने **सन्जय महतो** (ना.प्र.नं.९१६/०४४ मिति २०५८/११/२७ जिल्ला प्रशासन कार्यालय, चितवन)।

२. हिरामणी महतो/सोहरी महतोको नाती कमलु महतो/इन्द्र कुमारी महतोको छोरा, चितवन जिल्ला, गर्दि गा.वि.स. वडा नं.०८ स्थायी ठेगाना भइ हाल चितवन जिल्ला, माडी न.पा. वडा नं.०१, बस्ने **जेम्स महतो** (ना.प्र.न.०३६६५०, जारी मिति २०६४/०६/१०, जिल्ला प्रशासन कार्यालय, चितवन)।

३. हिरामणी महतो/सोहरी महतोको बुहारी डिल्ली राम चौधरी/पासपति चौधरीको छोरी, कमलु महतोको पत्नी, चितवन जिल्ला, बघौडा गा.वि.स. वडा नं.०२ स्थायी ठेगाना भइ हाल चितवन जिल्ला, माडी न.पा. वडा नं.०१, बस्ने **इन्द्र कुमारी महतो** (ना.प्र.न.२३६१, जारी मिति २०४४/१२/२८, जिल्ला प्रशासन कार्यालय, चितवन)।

४. कमलु महतो/इन्द्र कुमारी महतोको बुहारी, रामचन्द्र रिजाल/कल्पना रिजालको छोरी, सन्जय महतोको पत्नी, चितवन जिल्ला, पटिहानी गा.वि.स वडा नं.०३ स्थायी ठेगाना भइ हाल चितवन जिल्ला, माडी न.पा. वडा नं.०१, बस्ने **करुणा रिजाल** (ना.प्र.न.३५१०३२/११६६, जारी मिति २०६९/०२/२४ जिल्ला प्रशासन कार्यालय, चितवन)।

५. सुनाही महतोको नाति हिरामणी महतो/सोहरी महतोको छोरा, इन्द्र कुमारी महतोको पति चितवन जिल्ला, माडी गर्दि गा.वि.स. वडा नं.०८ स्थायी ठेगाना भइ हाल चितवन जिल्ला, माडी न.पा. वडा नं.०१ बस्ने **कमलु महतो** (ना.प्र.न.२३४४, जारी मिति २०४३/०६/२३ जिल्ला प्रशासन कार्यालय, चितवन)।

लिलाम हुने सम्पत्तिको विवरण:

१. **इन्द्र कुमारी महतो**को नाममा मालपोत कार्यालय, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, साबिक गर्दि गा.वि.स. वडा नं.०८/ग स्थित कित्ता नं.२८२ को क्षेत्रफल २-१५-१-० (वि.क.धु.क) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ (सातौं) दिन अर्थात २०८० मंसिर २७ गते** भित्र बैंकको शाखा कार्यालय चनौली, चितवनमा कार्यालय समय भित्र प्राप्त भईसक्नु पर्नेछ।

२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय चनौली, चितवनबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा/गाडिको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।

३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमको धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।

४. यो सूचना प्रकाशित भएको **मितिले ८ (आठौं) दिन अर्थात २०८० मंसिर २८ गते** ३:०० बजे देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा शाखा कार्यालय चनौली, चितवनमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।

५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ।

६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।

८. लिलाम गरिएको सम्पत्ति दाखिल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।

९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय चनौली, चितवनमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।

१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।

११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।

१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।

१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० मंसिर २८ गते बिहीबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय चनौली, चितवन फोन नं. ०५६-५९२४८६

आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड ICFC

कर्जा चुक्ता गर्न तथा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सार्वजनिक सूचना

सूचना प्रकाशित मिति : २०८०/०८/२१

यस फाइनान्सको शाखा कार्यालय, त्रिशुली, नुवाकोटबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिएको ऋण कर्जा सम्झौताको शर्त तथा तालिका अनुसार बुझाउनु पर्ने कर्जाको बक्यौता रकम फाइनान्सले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट तरताकेता गर्दा एवं राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने कर्जाको सावाँ ब्याज रकम चुक्ता गर्ने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई फाइनान्ससँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेकोले धितो स्वरुप यस फाइनान्सको नाममा दृष्टिबन्धक लिखत पास गरी सुरक्षण राखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे/जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्री गरी फाइनान्सको लेना रकम असूल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। साथै सुरक्षणमा रहेको चल-अचल सम्पत्ति लिलाम बिक्री गर्दा पनि फाइनान्सको सम्पूर्ण लेना असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली ऐन, २०५८ तथा सोको नियमावली २०५९ अनुसार ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल-अचल सम्पत्तिहरुबाट धितोले नखामेको बक्यौता कर्जा रकम असूल उपरका लागि ऋण असूली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणीहरु, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबै पक्षहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। यसै सूचनालाई आधार मानी ऋणीहरु, धितो जमानत तथा व्यक्तिगत जमानी दिनुहुने व्यक्तिहरुले सो दिन अगावै फाइनान्समा उपस्थित भई सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य स्थगित गरिने व्यहोरा समेत जानकारी गराईन्छ। अन्यथा, नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा सम्बन्धित सबै पक्षहरुलाई कालोसूचीमा सूचीकृत गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिल

१. ऋणीको विवरण	व्यक्तिगत जमानी दिनेको विवरण
नाम : हरि बहादुर मंग्राती बुबा : तेज बहादुर मिजार बाजे : गोरे मंग्राती ना.प्र.नं. : ७४५५७/१४०२ मिति : २०५८/१०/१२, जि.प्र.का. नुवाकोट ठेगाना : गेर्खु वडा नं.-३ हाल : विदुर नगरपालिका वडा नं.-९, नुवाकोट।	**क) नाम : वाटुली मंग्राती** बुबा : विर बहादुर मिजार पति : हरि बहादुर मंग्राती ससुरा : तेज बहादुर मिजार ना.प्र.नं : २५३०५३/७१४ मिति : २०६३/११/०४, जि.प्र.का. नुवाकोट ठेगाना : गेर्खु वडा नं.-३ हाल : विदुर नगरपालिका वडा नं.-९, नुवाकोट।

२. ऋणीको विवरण

विदुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय विदुर, नुवाकोटमा विदुर नगरपालिकाको प्राइभेट/साझेदारी फर्मको दर्ता, नविकरण, सञ्चालन र नियमन सम्बन्धि कार्यविधि २०७७ बमोजिम मिति २०७७/०६/०८ मा प्रा.फ/सा.फ.नं. ६/०७७/७८ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय कलंकी, करदाता सेवा कार्यालय गल्छीबाट स्थायी लेखा नं. ६१३७६६८४३ को प्रमाण पत्र प्राप्त **सुमि एण्ड सुनिता सुज सेन्टर।**
प्रोप्राइटर : वाटुली मंग्राती
ठेगाना : विदुर नगरपालिका वडा नं.- १, नुवाकोट।

व्यक्तिगत जमानी दिनेहरुको विवरण

क) नाम : वाटुली मंग्राती	ख) नाम : हरि बहादुर मंग्राती
बुबा : विर बहादुर मिजार पति : हरि बहादुर मंग्राती ससुरा : तेज बहादुर मिजार ना.प्र.नं : २५३०५३/७१४ मिति : २०६३/११/०४, जि.प्र.का. नुवाकोट ठेगाना : गेर्खु वडा नं.-३ हाल : विदुर नगरपालिका वडा नं.-९, नुवाकोट।	बुबा : तेज बहादुर मिजार बाजे : गोरे मंग्राती ना.प्र.नं. : ७४५५७/१४०२ मिति : २०५८/१०/१२, जि.प्र.का. नुवाकोट ठेगाना : गेर्खु वडा नं.-३ हाल : विदुर नगरपालिका वडा नं.-९, नुवाकोट।

उल्लेखित दुवै कर्जामा संयुक्त रुपमा रहेको धितो सुरक्षणको विवरण :

मालपोत कार्यालय नुवाकोटमा हरि बहादुर मंग्राती को नाममा दर्ता कायम रहेको सविक त्रिशुली-२, हाल विदुर नगरपालिका वडा नं. ९ स्थित कित्ता नं.४५२२ र ४५२४ को क्षेत्रफल क्रमश : ०-०-३-० र ०-३-०-० (रोपनी) को घरजग्गा तथा सोमा भए गरेका अन्य निर्माणहरु, लिगलगापात समेत...।

लिलाम बिक्री सम्बन्धी शर्तहरु:

(१) बोलपत्र फारम फाइनान्सको मुख्य कार्यालय, भाटभटेनी, काठमाडौं तथा फाइनान्सको सबै शाखा कार्यालयहरुबाट रु. १,०००।- तिरी प्राप्त गर्न सकिने छ।

(२) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात् मिति २०८०/०९/०५ गते भित्र फाइनान्सको प्रधान कार्यालय, भाटभटेनी काठमाडौं वा सबै शाखा कार्यालय मध्ये कुनै एकमा प्राप्त भैसक्नुपर्नेछ र प्राप्त बोलपत्रहरु मिति २०८०/०९/०८ गते दिनको २:०० बजे फाइनान्सको शाखा कार्यालय त्रिशुली, नुवाकोटमा बोलपत्रदाता वा निजको प्रतिनिधि र अन्य प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ तर बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन।

(३) बोलपत्र बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदाको लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा बिदाको लगत्तै कार्यालय खुलेको दिन उल्लेखित समयमा नै बोलपत्र खोलिनेछ।

(४) उल्लेखित चल-अचल सम्पत्ति जहाँ जे/जस्तो अवस्थामा छ, सोही अवस्थामा खरिद गरी लिने गरी बोलपत्र पेश गर्नुपर्नेछ। बोलपत्रदाताले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन।

(५) बोलपत्रमा आफुले सकार गरी लिन चाहेको चल-अचल सम्पत्ति के/कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ। अंक र अक्षरले लेखेको फरक भएमा अक्षरले लेखेकोलाई मान्यता दिइने छ। केरमेट भएको ठाउँमा दस्तखत गर्नुपर्नेछ र धेरै नै केरमेट भै कबुल गरेको मुल्य रकम नबुझिने गरी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन। आफूले कबुल गरेको रकमको कम्तीमा १०% ले हुन आउने रकम फाइनान्सको Tender Deposit Margin खाता नम्बर 9264013851014 मा धरौटी बापत नगदै जम्मा गरी सोको नगदी रसिद वा यस फाइनान्सको नाममा खिचिएको चेक वा ड्राफ्ट/पेमेन्ट अर्डर बोलपत्र साथ संलग्न गर्नुपर्नेछ। धरौटी बापत जम्मा गरिएको रकमको ब्याज दिईने छैन।

(६) नेपाल सरकारको आर्थिक नियम तथा प्रचलित कानून बमोजिम खरिद गरि लिन चाहेको सम्पत्तिको नामसारी/दाखिल खारेज गर्दा लाग्ने कर, शुल्क, दै-दस्तुर लगायत सम्पूर्ण खर्चहरु बोलपत्रदाता स्वयंले नै व्यहोर्नु पर्नेछ।

कञ्चनपुर जिल्ला, कालिका गा.वि.स. वडा नं. ५ स्थायी घर भई हाल कञ्चनपुर जिल्ला, पुनर्वास न.पा. वडा नं. २ बस्ने, **श्रीमती कृष्णी चौधरी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको कञ्चनपुर जिल्ला, त्रिभुवनबस्ती गा.वि.स. वडा नं. १ (हाल: पुनर्वास न.पा. वडा नं. ६) सिट नं. ०२६१०३९ मा अवस्थित कि.नं. क्रमश: १९२१ क्षेत्रफल ३०४७.६७ व.मि. जग्गा एवं सोमा बनेको घरसमेतको सम्पूर्ण लिगलगापात।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

धितोमा रहेको सवारी साधन गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको १५ दिने सूचना

प्रकाशित मिति : २०८०/०८/२१ गते

यस माछापुच्छ्रे बैंक लि. न्यूरोड, पोखरा शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीले लिनुभएको ऋण कर्जाको समय समयमा तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएको एवं मिति २०८०/०४/३२ गतेको अन्त्यपूर्ण पोष्ट राष्ट्रिय दैनिकमा ३५ दिने सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई बैंकसंग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले तपसिल बमोजिमको सवारी साधन, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा प्रचलित कानूनले दिएको अधिकार प्रयोगगरी बैंक नियमानुसार लिलामद्वारा बिक्री गरिने भएको हुंदा उक्त सम्पत्ति खरिद गरी लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही आफूले कबुल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी बापत जम्मा गरेको भौचर संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र फारम रितपूर्वक भरी कार्यालय समयभित्र यस बैंकमा पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु १६ (सोह्रौ) दिन सोही स्थानमा खोलिने हुँदा तपसिलमा उल्लेखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी तथा सम्बद्ध सबैलाई यसै सूचनाद्वारा सूचित गरिएकोछ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलामको प्रक्रया गर्न कुनै बाधा पुग्नेछैन। सो तोकिएको दिन बिदा परेमा त्यस पछिको लगतै बैंक खुलेको दिन १२:०० बजे सम्म कारोबार गरी सोही स्थानमा बोलपत्र खोलिनेछ। कुनैपनि अवस्थामा लिलाम प्रक्रया रद्द गर्ने वा कारण खुलाई वा नखुलाई प्राप्त बोलपत्रहरु स्वीकृत गर्ने/नगर्ने वा रद्द गर्ने वा नेगोसियशन गर्ने वा बैंक आफैले सकार गरिलिने समेत सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ। बोलपत्र फारम एक प्रतिको रु. १०००/ (फिर्ता नहुनेगरी) तिरी खरिद गर्न सकिने गरी यस बैंकमा उपलब्ध छ। अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम लागु हुनेछ। साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राईटर/सञ्चालक तथा सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितोलिलाम बिक्री गर्दापनि बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारवाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। धितोसुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न हुन समेत विशेष अनुरोध गरिएको छ।

तपसिल

ऋणीको नाम, ठेगाना	
गिता कमर ना.प्र.नं. ५८५४, जि.प्र.का. कास्की, जारी मिति : २०४८/१०/२३ बाबु : भिम प्रसाद शर्मा पौडेल, पती : देवेन्द्र कमर, ससुरा : वेद बहादुर कमर ठेगाना : कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ९	
व्यक्तिगत जमानतकर्ताहरु	
१. गिता कमर ना.प्र.नं. ५८५४, जि.प्र.का. कास्की जारी मिति : २०४८/१०/२३ बाबु : भिम प्रसाद शर्मा पौडेल पती : देवेन्द्र कमर, ससुरा : वेद बहादुर कमर ठेगाना : कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ९	**२. देवेन्द्र कमर** ना.प्र.नं. ५४६२८, जि.प्र.का. कास्की जारी मिति : २०५४/०४/०६ बाबु : वेद बहादुर कमर, बाजे : बल बहादुर कमर ठेगाना : कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ९
धितोमा रहेको सम्पतिको विवरण	
धनी यस माछापुच्छ्रे बैंक लिमिटेड र ऋणी गिता कमरको नाममा यातायात व्यवस्था कार्यालय, गण्डकी अञ्चल, कास्कीमा दर्ता कायम भएको निम्न बमोजिमको सवारी साधनहरु : १. सवारी दर्ता नं. : ग १ ख ६५५१, सवारी किसिम : Eicher Pro 3008 Skyline, सवारी मोडेल : २०१६ सवारीको रंग : Green, च्यासिस नं. : MC2P1HRT0GE344669, इन्जिन नं. : E413CDGE088355 २. सवारी दर्ता नं. : ग १ ख ६७८६, सवारी किसिम : Eicher 10

प्राविधिक मूल्यांकनमा...

पृष्ठ १ बाट क्रमशः

गरेर ठेक्काका लागि एक-एक कम्पनी छनोट हुनेछन् । विज्ञहरू प्राविधिक रूपमा फेल कम्पनीलाई पुनः मूल्यांकनमा समावेश गराउनु अस्वाभाविक भएको बताउँछन् । प्रक्रिया पुऱ्याएको देखाए पनि पहिलेदेखि विवादमा रहेको र भ्रष्टाचारसम्बन्धि मुद्दा सामना गरिरहेको कम्पनीलाई जबर्जस्ती मूल्यांकनमा प्रवेश गराउनुमा व्यावहारिक चलखेल हुन सक्ने उनीहरूको भनाइ छ । एक पूर्वमहालेखा परीक्षकले भने, 'सम्बन्धित निकाय तथा कम्पनीले आवश्यक प्रक्रिया पूरा गरेका हुन सक्छन् । तर, व्यावहारिक रूपमा यो राम्रो होइन,' उनले भने, 'यसमा केही न केही खेल हुन सक्छ ।'

यद्यपि, कम्पनीहरूलाई मूल्यांकन प्रक्रिया चित्त नबुझेको अवस्थामा पुनरावलोकनका लागि निवेदन दिन पाउँछन् । जायज अवस्थामा सार्वजनिक खरिद पुनरावलोकन समिति (पिपिआरसी)ले त्यस्तो कम्पनीलाई पुनः मूल्यांकनमा समावेश गराउने निर्णय गर्न सक्छ । तर, कुनै पनि प्रस्तावलाई मर्का नपर्ने गरी मूल्यांकनकै चरणमा उचित निर्णय गर्नुपर्ने उनी बताउँछन् । यसमा मूल्यांकन समितिसमेत जिम्मेवार हुनुपर्ने उनको भनाइ छ । 'क्षमता हुँदाहुँदै हो भने कम्पनीलाई किन फेल गराइयो ? वा क्षमता नहुँदानहुँदै हो भने कम्पनीलाई किन पास गराइयो ?' उनले भने, 'यस्ता विषयमा मूल्यांकन समितिसमेत जिम्मेवार हुनुपर्छ ।'

मापदण्डविपरीत गराइयो पास

प्राविधिक मूल्यांकनमा फेल भएपछि कालिका कन्स्ट्रक्सनले सार्वजनिक खरिद पुनरावलोकन समितिमा उजुरी दिएको थियो । त्यसपछि समितिले कालिकालाई पुनः समावेश गरेर मूल्यांकन अघि बढाउन भनेको थियो । त्यस्तै, रक्षा मन्त्रालयले पनि सार्वजनिक खरिद पुनरावलोकन समितिकै निर्णयअनुसार उक्त टेन्डर प्रक्रिया अघि बढाउन ५ मंसिरमा सेनालाई पत्र पठाएको थियो । त्यसपछि सेनाले पुनः मूल्यांकन गरेर कम्पनीलाई प्राविधिक रूपमा उत्तीर्ण गराएको हो ।

नयाँ पत्रिकालाई प्राप्त 'डकुमेन्ट'अनुसार कालिकाले सिक्टा सिँचाइ आयोजनामा भ्रष्टाचार गरेको भन्दै कन्स्ट्रक्सनविरुद्ध सर्वोच्चमा मुद्दा विचाराधीन भएकाले फास्ट ट्र्याकको ठेक्कामा प्राविधिक मूल्यांकनमै फेल गराइएको थियो । अख्तियारले विशेष अदालतमा उक्त भ्रष्टाचार मुद्दा दायर गरेकामा त्यहाँबाट कालिकाले सफाइ पाएको थियो । तर, विशेषको फैसलाप्रति असन्तुष्टि जनाउँदै अख्तियार सर्वोच्च गएको छ ।

अदालतमा मुद्दा विचाराधीन रहेको कम्पनीलाई लक्षित गरेर बोलपत्र फारामको सेक्सन ३ को २.२.१ मा मापदण्ड नै तोकिएको छ । मुद्दा मापदण्डअनुसार विचाराधीन रहेको अवस्थामा सम्बन्धित कम्पनी कुनै बोलपत्रमा सहभागी हुन उसलाई तोकिएको बिगो रकम उसको खुद सम्पत्ति (नेटवर्थ)भन्दा ७५ प्रतिशत कम हुनुपर्छ । कालिकाविरुद्ध दायर मुद्दाको बिगो दुई अर्ब १३ करोड ७६ लाखभन्दा बढी छ । जब कि पछिल्लो लेखापरीक्षण (०७८/७९) अनुसार कालिकाको कुल सम्पत्ति एक अर्ब ७३ करोड ४० लाख रुपैयाँ हाराहारी मात्रै छ, जुन बिगो रकमभन्दा पनि कम हो । बोलपत्रमा कालिकाले 'पेन्डिङ लिटिगेसन' (विचाराधीन मुद्दा)बारे झुटा विवरण पेस गरेको खुल्न आएको छ । सुरुको आवेदनमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ को २ (ख) बमोजिम तथ्य बंग्याएको वा झुक्याएकाले कानुनी परीक्षणमा समेत अनुत्तीर्ण भई प्राविधिक मूल्यांकनबाट हटाइएको उल्लेख छ ।

मूल्यांकन प्रक्रियाबाट बाहिरिएपछि कम्पनीले २५ भदौमा सेनासँग कारण मागेको थियो । सेनाले २७ भदौमा मूल्यांकनबाट बाहिरिनुको कारणसहितको पत्र कम्पनीलाई पठाएको थियो । त्यसपछि कम्पनीले २९ भदौमा पेन्डिङ लिटिगेसन नरहेको भन्दै आयोजना (सेना)मा पुनरावलोकनका लागि निवेदन दिएको थियो । त्यसपछि आयोजनाले २ असोजमा प्राविधिक मूल्यांकन निलम्बन गरी पुनरावलोकन बोर्डमार्फत पुनः प्राविधिक मूल्यांकन प्रक्रिया अघि बढाएको थियो । त्यसपछि ९ असोजमा कम्पनीविरुद्ध कुनै पनि अदालतहरूमा मुद्दा विचाराधीन रहे-नरहेको जानकारी दिन कालिकालाई पत्र पठाएको थियो । तर, कम्पनीले त्यसबारे विवरण नपठाई १० असोजमा सार्वजनिक खरिद पुनरावलोकन समितिमा प्राविधिक मूल्यांकनमा समावेश गरिपाऊँ भनेर निवेदन दिएको थियो । त्यसपछि समितिले ३ कात्तिकमा कम्पनीलाई तोकिएको प्रक्रिया पूरा गरेर पुनः मूल्यांकनमा समावेश गराउने निर्णय गरेको थियो ।

पूर्वसचिव देवेन्द्र कार्की बोलपत्र फारामको मापदण्ड परिवर्तन गर्न नहुने बताउँछन् । 'यस घटनाबारे म जानकार छैन, तर बोलपत्र फाराममा तोकेको मापदण्ड गलत नै भए पनि परिवर्तन गर्न पाइँदैन । सोहीअनुसार टेन्डर प्रक्रियामा निर्णय गर्नुपर्छ,' उनले भने ।

यद्यपि, यसमा बोलपत्रको मापदण्डभन्दा पनि सार्वजनिक खरिदसम्बन्धी ऐन र नियमावलीको व्यवस्था नै बढी हाबी हुने सरोकारवालाहरू बताउँछन् । सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ६५ को (क) अनुसार मूल्यांकन समितिले प्रस्ताव मूल्यांकन गर्दा एकल वा संयुक्त उपक्रममा प्रस्ताव पेस गर्ने कुनै बोलपत्रदाता, सिलबन्दी दरभाउपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीका सञ्चालकउपर भ्रष्टाचारको कसुरमा मुद्दा दायर-नभएको सम्बन्धमा यकिन गरी त्यस्तो मुद्दा दायर भएको देखिएमा सम्बन्धित निकायमार्फत नेपाल सरकारलाई पत्र पठाउनुपर्छ । त्यसरी पत्र आएमा सरकारले त्यस्तो एकल वा संयुक्त उपक्रममा प्रस्ताव पेस गर्ने कुनै बोलपत्रदाता, संस्था वा कम्पनीका निर्माण व्यवसायी वा कम्पनीबाट पेस गरेको प्रस्तावलाई मूल्यांकन गरिसक्नुपर्ने अवधिभित्र समावेश नगर्न निर्देशन दिन सक्ने व्यवस्था छ ।

त्यसपछि आयोजनाले कालिका कन्स्ट्रक्सनविरुद्ध अदालतहरूमा मुद्दा भए-नभएको जानकारी लिएको थियो । त्यस क्रममा सर्वोच्चले १३ कात्तिकमा कालिका कन्स्ट्रक्सनका सञ्चालक विक्रम पाण्डेसमेत प्रतिवादी भएको सिक्टा सिँचाइ आयोजनाको गुणस्तरहीन निर्माण कार्य गरी भ्रष्टाचार गरेको मुद्दामा विशेष अदालत काठमाडौंबाट भएको फैसलाउपर सरकारको तर्फबाट २२ चैत ०७९ मा परेको पुनरावेदन विचाराधीन अवस्थामा रहेको पत्र आयोजनालाई पठाएको थियो । १३ कात्तिकमा सर्वोच्च उक्त पत्र पठाएको थियो । त्यसपछि आयोजना (सेना)ले १४ कात्तिकमा रक्षा मन्त्रालयलाई यसबारे आवश्यक निर्देशन दिन पत्र पठाएको थियो । त्यसमा गत ५ मंसिरमा मन्त्रालयले सार्वजनिक खरिद पुनरावलोकन समितिकै निर्णयअनुसार टेन्डर प्रक्रिया अघि बढाउन सेनालाई पत्र पठाएको छ । त्यसपछि सेनाले पुनः मूल्यांकनमार्फत दुवै प्याकेजको टेन्डरमा कालिकालाई सहभागी गराएको हो ।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ को उपदफा २ को (ख)अनुसार बोलपत्र पेस गर्ने कम्पनीले कुनै तथ्य बंग्याई वा झुक्याई विवरण पेस गर्न पाउनेछैनन् । साथै, सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ६५ को (निर्माण कार्यको बोलपत्रको विशेष मूल्यांकन) उपदफा ९४ (ङ) अनुसार यसको नियमको प्रयोजनका लागि बोलपत्रदाताले आर्थिक तथा प्राविधिक क्षमता, आफूसँग चालू अवस्थामा रहेको खरिद सम्झौताको संख्या, बोलपत्रसम्बन्धी अन्य विवरण तथा कागजात सम्बन्धमा स्वयं घोषणा गरी बोलपत्रसम्बन्धी कागजातसाथ विवरण पेस गर्नुपर्नेछ । यसरी पेस भएको विवरण झुटा ठहरिएमा निजले पेस गरेको बोलपत्रलाई मूल्यांकन प्रक्रियाबाट हटाई ऐनको दफा ६३ बमोजिम कालोसूचीमा राख्न लेखी पठाउनुपर्नेछ र प्रचलित कानुनबमोजिम कारबाही हुने उल्लेख छ । तर, यसतर्फ कुनै निर्णय नलिई कालिकालाई पुनः मूल्यांकन प्रक्रियामा समावेश गरिएको हो ।

कालिका कन्स्ट्रक्सनसम्बन्धी सर्वोच्चमा विचाराधीन मुद्दा सिक्टा परियोजनाको एक नहर भासिएको सम्बन्धमा हो । अख्तियारले विशेषमा मुद्दा दायर गरेकामा कालिकाले सफाइ पाइसकेको छ भने पुनरावेदनका लागि अख्तियार सर्वोच्च पुगेको छ । कालिकाको दायित्वमा पर्ने समयावधि सकिएपछि मात्रै नहर भासिएको र सिँचाइ विभाग आफैंले मर्मत गरिसकेकाले त्यसैलाई आधार बनाएर विशेषले सफाइ दिएको थियो । त्यसैलाई आधार मानेर कालिकाले फास्ट ट्र्याक ठेक्कामा अन्याय भएको भन्दै पिपिआरसीमा पुनः मूल्यांकनको आवेदन दिएको थियो । पिपिआरसीले पनि विचाराधीन पुनरावेदन मुद्दाकै कारण कालिकालाई अनुत्तीर्ण गर्न नहुने भन्दै निर्णय गरेको थियो । त्यसपछि सेनाले मागेको रायमा रक्षा मन्त्रालयले पनि पिपिआरसीकै निर्णयअनुसार टेन्डर प्रक्रिया अघि बढाउन भनेको थियो । सोहीअनुसार प्याकेज ८- ए र ९- बीको टेन्डरको पुनः मूल्यांकन गरिएको सेनाले जनाएको छ ।

'आयोजनाले यसबारे रक्षा मन्त्रालयमा र सार्वजनिक खरिद पुनरावलोकन समिति (पिपिआरसी) मा लेखेर पठाएको थियो । त्यस क्रममा पिपिआरसीबाट गर्नु भनेर निर्णय आएपछि यस्तो निर्णय गरिएको हो । साथै, रक्षा मन्त्रालयले पनि पिपिआरसीकै निर्णयअनुसार गर्नु भनेको थियो । त्यसपछि आयोजनाले यो निर्णय गरेको हो,' सैनिक प्रवक्ता कृष्णप्रसाद भण्डारीले भने ।

एनसेलको सेयर...

पृष्ठ १ बाट क्रमशः

दूरसञ्चार प्राधिकरणलाई पूर्वजानकारी नगराएको पाइएको जनाएको छ । एनसेलले कानुनी व्यवस्थाको परिपालना नगर्नु, सेयर खरिद-बिक्रीमा अवास्तविक तथ्यांक देखाउनु, अनपेक्षित एवं अविश्वसनीय र अपारदर्शी तवरमा अति न्यून मूल्यांकन गरी खरिद-बिक्री गरिनु, नेपालबाहिर सेयर खरिद-बिक्री वा हक हस्तान्तरण गरी नेपाल सरकारलाई प्राप्त हुनुपर्ने पुँजीगत लाभकर, स्वामित्व हस्तान्तरण करलगायतका करहरू प्रभावित गर्न खोजिनुले कम्पनीको कारोबार प्रारम्भिक रूपमै शंकास्पद, अपारदर्शी र अवास्तविक देखिएको निष्कर्ष निकालेको छ । त्यस्तै, करिब ६ वर्षपछि कानुनतः नेपाल सरकारको स्वामित्वमा आउने अवस्थालाई अनिश्चियतर्फ धकेल्न खोजिनु, पारदर्शिता नदेखिनु, नेपालमा वैदेशिक लगानीलाई सहज गर्ने वातावरण नभएको भनी भ्रमपूर्ण सन्देश प्रवाह गर्न खोज्नु तथा अन्य नकारात्मक टिप्पणी गर्नुले पनि शंका थपिएको समितिको ठहर छ ।

कम्पनीले सम्बन्धित कानुनी व्यवस्थाहरूमा रहेका छिद्रहरूको उपयोग गरी चलखेल रोक्न, लगानीकर्ताहरूको सुरक्षा गर्न, देशले पाउने लाभ सुनिश्चित गर्न र आगामी दिनमा द्विविधा नहुने गरी स्पष्ट खाकासहित दूरसञ्चारसम्बन्धी कानुनहरूलाई संशोधन गर्नुपर्ने समितिको निचोड छ । त्यस्तै, एनसेलको सेयर खरिद-बिक्री सम्बन्धमा सरकारको थप धारणा बुझ्न समितिको आगामी बैठकमा प्रधानमन्त्रीलाई आमन्त्रण गर्ने निर्णय गरेको छ ।

सार्वजनिक लेखा समितिको बैठकमा दूरसञ्चार प्राधिकरण र रजिस्ट्रार कार्यालयले एनसेलले ८० प्रतिशत सेयर बिक्री भएको सम्बन्धमा जानकारी नगराएको स्पष्टीकरण दिएका छन् । प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनालले बैठकमा भने, 'हामीले कम्पनीको वेबसाइटमा राखिएको सूचनाबाट जानकारी पाएका हौं,' उनले भने, 'सोही आधारमा हामीले एनसेलसँग जवाफ मागेका छौं ।' दूरसञ्चार प्राधिकरण ऐनबमोजिम दूरसञ्चार सेवाप्रदायक कम्पनी दर्ता गर्नुपूर्व वा सेयर खरिद-बिक्री वा हक हस्तान्तरण गर्दा प्राधिकरणसँग अनिवार्य अनुमति लिनुपर्छ । तर, एनसेलले ऐनविपरीत कारोबार गरेको प्राधिकरण अध्यक्ष खनालले बताए ।

त्यस्तै, कम्पनी रजिस्ट्रार कार्यालयका रजिस्ट्रार दीपककुमार पहाडीले पनि एनसेलले सेयर बिक्री वा हक हस्तान्तणको औपचारिक जानकारी नदिएको जवाफ दिएका छन् । कुनै पनि कम्पनी खोल्दा वा बिक्री गर्दा कम्पनी रजिस्ट्रार कार्यालयमा अनिवार्य रूपमा दर्ता गर्नुपर्ने व्यवस्था छ । यसका लागि कम्पनीले सम्बन्धित नियामक निकायको अनुमति र उद्योग विभागको अनुमति लिएको हुनुपर्ने कार्यालयका रजिस्ट्रार पहाडीले बताए । एनसेलको हकमा भने अहिलेसम्म कुनै जानकारी नभएको उनको दाबी छ । 'कम्पनी दर्ता वा हक हस्तान्तरणको अन्तिम काम रजिस्ट्रार कार्यालयमा हुन्छ । त्यसअघि नियामक निकायदेखि उद्योग विभागसँग अनुमति पाएको हुनुपर्छ,' उनले भने ।

कम्पनी रजिस्ट्रार कार्यालयले सार्वजनिक लेखा समितिलाई लिखित जवाफ पनि दिएको छ । समितिले गत आइतबार (१७ मंसिर) कम्पनी रजिस्ट्रार कार्यालय र नेपाल दूरसञ्चार प्राधिकरणलाई नौबुँदे प्रश्न सोधेको थियो । रजिस्ट्रार कार्यालयले जवाफ पठाउँदै एनसेलले गरेको कारोबारका विषयमा जानकारी नभएको स्पष्ट पारेको छ भने प्राधिकरणले एक-दुई दिनभित्र जवाफ पठाउने बताएको छ । कार्यालयका अनुसार कार्यालयमा अभिलेख भएको एनसेल आजियाटाको सेयरधनी दर्ता किताबमा ८० प्रतिशत सेयर रेनोल्ड्स होल्डिङ्सको नाममा छ । सो सेयर खरिद-बिक्रीसम्बन्धी कुनै पनि कागजात कार्यालयमा पेस नभएको उसको जवाफ छ । त्यस्तै, एनसेलको विदेशी होल्डिङ कम्पनीको स्वामित्वमा रहेको सेयर खरिद-बिक्री वा हक हस्तान्तरण गर्दा कम्पनीको सेवा प्रवाह गरिरहेको मुलुकको कानुनी व्यवस्था परिपालना गर्नुपर्ने कार्यालयले जनाएको छ । तर, कार्यालयमा खरिद-बिक्रीको अभिलेखसम्बन्धी कुनै कागजात प्राप्त नभएकाले नेपाल दूरसञ्चार प्राधिकरण विनियमावली, २०७६ बमोजिम अनुमति वा स्वीकृति प्राप्त गर्नुपर्ने कानुनी प्रावधान पूरा भए-नभएको थाहा नभएको बताएको छ । कम्पनीको सेयर खरिद-बिक्रीसम्बन्धी कुनै कागजात पेस नभएकाले यसअघि भएको कारोबारभन्दा निकै कम मूल्यमा स्वामित्व हस्तान्तरण भए-नभएको जानकारी नभएको कार्यालयले जवाफ दिएको छ । बिक्रीकर्ता कम्पनीले दोहोरो कर, नियमनकारीको अनिश्चितता, लाइन्सेसको म्याद सकिँदा उत्पन्न हुने अतिरिक्त जोखिम, लाइसेन्सको म्याद सकिएपछि उक्त हिस्सा नेपाल सरकारले लिन सक्ने सम्भावना, नेपालमा वैदेशिक लगानीलाई संरक्षण गर्ने वातावरण नभएकाले कम्पनीको अस्तित्व नै खतरामा आउने कारण उल्लेख गरेको सन्दर्भमा यसबाट नेपाललाई पर्न सक्ने प्रतिकूल प्रभाव के-के हुन् भन्ने समितिको प्रश्नमा रजिस्ट्रार कार्यालयले त्यो विषय आफ्नो क्षेत्रभित्र नपर्ने जनाएको छ ।

समिति गठन होइन, तत्काल कारबाही गर : रवि लामिछाने

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले एनसेल खरिद-बिक्रीमा कर छल्नेमाथि तत्काल कारबाहीको माग गरेका छन् । बुधबार रास्वपाको सचिवालय बैठकपछि पत्रकारसँग बोल्दै लामिछानेले कारबाहीका लागि समिति गठनको आवश्यकता नरहेको तर्क गरे । 'यसमा कैयौं राजनीतिक दलको संलग्नता हुन सक्छ, त्यो छानबिनको विषय हो,' लामिछानेले भने, 'तर, खरिद-बिक्री भएको हो कि होइन ? होइन भने किन बबाल गरेको ? हो रहेछ भने त्यसबापत प्राप्त गर्नुपर्ने राजस्व राज्यले पायो कि पाएन ? पाएको छैन भने त्यो गैरकानुनी हो कि होइन ? गैरकानुनी हो भने सर्वदलीय बैठक बस्ने कि कर छल्ने मान्छेलाई गएर समाउने हो ? यो बेकारको नाटक हो ।

कर छली भएको प्रस्ट देखिएपछि सरकार तत्काल कारबाही गर्न छाडेर समिति गठनतिर लाग्न नहुने उनको भनाइ थियो । 'सुरुवातदेखि आजसम्म भएका गतिविधिको बृहत् छानबिन त हुनैपर्छ,' उनले भने, 'तर, अहिले भइसकेको हो भने तुरुन्तै कारबाही गर्नुपर्छ । यो विषयमा अर्थमन्त्रीलाई थाहै छैन भन्ने अभिव्यक्ति सुनियो । यो लज्जास्पद र हास्यास्पद छ ।

एनसेलको कुल...

पृष्ठ १ बाट क्रमशः

त्रैमासमा एनसेलले ६ अर्ब नौ करोड रुपैयाँ नाफा आर्जन गरिसकेको छ । यसलाई आधार मान्दा यस वर्ष एनसेलको नाफा सवा आठ अर्बसम्म पुग्ने देखिन्छ । कम्पनीको दायित्वतर्फ बैंकको ऋण १५ अर्ब ५१ करोड रुपैयाँ पुगेको आजियाटाले जनाएको छ । त्यस्तै, लिज दायित्व तीन अर्ब ५७ करोड रुपैयाँ रहेको छ । कम्पनीको विद्यमान दायित्वभन्दा सम्पत्ति तीन गुणाभन्दा बढी देखिन्छ ।

नियमित नाफा आर्जन गरिरहेको तथा देखिने दायित्वभन्दा सम्पत्ति बढी भएको कम्पनीको स्वामित्व बिक्री अपत्यारिलो मूल्यमा भएको दूरसञ्चार प्राधिकरणका एक अधिकारीले बताए । 'एनसेलको ८० प्रतिशतको सेयर मूल्य ६ अर्ब ६६ करोड मात्रै हुनु अपाच्य देखिन्छ, यसमा केही न केही चलखेल छ,' उनले भने, 'मुख्यगरी कर छली गर्ने र एनसेललाई ऐनअनुसार सरकारको स्वामित्वमा आउनबाट रोक्ने प्रपञ्च भएको देखिन्छ ।' विदेशी लगानी पनि निरुत्साहित नहुने गरी कर छली र स्वामित्व हस्तान्तरणमा गर्न खोजिएको तिकडमलाई रोक्नुपर्ने उनले बताए ।

कम्पनीसँग तीन हजार दुई सय ४० वटा थ्रिजी र चार हजार दुई सय ९२ वटा फोरजीका बिटिएस टावर रहेका छन् । हाल एनसेलका एक करोड ६६ लाख ग्राहक छन् । नेपालको कुल जनसंख्याको ८८.३१ प्रतिशतभन्दा बढीमा एनसेलको फोरजी पहुँच पुगिसकेको आजियाटाले जनाएको छ ।

एनसेलले १६ भदौ ०६१ मा मोबाइल सेवाप्रदायकको अनुमति प्राप्त गरेको हो । दूरसञ्चार ऐन, २०५३ को दफा २५ अनुसार अनुमतिपत्रको अवधि २५ वर्षको हुन्छ । सोही ऐनको दफा ३३ ले म्याद सकिएपछि अनुमतिपत्र सरकारको स्वामित्वमा आउने व्यवस्था गरेको छ ।

'जम्मा पुँजी लगानीको ५० प्रतिशतभन्दा बढी विदेशी व्यक्ति वा संगठित संस्थाको लगानी भएको दूरसञ्चार सेवासँग सम्बन्धित जग्गा, भवन, यन्त्र-उपकरण तथा संरचनामा अनुमतिपत्रको अवधि समाप्त भएपछि नेपाल सरकारको स्वामित्व हुनेछ,' ऐनको व्यवस्था छ । यो व्यवस्थाअनुसार १७ भदौ ०८६ मा एनसेलको स्वामित्व नेपाल सरकारको नाममा आउँछ । तर, सोही ऐनको अर्को व्यवस्थालाई टेकेर अहिले नेपाल सरकारमा आउने स्वामित्व रोक्ने प्रपञ्च भइरहेको प्राधिकरणका अधिकारीहरू बताउँछन् ।

ऐनको दफा ३३ को उपदफा ४ मा भनिएको छ, 'जम्मा पुँजी लगानीको ५० प्रतिशतसम्म विदेशी व्यक्ति वा संगठित संस्थाको लगानी भएको दूरसञ्चार सेवाको संरचना अनुमतिपत्रको अवधि समाप्त भएपछि पूर्वअनुमतिपत्र प्राप्त व्यक्तिले पुनः अनुमतिपत्र लिई सञ्चालन गर्न सक्नेछ ।' यही व्यवस्थालाई टेकेर सस्तो मूल्यमा विदेशी स्वामित्व नेपालीको नाममा ल्याएर कर पनि छल्ने अनि सरकारमा जाने स्वामित्व पनि रोक्ने गरी चलखेल भएको हुन सक्ने प्राधिकरणका एक अधिकारीले बताए ।

Phaktanglung Rural Municipality
Office of Rural Municipal Executive
Tapethok,Taplejung
Province no.1, Nepal

Invitation for Sealed Quotation

Name of the Office: Phaktanglung Rural Municipality
Address of the Office: Tapethok,Taplejung

Invitation for Sealed Quotation for the procurement of stationery and other items

Sealed Quotation No: **FRM/G/SQ/PSI/2080/081/03**

Date of first Publication: 2080/08/21(7th December 2023)

1. **Phaktanglung Rural Municipality** invites sealed quotations from registered Suppliers for the supply, delivery and installation of ***stationery and other items.***
2. *Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of [Phaktanglung Rural Municipality, Tapethok,Taplejung,Phaktanglungmun@gmail.com 9852660310,9852660491][or may visit PPMO website www.bolpatra.gov.np.]*
3. *Bidder must submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP [www.bopatra.gov.np/egp]. Bidders, submitting their bid electronically, should deposit the cost Rs:**1000** of bidding document in the following account*

   ***Name of the Bank :** Global IME Bank **Name of Office:** Phaktanglung Rural Municipality*
   ***Office Account no.:** 26604010000011*
   ***Rajaswa (revenue) Shirshak no. :** Ga.1.1 Aantarik Rajaswo Khata Phaktanglung"]*
4. *Sealed bids must be submitted to the office of Phaktanglung Rural Municipality through e-GP system i.e* www.bopatra.gov.np/egp*] on or before 12:00PM on **2080/09/05**. Bids received after this deadline will be rejected.*

   *The bids will be opened in the presence of Bidders' representatives who choose to attend at Tapethok as mentioned above date and time at the office of Phaktanglung Rural Municipality. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of **50000**, which shall be valid for 30 days beyond the validity period of the bid (i.e.**2080/11/24**). If bidder wishes to submit the Cash Security, the cash should be deposited in the following account*

   ***Name of the Bank:** Global IME Bank **Name of Office:** Phaktanglung Rural Municipality*
   ***Office Account no.:** S504010000008*
   ***Account Name:** Dharauti account and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.*
5. *If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.*
6. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

Chief Administrative Officer

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना

प्रकाशित मितिः २०८०/०८/२१

तपसिलमा उल्लेखित ऋणीले यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड (सांविक सहयोगी विकास बैंक लि.)को धनुषाधाम शाखा कार्यालय, धनुषाबाट विभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा बापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले यथाशिघ्र बैंकमा सम्पर्क गरी आफूले उपभोग गरेको ऋणकर्जा सुविधा बापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा बापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण बापत लेखिदिएको तपसिलमा उल्लेख भएको **"धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको सूचना"** प्रकाशित गरी लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम कर्जा सुचना केन्द्र लिमिटेडमा कालो सुचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ ।

साथै तपसिलमा उल्लेखित जमानीकर्ताहरुले स्वयम् बैंकमा उपस्थित भई जमानत दिने कागज गरि दिनु भएको हुँदा यहाँ जमानीकर्ताहरुले पनि उपरोक्त व्यहोरा अवगत गरी सुचनाको म्याद भित्र बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिन्छ । अन्यथा बैंकको लेना रकम असुल उपर गर्नुका साथै तहाँलाई समेत कर्जा सूचना केन्द्र लिमिटेडमा नियमानुसार कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

तपसिल

कर्जा शिर्षक	**: सिटिजन्स एस.एम.ई. (अधिबिकर्ष) र अल्पकालिन कर्जा**	**प्रोप्राइटर तथा जमानीकर्ताको नाम र ठेगाना**	
ऋणीको नाम	**: कन्चन रेडिमेड सेन्टर**	**नाम**	**: चनरदीप कुमार यादव**
रजिष्टर्ड ठेगाना	: धनुषाधाम न.पा.२, धनुषा	बाबु	: लालेश्वर यादव
रजिष्ट्रेशन नं.	: ११२७३/१०१३/२०७४/०७५ (नेपाल सरकार वाणिज्य मन्त्रालय, वाणिज्य विभाग)	बाजे	: लक्ष्मी यादव
		ठेगाना	: धनुषागोबिन्दपुर- ७, धनुषा
		हाल	: धनुषाधाम न.पा. २, धनुषा
पान नं.	: ६०७८९७९३७	ना.प्र.नं.	: २६३२९१४५९
		जारी मिति	: २०५९/०२/२६
		जि.प्र.का.	: धनुषा

जमानीकर्ताहरुको नाम र ठेगाना

१. नाम	**: विमला देवी यादव**	**२. नाम**	**: कल्यानी यादवनी**
बाबु	: विष्णु यादव	बाबु	: भाना यादव
पति	: चनरदीप कुमार यादव	पति	: लालेश्वर यादव
ससुरा	: लालेश्वर यादव	ससुरा	: लक्ष्मी यादव
ठेगाना	: धनुषागोबिन्दपुर- ७, धनुषा	ठेगाना	: धनुषागोबिन्दपुर- ७, धनुषा
हाल	: धनुषाधाम न.पा. -२, धनुषा	हाल	: धनुषाधाम न.पा. -२, धनुषा
ना.प्र.नं.	: २६३२२९३५	ना.प्र.नं.	: ४३९८१५८०
जारी मिति	: २०६२/०९/२४	जारी मिति	: २०५९/०५/२५
जि.प्र.का.	: धनुषा	जि.प्र.का.	: धनुषा

धितो राखिएको सम्पत्ति विवरणः

सि.नं	जिल्ला	न.पा./गा.वि.स.	वडा नं./ नक्सा सिट नं.	कि.नं.	क्षेत्रफल (बिगाहा)	घर/जग्गा धनीको नाम	कैफियत
१.	धनुषा	कजरारमौल	८/८क	९१५	०-२-६-४	चनरदीप कुमार यादव	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत ।
२.	धनुषा	कजरारमौल	८/८क	११८२	०-३-१०-८	विमला देवी यादव	

माथि उल्लेखित अचल सम्पत्तिका अतिरिक्त यस बैंकलाई पठाएको मौज्दातको विवरण अनुसारको स्टक मौज्दात लगायत फर्मले उठाउन बाँकी सम्पूर्ण रकम कलम (Entire Receivables) सहित ।

Citizens Bank

मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७००४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

Arjunchaupari Rural Municipality
Office of Rural Municipal Executive
Arjunchaupari, Syangja

The Letter of Intent

Publication Date : 2080/08/21

Pursuant to clause 27.2, 27.3 and 47 of PPA-2063, this is to notify all the concerned bidders that the following substantially responsive lowest bidders have been selected to award the contract as per the invitation for bids published on Newspaper on 2080/06/26; Arjunchaupari Rural Municipality intends to award the contract to the same.

S.N.	Contract No.	Name of Contract	Name of Successful Bidders	Total Bid Price with VAT & PS
1.	ACRM/NCB/W/RD/01/2080/081	Upgrading of Dirjekhola - Ward 3 Road	kailmandu/anger bhanger j.v, Syangja	NPR1,45,38,158.62
2.	ACRM/NCB/W/RD/02/2080/81	Upgrading of Arjunchaupari Ward 2 Road	Sitala Devi Nirman Sewa, Putalibazar	NPR 1,16,67,522.24
3.	ACRM/NCB/W/RD/03/2080/81	Upgrading of Arjunchaupari Simalchaur Musurbari Daraun Road	Panchamul N

■ नेपाल सुपर लिग

इलामको प्ले अफ सम्भावना कठिन

नयाँ पत्रिका

नवप्रवेशी स्पोर्टिङ इलाम एफसीले नेपाल सुपर लिगको डेब्युमै उपाधि जित्ने लक्ष्य राखेको थियो । नेपाली फुटबलकै अनुभवी प्रशिक्षक मेघराज केसीको प्रशिक्षणमा इलामले यसै अनुरूप पनि तयारी गरेको थियो । सहभागीमध्ये राम्रो तयारी गरेको इलामको चालू एनएसएलको चारमध्ये तीन खेल हारेपछि प्ले अफको सम्भावना पातलो बनेको छ । दशरथ रंगशालामा बुधबार पोखरा थन्डर्ससँग १-० ले पराजित भएपछि इलामको प्ले अफको सम्भावना कमजोर बनेको हो ।

प्रशिक्षक केसीका अनुसार इलामको प्ले अफको सम्भावना ३० प्रतिशत मात्र छ । 'यो हारले प्ले अफ पुग्ने सम्भावना ७० प्रतिशत समाप्त भएको छ,' प्रशिक्षक केसीले भने । इलाममाथि कठिन जित निकाल्न पोखराका लागि नेपाली राष्ट्रिय फुटबल टोलीका स्ट्राइकर सञ्जीव विष्टले एक मात्र निर्णायक गोल गरेका थिए । उनले डिबक्सभित्र इलामका डिफेन्डर र गोलरक्षक तथा कप्तान विकेश कुथूबाट अनमार्क रहेको फाइदा लिँदै गोल गरेका हुन् ।

जितसँगै पोखरा लिगको शीर्ष स्थानमा उक्लेको छ । पोखराले चार खेलमा सर्वाधिक ८ अंक जोडेको छ । दोस्रो हारपछि इलाम ३ अंकका साथ सातौँ स्थानमा झरेको छ । 'हामी लगातार खेलाडीबीच तालमेल अभाव र फिनिसिङमा चुकेको छौँ,' प्रशिक्षक केसीले भने, 'प्राप्त मौकामा गोल गरेको भए नतिजा फरक हुने थियो ।' इलाम उद्घाटन खेलमा काठमाडौं रेजर्ससँग १-० ले पराजित भएको थियो । दोस्रो खेलमा इलामले एफसी झापामाथि १-० को जित निकाल्यो । तेस्रो खेलमा इलाम बुटवल-लुम्बिनी एफसीसँग २-१ ले पराजित भयो ।

> तेस्रो हारसँगै नयाँ टोली स्पोर्टिङ इलाम एफसीको डेब्युमै उपाधि जित्ने सम्भावना कठिन बन्यो

पोखराले एफसी चितवनलाई १-० ले हराउँदा ललितपुर सिटी एफसीसँग गोलरहित बराबरी खेलेको थियो । तेस्रो खेलमा पोखराले झापा एफसीसँग १-१ गोलको बराबरी नतिजा निकाल्यो । पोखराका सहायक प्रशिक्षक राजेन्द्र तामाङले दोस्रो हाफमा सुधारिएको प्रदर्शन भएको बताए । 'पहिलो हाफमा कमजोर प्रदर्शन भएको थियो, तर दोस्रो हाफमा फर्कियौँ,' केसीले भने । मध्यान्तरपछि मार्की खेलाडी आयुष घलानको प्रवेशले खेल परिवर्तन भएको उनले बताए । 'आयुष मैदानमा छिरेपछि पोखराको खेल र रणनीति नै फरक भयो,' उनले भने, 'उनी हाम्रा मुख्य खेलाडी हुन् ।'



पोखराविरुद्ध इलामका स्ट्राइकर फोडी क्यामारा बल नियन्त्रण गर्ने प्रयासमा । तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

■ पोखराको ड्रेसिङ अशान्त

पहिलो हाफमा सोचेजस्तो नतिजा नआएपछि पोखराको ड्रेसिङ रुमको वातावरण राम्रो बन्न सकेन । विशेषतः विदेशी खेलाडीबीचको आपसी तालमेल नमिल्दा नै ड्रेसिङ रुमको माहोल राम्रो नभएको सहायक प्रशिक्षक तामाङले बताएका छन् । 'मध्यान्तरमा प्राप्त १५ मिनेटको ब्रेकमा विदेशी खेलाडीलाई शान्त पार्न नै कोसिस गरिरहे,' उनले भने, 'उनीहरूलाई नियन्त्रण गर्न गाह्रो छ, विदेशी खेलाडी आफू एक्लैले जसरी पनि गोल गर्न सक्ने ओभर कन्फिडेन्सले पनि यस्तो भएको हो ।' एक प्रशिक्षकका रूपमा खेलाडीलाई सम्झाउने काम गरेको उनको भनाइ छ ।

■ खेलपछि तनावग्रस्त बेन्च

उमेश बिडारीले खेल समाप्त भएको संज्ञा दिएपछि दुवै पक्षका खेलाडी मैदान बाहिरिने क्रम सुरु भएको थियो । इलाम र पोखराका विदेशी खेलाडी सुरुदेखि नै एकआपसमा झगडाको मनासयले प्रतिस्पर्धा गरिरहेका थिए । खेल सकेपछि इलाम र पोखराका विदेशी खेलाडी आपसमा भिड्न खोजेका थिए । पोखराका विदेशी खेलाडी झगडा गर्ने प्रयासमा देखिए । सुरक्षाकर्मीले पटक-पटक रोक्न खोज्दा पनि पोखराका विदेशी खेलाडी झडपकै 'मुड'मा देखिन्थे । करिब पाँच मिनेटको प्रयासमा सुरक्षाकर्मीले स्थिति नियन्त्रणमा लियो । 'विदेशी खेलाडीको रगत नै तातो हुन्छ, कोही जितमा मातेका हुन्छन्, कोही हारले रिसाउने गर्छन्,' पोखराका सहायक प्रशिक्षक तामाङले भने, 'आज यस्तै घटना भएको हो, फुटबलमा यस्तो हुनु सामान्य नै हो ।'

अंक तालिका

क्लब	खेल	जित	बराबर	हार	अंक
पोखरा	४	२	२	०	८
धनगढी	३	२	१	०	७
ललितपुर	४	१	३	०	६
काठमाडौं	३	१	२	०	५
चितवन	३	१	१	१	४
इलाम	४	१	०	३	३
बुटवल	३	१	०	२	३
झापा	३	०	२	१	२
वीरगन्ज	३	०	१	२	१

फागुनमा 'सी' डिभिजन लिगको तयारीमा एन्फा

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ (एन्फा)ले सहिद स्मारक 'सी' डिभिजन लिग आगामी फागुनमा गर्ने तयारी गरेको छ । एन्फा केन्द्रीय कार्यालयमा बुधबार बसेको क्लब र एन्फा पदाधिकारीबीचको छलफलमा लिग फागुनमा गर्ने सहमति भएको हो । एन्फाले यस बर्षको वैशाखमा नै 'सी' डिभिजन लिग गर्ने भनेको थियो । तर, एन्फा र क्लबबीचको आन्तरिक द्वन्द्वका कारण 'सी' डिभिजन हुन सकेन । लिग आयोजना गर्न एन्फाले एक महिनाभित्र 'सी' डिभिजन क्लबको बक्यौता रकम चुक्ता गर्नुपर्नेछ । छलफलमा बक्यौता चुक्ता गर्नुपर्ने र लिग तयारीका लागि पहिलो किस्ताको रकम एक महिनाभित्र उपलब्ध गराउनुपर्ने सहभागी क्लबले माग राखेको 'सी' डिभिजन लिगका संयोजक दिवाकर घलेले नयाँ पत्रिकालाई बताएका छन् । 'एन्फाले दिइएको समयमा लिग हुन्छ तर, क्लबको अहिलेसम्म बाँकी रहेका बक्यौता रकम र तयारी खर्च उपलब्ध हुनुपर्छ,' घलेले भने, 'एन्फाले हाम्रो माग पुरा गरेको अवस्थामा लिग निर्धारित समयमै हुन्छ ।'

सहमतिअनुसार यसपटक 'सी' डिभिजन लिग उपत्यकाबाहिर हुनेछ । छलफलमा 'सी' डिभिजन लिग हेटौँडामा गर्ने प्रस्ताव गरिएको छ । हेटौँडामा भए खाने-बस्ने व्यवस्था एन्फाले गर्नुपर्ने क्लबहरूको माग छ । एन्फाले खाने-बस्ने व्यवस्थाका लागि हेटौँडा उपमहानगरसँग कुरा गर्ने भएको छ । बैठकमा 'सी' डिभिजनका १४ मध्ये १३ क्लबका पदाधिकारी तथा एन्फाबाट महासचिव किरण राई उपस्थित थिए । छलफलमा आरसी ३२ क्वलको अनुपस्थिति रह्यो ।

एन्फाले 'सी' डिभिजन क्लबलाई दिनुपर्ने नौ लाखमध्ये चार लाख ५० हजार रुपैयाँ बक्यौता बाँकी छ । एन्फाले अहिलेसम्म ६ क्लबलाई सबै रकम उपलब्ध गराइसकेको छ । आठ क्लबको बक्यौता रकम दिने तयारीमा एन्फा रहेको छ । 'एन्फाले दिनुपर्ने रकम छिट्टै उपलब्ध गराउनेछ,' बैठकमा सहभागी पदाधिकारीले भने ।

छलफलमा 'सी' डिभिजन लिगमा रहेका क्लबलाई पनि क्लब लाइसेन्सिङ प्रक्रियामा अघि बढाउन छलफल भएको छ । घरेलु फुटबलको महत्त्वपूर्ण प्रतियोगिताका रूपमा रहेको 'सी' डिभिजन लिगअघि एन्टी डोपिङ र इन्टिग्रेटी कार्यशाला आयोजना गरिनेछ । क्लब लाइसेन्सिङका लागि एन्फाले आन्तरिक मापदण्ड तयारी गरिरहेको छ ।

बक्यौता भुक्तानीपछि 'बी' डिभिजन लिग

एन्फाका अध्यक्ष पंकजविक्रम नेम्वाङ आफूमाथिको अविश्वास प्रस्ताव विफल भएपछि फुटबलका विवादित विषय समाधान गर्नेतर्फ लागेका देखिन्छन् । गत महिना हेटौँडामा भएको एन्फाको विशेष साधारण सभामा अध्यक्ष नेम्वाङविरुद्धको अविश्वास प्रस्ताव विफल भएको थियो । करिब एक महिनपछि क्लबलाई दिनुपर्ने बक्यौता र हुन नसकेका प्रतियोगिता आयोजना गर्ने तत्खरमा एन्फा देखिएको छ । यसैबीच 'बी' डिभिजन लिगमा आबद्ध क्लबहरूले बाँकी रकम चुक्ता गरेपछि मात्र लिगमा सहभागी हुने सहमति गरेका छन् ।

'बी डिभिजनको मिति तय गर्ने विषयमा छलफल अघि बढाइएको छ,' बैठकमा सहभागी एक सदस्यले भने, 'एन्फा र हामीबीच सहमति भएको छ, त्यसपछि मात्र 'बी' डिभिजन लिगमा सहभागी हुन्छौं, रकम प्राप्त नहुँदासम्म भाग लिन्नौं ।' दुई वर्षअघि भएको 'बी' डिभिजन लिगको तयारी खर्चमध्ये एन्फाले ६ लाख ५० हजार रुपैयाँ भुक्तानी दिन बाँकी छ । 'बी' डिभिजनमा रहेका १४ मध्ये दुई क्लबले रकम लिइसकेका छन् । रानीपोखरी कर्नर टिम (आरसिटी) र श्रीकुमारी क्लबले एन्फाबाट रकम पाइसकेका छन् ।

एन्फाले बक्यौता रकमका लागि प्रक्रिया अघि बढाएको छ । यसैबीच, 'बी' डिभिजन लिगका संयोजक कुमार राजभण्डारीले क्लबहरूको भुक्तानी नभएसम्म नयाँ मिति तय नहुने जनाएका छन् । 'सबैको बक्यौता भुक्तानी नभएसम्म बी डिभिजन लिग हुन सक्दैन,' उनले भने, 'सबै क्लबको बक्यौता चुक्ता हुनुपर्छ । यसपटकको लिगको तयारीका लागि एन्फाले प्रत्येक क्लबलाई १४ लाख ५० हजार रुपैयाँ दिने जनाएको छ ।

> 'सी' डिभिजन लिगमा सहभागी क्लबलाई एन्फाले नौ लाखमध्ये चार लाख ५० हजार बक्यौता दिन बाँकी छ, बक्यौता चुक्तापछि मात्र 'सी' डिभिजन लिग हुनेछ

प्याराग्लाइडिङमा गम्भीर लापरबाही भएको आरोप

कास्की/ गत वर्ष गण्डकी प्रदेशमा भएको नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत प्याराग्लाइडिङमा गम्भीर लापरबाहीका कारणका खेलाडी निसिम थापाको मृत्यु भएको बुधबार निसिम थापा फाउन्डेसनले पत्रकार सम्मेलन गरी जानकारी दिएको छ । ३० असोज ०७९ मा प्रतियोगिताअन्तर्गत क्रसकन्ट्री प्रतिस्पर्धामा दुर्घटनामा परी नेपाली सेनाबाट सहभागी भएका थापाको मृत्यु भएको थियो । पोखरा- १८ सराङकोटस्थित ब्लु स्काई टेकअप जोनबाट प्रतिस्पर्धाका लागि उडान सुरु गरेको तीन मिनेटमै थापा दुर्घटनामा परेका थिए ।

> गत वर्ष पोखरामा भएको नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत प्याराग्लाइडिङ स्पर्धामा पर्याप्त तयारी नभएको र सुरक्षा मापदण्डलाई ध्यान नदिँदा खेलाडी निसिम थापाले ज्यान गुमाएको दाबी

हतारमा विनातयारी एवं सुरक्षा मापदण्डलाई ख्याल नगरी प्रतियोगिता आयोजना गरेका कारण खेलाडीले ज्यान गुमाएको फाउन्डेसनको भनाइ छ । फाउन्डेसनका अध्यक्ष तथा थापाका बुबा प्रकाश थापाले आयोजकको गम्भीर लापरबाहीले आफ्ना छोराको निधन भएको बताए । 'केसी कन्स्ट्रक्सनभित्र रहेको ब्लु स्काई टेकअफ जोनमा उडान क्षेत्रसँगै रहेर पनि पोखरा महानगरपालिकाको अनुमतिविना दर्शौं हजार धारिला फलामे रडसहितको जोखिमयुक्त संरचना निर्माण गरिरहनु र सोही जोखिम स्थानमा नागरिक उड्डयन प्राधिकरणको अनुमतिविना प्रतियोगिता सञ्चालन हुँदा नै छोराको निधन भयो,' थापाले भने ।

नवौं राष्ट्रिय खेलकुदसम्म आइपुग्दा प्याराग्लाइडिङको नाममा पाइलटहरूको जीवन जोखिममा राखी लाखौं रकम पेस्की लिएर दुरुपयोग गरेको आरोपसमेत फाउन्डेसनका अध्यक्ष थापाले लगाए ।

बास्केटबलको फाइनलमा एन्जल्स हार्ट

नयाँ पत्रिका

एन्जल्स हार्ट र लालीगुराँस नेसनल एकेडेमी (एलएनए) दोस्रो तार्केश्वर मेयर रनिङ सिल्ड खेलकुद प्रतियोगिताअन्तर्गत जुनियर पुरुष बास्केटबलको फाइनलमा प्रवेश गरेका छन् । मनमैजुस्थित घरेलु कोर्टमा बुधबार भएको खेलमा लालीगुराँसले सिद्धार्थ मोडेललाई २५-१५ ले पराजित गऱ्यो । लालीगुराँसको जितमा सर्गम गुरुङले ८ स्कोर योगदान गरे ।

रुपेश पौडेलको ७ स्कोरको सहयोगमा एन्जल्स हार्टले पद्मचक्रलाई २३-१४ ले हरायो । तार्केश्वर नगरपालिकाद्वारा आयोजित प्रतियोगिताको सिनियर महिलामा हिमरश्मि र ल्यान्डमार्क उपाधिका लागि भिड्ने भएका छन् । हिमरश्मिले न्यु एरालाई २०-१५ ले पाखा लगायो ।

हिमरश्मिकी सिर्जना तामाङले ८ स्कोर गरिन् । ल्यान्डमार्कले लालीगुराँसलाई २३-१८ ले पन्छायो । लालीगुराँसकी मिका केसीले १२ स्कोर गरिन् । यसैगरी, पृथ्वीनारायण मावि दोस्रो तार्केश्वर मेयर रनिङ सिल्ड खेलकुद प्रतियोगिताको पुरुषतर्फको भलिबलमा सेमिफाइनलमा प्रवेश गरेको छ । मनमैजुस्थित एन्जल्स स्पोर्टस् एकेडेमीमा भएको खेलमा पृथ्वीले ल्यान्डमार्कलाई २-० को सोझो सेटमा पराजित गऱ्यो ।



हिमरश्मिले मानसिंह धर्म मावि लाई २-१ ले हरायो । नेपाल राष्ट्रिय मावि ले ग्रामसेवा मावि लाई २-० को सोझो सेटमा हराउँदै सेमिफाइनलमा स्थान पक्का गरेका छन् । एन्जल्स हार्ट, लालीगुराँस, पृथ्वीनारायण र मानसिंहले आ-आफ्नो खेल जित्दै सेमिफाइनल यात्रा तय गरे । हिमरश्मिका सनम शेर्पा र लालीगुराँसकी अस्मिता भुजेलले दोस्रो तार्केश्वर मेयर रनिङ सिल्ड खेलकुद प्रतियोगिताको एथलेटिक्सतर्फ ३ हजार मिटर दौडमा बुधबार स्वर्ण जितेका छन् ।

दुवैले १ हजार ५ सय मिटर दौडमा पनि स्वर्ण जितेका थिए । पुरुषमा सनमले निर्धारित दूरी ९ मिनेट ३८.१ सेकेन्डमा पूरा गरे । महिलामा अस्मिताले दूरी तय गर्न ११ मिनेट ५८.४० सेकेन्ड समय खर्चिन् । ल्यान्डमार्ककी सगुनी देवकोटाले रजत तथा हिमरश्मिकी सिर्जना तामाङले कांस्य जिते । महिला दुई सय मिटर दौडमा कौशलकी सुजाश्री विष्टले स्वर्ण जितिन् ।

खेल संक्षेप

रेडियन्ट सेमिफाइनलमा

काठमाडौं/ रेडियन्ट पब्लिक २९औं ज्ञान कार्निभलअन्तर्गत अन्तरविद्यालय महिला बास्केटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ । रेडियन्टले एलआरआईलाई १८-७ ले पराजित गऱ्यो । त्रियोगले ग्रेस एकेडेमीलाई ९-० ले हरायो । रातो बंगलाले ज्ञानोदयलाई २३-१३ ले हराउँदै सेमिफाइनल स्थान सुरक्षित गऱ्यो । पुरुषमा ज्ञानोदयले रेडियन्ट रिडर्सलाई ५६-४० तथा रातो बंगलाले भिएस निकेतनलाई ४४-२२ ले पाखा लगाउँदै क्वार्टरफाइनलमा स्थान बनाए ।

सानलाई अझ मजबुत बनाउनुपर्ने

काठमाडौं/ राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्यसचिव टंकलाल घिसिङले नेपाल खेलकुद विज्ञान प्रतिष्ठान (सान) लाई अझ मजबुत ढंगले अगाडि बढाउनुपर्ने बताएका छन् । सातदोबाटोस्थित अन्तर्राष्ट्रिय खेलकुद परिसरमा भएको बैठकमा सदस्यसचिव घिसिङले राज्यका विभिन्न निकायसँग समन्वय गरी सानलाई वैज्ञानिक ढंगले अगाडि बढाउँदै मजबुत बनाउनुपर्नेमा जोड दिएका हुन् । घिसिङले बैठकमा सरोकारवाला सबै संग छलफल गरेर खाका तयार पार्नुपर्ने निर्देशन दिएका छन् ।

कान्तिपुर शीर्ष स्थानमा

काठमाडौं/ कान्तिपुर भ्याली पिङपोङ क्लब स्ट्याग ग्लोबल टेबलटेनिस लिग च्याम्पियनसिपको दोस्रो दिन बुधबारको खेल सकिँदा शीर्ष स्थानमा छ । स्ट्याग च्याम्पियन्स टेबलटेनिस एकेडेमीको आयोजनामा भइरहेको प्रतियोगितामा कान्तिपुरले ४४ स्कोर गरेको छ । आयोजक स्ट्याग ४३ तथा नेपाल प्रहरी क्लब ४१ स्कोरका साथ दोस्रो र तेस्रो स्थानमा छन् । नेपाल एपिएफ क्लबले ३१ स्कोर गरेको थियो ।

घोडाघोडी ४१ रनले विजयी

तेजराज भट्ट/नयाँ पत्रिका

लिटल फ्लावर प्रिमियर लिग (एलपिएल) अन्तर्गत बुधबार भएको खेलमा कैलालीको घोडाघोडी क्रिकेट एकेडेमी र कैलाली जिल्ला क्रिकेट क्लब विजयी भएका छन् । पहिलो खेलमा घोडाघोडी क्रिकेट एकेडेमीले लिटल फ्लावर स्कुल धनगढीलाई ४१ रनले पराजित गऱ्यो । पहिलो ब्याटिङ गरेको घोडाघोडीले १९.५ ओभरमा सबै विकेट गुमाएर १२७ रनको योगफल बनायो । घोडाघोडीका नरेश सुनारले सर्वाधिक ३४ रन बनाए । लिटल फ्लावरका दिनेश अधिकारीले ३.५ ओभरमा १७ रन खर्चिएर ४ विकेट लिए ।

१२८ रनको लक्ष्य पछ्याएको लिटल फ्लावरले १६.५ ओभरमा ८६ बनाउँदै सबै विकेट गुमायो । लिटल फ्लावरका लागि मनीष थापाले सर्वाधिक १७ रन बनाए । घोडाघोडीका अशोक धामीले पाँच विकेट लिँदै लिटल फ्लावरको इनिङ्स धराशयी बनाए । अर्को खेलमा कैलाली जिल्ला क्रिकेट क्लबले खप्तड इन्डोर स्पोर्टस् ट्रेनिङ सेन्टर कैलालीलाई ३४ रनले पराजित गऱ्यो । पहिलो ब्याटिङ गरेको कैलालीले २० ओभरमा ७ विकेट गुमाएर १३९ रन बनाएको थियो । कैलालीका ओपनर डबल ऐरले अर्धशतकीय पारी खेल्दै अविजित ५४ रन बनाए ।

ऐरले ५२ बलमा ४ चौका र २ छक्का प्रहार गरे । लक्ष्य पछ्याएको खप्तडले १७.४ ओभरमा १०५ रन बनाउँदा सबै विकेट गुमायो । खप्तडका लागि प्रकाश पाण्डेले सर्वाधिक २६ र अभिषेक थापाले २० रन जोडे । कैलालीका बलर नरेन साउदले ४ विकेट लिए । उनले ३ ओभरमा १५ रन खर्चिए । त्यस्तै, दीपक टमाटाले दुई विकेट लिए ।

मेसी बने टाइम एथलेट अफ द इयर

तीन दशकपछि अर्जेन्टिनालाई विश्व च्याम्पियन बनाउनुका साथै अमेरिकामा फुटबल कल्चर बढाउन गरेको योगदानस्वरूप मेसी टाइमको २०२३ वर्ष खेलाडी बनेका हुन्

एजेन्सी

गत अक्टोबरमा कीर्तिमानी रूपमा आठौँपटक फिफा बालोन डि'अर उपाधि जितेका अर्जेन्टिनी कप्तान लियोनल मेसी टाइम एथलेट अफ द इयर- २०२३ घोषित भएका छन् । अमेरिकाको चर्चित पत्रिका टाइमले यसपटक एथलेट विधामा मेसीलाई चुनेको हो । टाइमको एथलेट अफ द इयर घोषित हुने मेसी पहिलो पुरुष फुटबलर बनेका छन् । २०१९ मा सुरु भएको यो अवार्ड अमेरिकी महिला फुटबल राष्ट्रिय टोलीका लेब्रोन जेम्स, सिमोन बाइल्स र एरन जजले जितेका छन् ।

मेसीले गत वर्ष विश्वकपमा च्याम्पियन अर्जेन्टिनाले विश्वकपको यसमा धेरै रह्यो । कारण कतारको दोहामा भएको फिफा अर्जेन्टिनालाई विश्व बनाएका थिए । तीन दशकपछि ट्रफी चुमेको थियो । योगदान कप्तान मेसीकै उनको जादुमयी खेलका अर्जेन्टिनाले फाइनलमा तत्कालीन साबिक विजेता फ्रान्सलाई टाइब्रेकरमा हराएको थियो ।



विश्वकप जितेको ३ सय ५२ दिनपछि टाइमले एथलेट विधाको विजेता घोषणा गरेको हो । कतार विश्वकपमा मेसीले सात गोल गरेका थिए । उनी फाइनलमा महत्त्वपूर्ण दुई गोलसमेत गर्न सफल भए । विश्वकपकै उनी सर्वोकृष्ट खेलाडी बनेका थिए । यसै अद्भुत प्रदर्शनको समीक्षा गर्दै टाइमले मेसीलाई यस वर्षको एथलेट वर्ष खेलाडी घोषणा गरेको जनाएको छ ।

अहिले व्यावसायिक रूपमा मेसी अमेरिकी लिगमा आबद्ध छन् । ईग्लिस फुटबलका आइकोनी खेलाडी मानने डेभिड बेकह्यामको लगानीमा रहेको इन्टर मियामीमा मेसी यसै वर्ष अनुबन्धित भएका थिए । यसअघि उनी फ्रान्सको पेरिस जेन्ट जर्मेन (पिएसजी)मा थिए । पिएसजीसँगको सम्झौता नवीकरण नगरी उनी अमेरिकन लाइफ स्टायल र त्यहाँको फुटबल कल्चर विकास गर्न नै मियामीमा आबद्ध भएका हुन् । उनको आगमनसँगै अमेरिकाको मेजर लिग सकर लिगको क्रेज ह्वात्तै बढेको छ ।

■ अमेरिकामा फुटबल क्रेज बढाउँदै मेसी

मेसीको खेल हेर्न पनि रंगशाला फुल हाउस हुने गरेको छ । मेसीको आगमनमा इन्टर मियामीले इतिहासमै पहिलो ट्रफीका रूपमा लिग्स कप हात पारेको थियो । यो ६ महिनाभित्र मेसी अमेरिकामा ब्रान्ड नै बनेका छन् । टाइमले विश्वकपबाहेक अमेरिकामा फुटबल विकास र यसको क्रेज बढाउन ठूलो योगदान गरेका कारण पनि वर्ष खेलाडी घोषणा गरेको जनाएको छ ।

गत जुलाईमा मेजर सकर लिगमा अनुबन्ध भएका मेसीले सबैखाले प्रतियोगितामा गरी १४ खेलमा ११ गोल गरेका छन् । 'मेसीले यस वर्ष असम्भव देखिने उपलब्धि हासिल गरेका छन् । जब उनले इन्टर मियामीसँग सम्झौता गर्नु नै सबैभन्दा ठूलो पक्ष रह्यो,' टाइमले जनाएको छ, 'यति मात्र नभएर उनी अमेरिकालाई एउटा फुटबल देशका रूपमा चिनाउन सफल भएका छन् ।'

फुटबलको मार्केट नभए अमेरिका २०२४ को कोपा अमेरिका र २०२६ को फिफा विश्वकप आयोजनाको तयारीमा छ । यी दुई महत्त्वपूर्ण आयोजना सफल बनाउन मेसीको भूमिका महत्त्वपूर्ण रहने टाइमले जनाएको छ । '



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com